प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७.प्रहरी द्वैमासिक पत्रिका २०७७ बैशाख–जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट:www.nepal-police.gov.npरnepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

ISSN 2661-6122

प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६१, अङ्क ६ फागुन - चैत २०७७

कोभिड-१९ विरुद्ध खोप लगाउदै नेपाल प्रहरी ।

महाशिवरात्रीको अवसरमा नागरिकलाई सेवा प्रदान गर्दै नेपाल प्रहरी ।

सम्पर्क
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

हातेमालो गर्दै बढौ गन्तव्य अब टाढा छैन,
नागरिक र प्रहरी मिले न्याय पाउन गाह्रो छैन ।

नेपाल प्रहरी

प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६२ अङ्क : ६ २०७५ फागुन-चैत

प्रमुख सल्लाहकार
प्र.व.उ. बसन्त बहादुर कुवँर

सल्लाहकार
प्र.उ. सुवास चन्द्र बोहरा
प्र.उ. रमेश थापा

प्रधान सम्पादक
प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक
प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर
प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण
अनुराग

प्रकाशक
प्रहरी प्रधान कार्यालय, नक्साल ।

सम्पादकीय . .

लागूऔषध नियन्त्रणमा चुनौती

लागूऔषध संगठित रूपमा हुने व्यक्ति, समाज र मानवताविरूद्धको गम्भीर अपराध हो । यसको अवैध खेती, उत्पादन, ओसारपसार, सेवन, सञ्चय र बेचबिखन गैरकानूनी कार्य हो । यसको प्रयोग र असर विश्वव्यापी रूपमा फैलिएर संगठित अपराधको रूपमा सुरक्षाको ठूलो चुनौतीको रूपमा देखा परेको छ । कानून कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पाएको नेपाल प्रहरीले यस्ता कार्य नियन्त्रण गर्न र अपराधीलाई कानूनको दायरामा ल्याउन पछिल्लो समयमा देखाएको सक्रियता, प्रविधिको प्रयोग र नागरिकसँगको सहकार्यले ठूलो संख्यामा लागूऔषध कारोबारी पक्राउ परी कानूनी दायरामा आएका छन् ।

गत पुस, माघ, फागुन गरी त्रैमासिक अवधिमा मात्रै देशभर १ हजार ३ सय ७५ जना पुरूष र ७४ जना महिला गरी जम्मा १ हजार ४ सय ४९ जना मानिस अवैध लागूऔषध सहित पक्राउ परेका छन् । तीमध्ये ६० जना विदेशी नागरिक रहेका छन् । उनीहरूबाट ठूलो परिमाणमा विभिन्न प्रकारका लागूऔषध बरामद भएको छ । यससम्बन्धी तथ्याङ्क विश्लेषण गर्दा नेपाल प्रहरीको सक्रियताका कारण पक्राउ पर्नेहरूको संख्या दैनिक बढेको देखिन्छ, जसबाट कारोबारीहरू कानूनी कठघरामा पर्ने डरले यस्ता अपराध गर्न निरूत्साहित समेत भएका छन् ।

लागूऔषधको अवैध खेती, उत्पादन, ओसारपसार, सेवन, सञ्चय र बेचबिखन रोकथाम तथा नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी

ल्याउने उद्देश्यले लागूऔषध नियन्त्रण ऐन, २०३३, लागूऔषध नियन्त्रण सम्बन्धी नीति, २०६३ र लागूऔषध नियन्त्रण रणनीति, २०६६ को व्यवस्था भई कार्यान्वयनमा आए । गृह मन्त्रालयले गृह प्रशासन सुधार योजना २०७४ अन्तर्गत बुँदा नम्बर ७३ देखि ७६ सम्म लागूऔषध सम्बन्धी नीति तथा योजना समावेश गरी लागूपदार्थ निषेध तथा मदिरा नियन्त्रण अभियान २०७५ सञ्चालनमा ल्यायो । यस्ता नीति तथा कार्यक्रमले लागूऔषध नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुँदै आएको छ ।

लागूऔषध सेवन तथा कारोबारमा संलग्न व्यक्तिको सामाजिक प्रतिष्ठा गुम्ने र आर्थिक अवस्था कमजोर बन्छ । स्वास्थ्यमा गम्भीर समस्या आउनुको साथै सुधार केन्द्रमा बस्नु पर्ने हुन्छ । शारीरिक एवं मानसिक अवस्थालाई नकारात्मक असर पार्छ । मानिसको अकालमै मृत्यु हुन सक्छ । परिवार छिन्नभिन्न हुन सक्छ । दुर्व्यसनमा फसी देशका कर्णधार युवाका जीवनमा विविध समस्या आई लाग्छन् । समाजमा विकृति विसङ्गति फैलिन्छ । पैसाको अभावमा सेवनकर्ताहरू चोरी, डकैती, हत्याजस्ता अपराध गर्न पछि पर्दैनन् जसले समाज र सुरक्षाकर्मीमा चुनौती थप्छ । आपसी सम्बन्ध र सहिष्णुतामा प्रतिकूल प्रभाव पार्दछ । कालान्तरमा व्यक्तिको मात्र होइन राष्ट्रकै आर्थिक समृद्धि, विकास र उन्नतिमा गम्भीर असर पर्दछ ।

देशलाई रसातलमा पुऱ्याउने यस्तो हानिकारक तत्वको नियन्त्रण गर्न निकै चुनौती छन् । यस्ता चुनौती सामना गर्दै संलग्नलाई पक्राउ गरी कारबाही गर्ने, उत्पादन र बिक्री वितरणमा निग्रानी राख्दै कानून कार्यान्वयनमा अझै बढी कडाई गर्नु आवश्यक छ । लागूऔषधसम्बन्धी सचेतनामूलक कार्यक्रमलाई देशका कुनाकन्दरामा पुऱ्याउनु पर्छ । यसका लागि परिवार, समाज, विद्यालय र सरोकारवाला निकाय, सरकारी तथा गैरसरकारी संघ संस्थाको भूमिका महत्वपूर्ण रहन्छ । साथै लागूऔषध अपराधीहरूको सञ्जालविरूद्ध लड्न संसाधनयुक्त र दक्ष जनशक्तिसहित उपयुक्त नीति कार्यान्वयनमा ल्याई थप प्रभावकारिता ल्याउन जरूरी छ । अपराधमा हुने नयाँ प्रविधिको प्रयोगसँगै थपिएका चुनौतीको सामना गरी सफलता हासिल गर्न नवीन प्रविधिको उपयोग गर्दै राष्ट्रिय, अन्तर्राष्ट्रिय सहयोग र समन्वयलाई सशक्त बनाउनु अपरिहार्य देखिन्छ ।

अन्त्यमा, २०७७ साल हामीबाट बिदाइ हुँदैछ । कोभिड-१९ को कहरमा रूमलिनु परे पनि हामीले आफ्नो कर्मलाई एक इञ्च पछाडि सर्न दिएनौं । त्यस विषम परिस्थितिमा समेत वर्षभरि प्रहरी द्वैमासिकमा आफ्ना अमूल्य लेख रचना पठाई सहयोग गर्नुहुने सम्पूर्ण प्रवुद्ध लेखक तथा साहित्यकार ज्यूहरूमा प्रहरी द्वैमासिक परिवार हार्दिक आभार व्यक्त गर्दछ । साथै नयाँ वर्षको सुरूवातसँगै आगामी दिनमा पनि निरन्तर सहयोग, सद्भाव र समन्वयको अपेक्षा गर्दछौं ।

विषयक्रम

व्यावसायिक सामग्री

♦ थुनछेक आदेश सम्बन्धी कानूनी व्यवस्था	✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी	१
♦ संगठित आपराधिक समूहको संलग्नता...	✍ प्र. ना. उ मोहन कुमार थापा	३२
♦ नेपाल प्रहरी २ आम सञ्चार बिचको सम्बन्ध	✍ प्र. नि. जनार्दन घिमिरे	४७
♦ छरितो काम २ सहजताको साथी सूचना	✍ घन बहादुर थापा	५७
♦ प्रलोभनको परिणाम	✍ प्र नि भोजराज पाण्डेय	७७
♦ धर्मपुत्र धर्मपुत्री सम्बन्धी कानूनी व्यवस्था	✍ प्र ना नि सरस्वती बुढाथोकी	८४

साहित्य / विविध

♦ मानव जीजनको वास्तविक लक्ष्य	✍ पूर्व प्र ना म नि ई महेशसिंह कवायत	११
♦ फरार	✍ हरि प्रसाद भण्डारी	१५
♦ रिस (क्रोध) माथि नियन्त्रण	✍ पूर्व प्र व उ विक्रम गुरुङ	१६
♦ भूत २ वर्तमान	✍ गोपाल चन्द्र भट्टराई	२१
♦ नो लकडाउन बुहारी	✍ देवकी के. सी	४३
♦ नियति-चक्र	✍ बद्री प्रसाद ढकाल	५१
♦ जीवन दर्शन	✍ अच्युत प्रसाद पौडेल 'चिन्तन'	६१
♦ बालकपन	✍ शेखर अर्याल 'शैतिक'	६८
♦ नेपालका प्रथम वैज्ञानिक : गेहेन्द्र शमशेर	✍ राजेशमान के. सी	७०
♦ उ २ उसको कथा	✍ शशी श्रेष्ठ	७४
♦ बिल	✍ श्रीराम राई	८३
♦ योग्यता	✍ लीलाराज दाहाल	८८
♦ खोप्रेली बाको मृत्यु	✍ यशु श्रेष्ठ	८९
♦ विकासमा महिला समूहको योगदान	✍ सुदर्शन अधिकारी	९१
♦ दार्शनिक कन्फ्युसियस मेमोरियल.....	✍ मौनता थापा	९५

♦भगेलीको देउता	✍ प्र स नि अर्याल	९९
♦सम्बन्ध	✍ टिकाराम दुलाल	१०४
♦सफासुग्घर	✍ अरुण खत्री 'नदी'	१०६
♦दोस्रो पटक रोएको दिन	✍ प्र स नि बल बहादुर थापा मगर	१०९

गीत / कविता/ गजल

♦ कविता	✍ मनिष प्रयत्न	१०
♦ मान्छे	✍ प्र. ह मान बहादुर बोहरा	२०
♦गीत	✍ होम थापा	४२
♦ पृथ्वी जयन्ती	✍ उर्मिला पन्त पाण्डेय	४६
♦ गीत	✍ दिपक विश्वकर्मा	५०
♦जीवन एक रङ्ग अनेक	✍ बिन्दु अधिकारी ढकाल	५६
♦ गजल	✍खेमराज खनाल	६०
♦ पल्लवी	✍ सरिता पौडेल गुरागाई	६७
♦यो अमूल्य जीवन	✍ इन्द्र कुमार श्रेष्ठ	६९
♦मुक्तक	✍ टीकाराम उदासी	९०
♦तिम्रो मुटु दुखेन २ ?	✍ उद्धव प्रसाद प्याकुरेल	९८
♦गजल	✍ युगीन रेग्मी	१०३
♦मैले म बन्नु छ	✍ उमेश अवस्थी	१०८

स्थायी स्तम्भ

♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी	सङ्कलन : प्र ना नि संगिता कार्की	११०
♦इतिहासको पानाबाट		१११
♦रसबस	सङ्कलन : प्र ह शरणजंग भण्डारी	११२
♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु	सङ्कलनः प्र स नि जनक आचार्य	११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

थुनछेक आदेश सम्बन्धी कानूनी व्यवस्था

✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी

पृष्ठभूमि

नेपाल सरकार वादी हुने फौजदारी मुद्धामा अदालत समक्ष अभियोगपत्र दायर भएपछि सो मुद्धाको सुनुवाइ अभियुक्तलाई थुनामा राखेर वा धरौटी वा जमानत लिएर वा साधारण तारेखमा राखेर गर्ने भन्ने विषयमा अदालतले गरेको आदेश थुनछेक आदेश हो । सरकार वादी फौजदारी मुद्धा दर्ता भए पछि अभियोगपत्र साथ पेश भएका अभियुक्तको अदालतमा बयान कार्य हुन्छ । फरार रहेका अभियुक्तको हकमा उनीहरू पक्राउ भएपछि वा हाजिर भएपछि अदालतमा बयान कार्य हुन्छ । त्यस्ता मुद्धामा अभियुक्तको बयान कार्य सकिएपछि सो मुद्धाको सुनुवाइको क्रममा (फैसला नहुँदासम्म) कसूरदारलाई कहाँ राख्ने र कसरी रहन दिने भन्ने विषयमा अदालत वा न्यायिक निकायले दिने आदेश नै थुनछेकको आदेश हो । थुनछेक आदेश हुँदा थुनामा राखी मुद्धाको पुर्पक्ष गर्ने आदेश भएमा सो थुनाको अवधिलाई न्यायिक हिरासत (Judicial Custody)भनिन्छ ।

मानिस स्वतन्त्र प्राणी हो । उसलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुरक्षित हुन्छ । सम्मानपूर्वक बाँच्न पाउने हक भित्र केबल बाँच्ने मात्र नभई व्यक्तिको शरीर तथा शरीरका विभिन्न अङ्ग प्रत्यङ्ग उपरको हक समेत समाविष्ट रहेको हुन्छ । स्वतन्त्रतापूर्वक आफ्नो मस्तिष्क तथा शरीरको विकास गर्न पाउने वातावरणको सुनिश्चितता हुनु पर्दछ । कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता आधारभूत अधिकार हो । कानूनको अख्तियारी र आवश्यक कार्यविधि पूरा गरेर मात्र व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न सकिन्छ ।[१] व्यक्तिलाई थुनामा राख्ने

१.संविधान सभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६, संविधान सभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संसद-भवन, सिंहदरबार, काठमाडौं, पृ. २०२ ।

कार्यलाई अन्तिम विकल्प (Last Resort) को रूपमा लिइनु पर्दछ । मुद्धा सुनुवाइको क्रममा प्रतिवादी अनुपस्थित हुन सक्ने, आफ्ना विरूद्धका प्रमाण लोप गर्न सक्ने र फरार भई निर्णय कार्यान्वयन हुन नसक्ने आदिका आधारमा गम्भीर र जघन्य प्रकृतिका कसूरमा संलग्न कसूरदारलाई थुनामा राखी मुद्धाको कारबाही गरिने कानूनी व्यवस्था गरिएको छ । फौजदारी मुद्धालाई वर्गीकरण गर्ने क्रममा जमानत लिन मिल्ने (bailable offences) र जमानत लिन नमिल्ने (non-bailable offence) गरी समेत वर्गीकरण गर्ने गरिन्छ ।

अपराधको प्रकृति, गम्भीरता, कसूरदारको अवस्था, कसूरमा संलग्नता आदि समेतका आधारमा थुनछेक आदेश गरिन्छ । अदालतमा अभियोगपत्र पेश भए पछि न्यायाधीश समक्ष अभियुक्तको बयान गरिन्छ । बयान सकिए पछि सो मुद्धाको सुनुवाइ कसरी गर्ने भन्ने सन्दर्भमा थुनछेक आदेश गरिन्छ । थुनछेक आदेश अभियुक्तलाई थुनामा राखी वा धरौटी वा जमानतमा राखी वा साधारण तारिखमा राखी गर्ने भन्ने विषयमा दुवै पक्षको तर्फबाट बहस समेत सुनी अभियोगपत्र साथ पेश भएका तत्काल प्राप्त प्रमाण समेतका आधारमा गरिन्छ ।

कसूर प्रमाणित नभएसम्म अभियुक्तलाई निर्दोष अनुमान गर्नु पर्ने फौजदारी न्यायको सिद्धान्त हो । अपराध र अपराधीबाट समाज र व्यक्तिलाई बचाउनु, प्रमाण लोप गर्ने सम्भावनाको अन्त्य गर्नु, पीडितको सुरक्षा र फैसलाको कार्यान्वनलाई सहज तुल्याउन आदि समेतका आधारमा थुनछेक सम्बन्धी व्यवस्था अवलम्बन गरिएको हो । थुनामा राखिँदा व्यक्तिको वैयक्तिक अधिकार निलम्बित हुन्छ । त्यसकारण थुनछेक आदेश गर्दा सङ्कलित प्रमाण, कसूरसँग सम्बन्धित कानून, कसूरको गम्भीरता, पीडितको अवस्था, कसूर गर्दाको परिस्थिति, घटनाले पीडित र समाजमा पारेको प्रभाव, कसूरदारको अवस्था आदिका आधारमा गर्नु पर्दछ ।

थुना

अभियुक्तलाई थुन्नु पहिलो र अनिवार्य शर्त होइन । अन्तिम विकल्पका रूपमा अभियुक्तलाई थुनामा राख्ने आदेश गर्नु पर्दछ । अभियोग स्थापित नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्ने मान्यताका आधारमा थुनछेक सम्बन्धी आदेश गर्नु पर्दछ । मुद्धाको पुर्पक्षको क्रममा कुनै व्यक्तिलाई थुनामा राखी कारबाही गर्नु पर्नाका निश्चित कारणहरू रहेका छन् । थुनामा राखी मुद्धाको पुर्पक्ष गर्ने आधारको रूपमा कसूरको गम्भीरतालाई लिने गरिन्छ भने

फैसला कार्यान्वयनलाई सहज र सम्भव बनाउने, पुनः अपराध गर्न नपाउने अवस्था सिर्जना गर्ने, प्रमाण लोप हुन नदिने, अभियुक्त अदालतमा उपस्थित हुने कुरा सुनिश्चित गर्ने, अपराधीप्रतिको सामाजिक आक्रोशलाई कम गर्ने, पीडित पक्षलाई तात्कालिक रूपमा सन्तोष दिलाउने र आक्रमणबाट रोक्ने, आरोपित व्यक्तिको सुरक्षाका लागि, साक्षीको सुरक्षाका लागि पुर्पक्षका क्रममा थुनामै राख्नुपर्ने विश्वव्यापी मान्यता हुन्छ ।[२]

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) मा जन्म कैदको सजाय हुन सक्ने कसूर, तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर, वा उल्लिखित कसूरको उद्योग, दुरूत्साहन वा अपराधिक षड्यन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्न सक्ने व्यवस्था गरिएको छ ।

यसैगरी सोही दफाको उपदफा (२) मा अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्धाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिव देखिएको, एक वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा, अदालतबाट जारी भएको पक्राउ पुर्जी बमोजिम अभियुक्त पक्राउ भई आएको र निजले अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा र अभियोग लाग्नु भन्दा तीन वर्ष अघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएको कैदको सजाय हुन सक्ने अभियुक्तलाई थुनामा राख्न सकिने व्यवस्था गरिएको छ । तर दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागी अशक्त भएको वा सात महिना भन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो

२.राष्ट्रिय न्यायिक प्रतिष्ठान, (२०७०), फौजदारी मुद्धाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता, २०६७ दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. १४० ।

अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारेखमा छोड्न सक्ने व्यवस्था छ ।[३]

उल्लिखित व्यवस्था अनुसार जघन्य र गम्भीर प्रकृतिका मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची -१ वा अनुसूची-२ अन्तर्गतका कसूर, त्यस्ता कसूरको उद्योग, दुरूत्साहन वा अपराधिक षड्यन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्न सकिने अवस्था देखिन्छ । तर थुनामा राख्दा प्रमाणका आधारमा उचित आधार कारण उल्लेख गरी राख्नु पर्दछ ।

धरौटी/जमानत

जमानत देवानी मुद्धामा विगोका सम्बन्धमा वा फौजदारी मुद्धाको पुर्पक्षको सिलसिलामा कारणीले तिर्न बुझाउन पर्ने अनुमानित वा सम्भावित दायित्व बहन गराउनका लागि वा निजको उपस्थिति सुनिश्चित गर्नका लागि अग्रिम रूपमा लिइने प्रत्याभूति हो । तोकिएको स्थान र समयमा उपस्थित हुने र अदालतको फैसलाप्रति आफूलाई समर्पित गर्नेछु भनी जिम्मा लिई कुनै व्यक्तिलाई कानूनी नजरबन्दी वा गिरफ्तारीबाट छुटाउनु जमानत हो ।[४] जमानत शंकित वा अभियुक्तको उपस्थितिको प्रत्याभूति हो । पक्राउ र थुनाबाट सशर्त छुट्न पाउने अवस्था धरौट जमानत हो । पुर्पक्ष पूर्व, पुर्पक्ष चरण र पुर्पक्ष पश्चातको थुना मुक्ति हो धरौटी, जमानत । धरौटी, जमानतमा छाड्दा निश्चित शर्तहरू तोकिएको हुन्छ । ती शर्तहरू उल्लङ्घन भएमा सुरक्षण वापत राखिएको धरौटी, जमानत जफत हुन्छ ।

(क) धरौटी

शंकित र आरोपित व्यक्तिलाई पछि तिर्नुपर्ने वा कैदमा बस्नुपर्ने भएमा कट्टा हुने गरी अदालतमा जम्मा गरिने सुरक्षण वापतको रकम धरौटी हो ।[५] धरौटी पक्षले आफ्नो तर्फबाट नगदै दाखिल गर्दछ । अदालतको आदेश वा फैसलाले तिर्न वा बुझाउन पर्ने रकम नगदै दाखेल गरेमा धरौटी भनिन्छ । धरौटी अड्डा अदालतमा कारणीले तिर्न

३.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (३) ।
४.कानूनी शब्दकोष, टोपबहादुर सिंह, पृ.२१५ ।
५.नृपध्वज निरौंला, (२०७५), "मुद्धामा लिइने धरौट जमानत सम्बन्धी व्यवस्था र प्रयोग", अभियोजन जर्नल, महान्यायाधिवक्ताको कार्यालय, पृ.८९ ।

बुझाउन पर्ने आर्थिक दायित्व वा उपस्थित हुनुपर्ने दायित्वको प्रत्याभूति हो । अदालतबाट मागिएको धरौटी रकम कारणी आफैंले नगद जम्मा गर्न नसकेमा उसले वा उसको तर्फबाट अरू कसैको जग्गा जमानत राखेमा वा बैङ्क जमानत राखेमा त्यो जमानतमा परिणत भएको भनिन्छ । नगद वा सो वापत जमानत माग गर्ने गरी अदालतबाट आदेश भएकोमा नगद धरौटी वा बैङ्क जमानत मध्ये कुन प्रकृतिको जमानत दिन चाहेको हो स्पष्ट रूपमा खुलाई अदालतमा निवेदन दिनु पर्दछ ।[६] धरौटी दिने व्यक्तिलाई गराइने कागजको ढाँचा मुलुकी कार्यविधि संहिता, २०७४ को अनुसूची-२९ मा रहेको छ ।

(ख) जमानत

जमानी अदालतको आदेश वा फैसलाबाट तिर्न वा बुझाउन पर्ने रकम नगदै राख्न नसकी सो धरौटी बराबरको जग्गा वा बैङ्क जमानत कारणीको जिम्मेवारी बहनको प्रत्याभूतिका रूपमा राख्नुलाई जमानत भनिन्छ । जमानत पनि अड्डा अदालतमा व्यक्तिले तिर्न बुझाउन पर्ने आर्थिक दायित्व वा उपस्थित हुनुपर्ने दायित्वको प्रत्याभूति नै हो । सुरक्षण वापत दिइएको वस्तुलाई जमानत र त्यस्तो जमानत दिन वा दायित्व स्विकार गर्ने व्यक्तिलाई जमानी भनिन्छ । जमानी अरबी शब्द हो । जमानी शब्दले कुनै अपराधीलाई तोकिएको समयमा अदालतमा उपस्थित हुने दायित्व बोध गराउँछ ।[७]

अभियोजन गरिएको अभियुक्तलाई अदालत वा न्यायिक निकायले थुनामा नराखी धरौट, जमानत वा बैङ्क जमानतमा राख्ने भन्ने आदेश गरेको अवस्थामा यो व्यवस्था आकर्षित हुन्छ । जमानत भन्नाले मागिएको धरौट वा जमानत वापत जेथा वा बैङ्क ग्यारेण्टीका रूपमा जमानी लिने कार्य हो । धरौट नगदको रूपमा र जमानत प्रत्याभूतिको रूपमा रहेको हुन्छ । अभियुक्तको उपस्थितिको प्रत्याभूतिको लागि नगद वा जेथा वा यस्तै सुरक्षण लिई थुनामुक्त गर्ने कार्यलाई जमानत भनिन्छ । जथाभावी पक्राउ नगर्ने र थुनामा नराखिने तथा आरोप अदालतबाट प्रमाणित नभएसम्म निर्दोष मानिने जस्ता विषय मानव अधिकार सम्बन्धी लिखतमा व्यवस्थित विषय भएका हुन् ।[८] जमानत सम्बन्धी विषय

६.धरौटी तथा जमानी निर्देशिका, २०७५ को दफा ६ ।

७.ज्ञानेन्द्रबहादुर श्रेष्ठ, (२०६२), कार्यविधि कानूनको रूपरेखा, (ते. सं.), पैरवी प्रकाशन, पृ. ५७० ।

८.पूर्वपाद टिप्पणी २, नेपाल, पृ. १४१ ।

व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धित छ । यसैले व्यक्तिगत स्वतन्त्रताको अवधारणासँगै जमानतको अवधारणा पनि विकास भएको मानिन्छ । कतिपय मुलुकमा जमानतलाई अधिकारकै रूपमा पनि लिइन्छ ।

प्रायःजसो मुलुकमा जमानत माग्ने आधार अपराधको प्रकृति र गाम्भीर्यता, अपराध गरेको विश्वासिलो आधार, दण्ड कार्यान्वयनको सुनिश्चितता, अदालतमा उपस्थितिको सम्भावना, अभियुक्तको चरित्र, साक्षीलाई प्रभाव पार्ने सम्भावना, अन्य अपराध गर्ने सम्भावना, अभियुक्तले पहिले अपराध गरे वा नगरेको आधारमा कसूर ठहर्न सक्ने सम्भावना आदि रहेका हुन्छन् ।[९] अदालतमा नगदै धरौटी राख्न चाहने वा बैङ्क जमानत दिने व्यक्तिले देहायका कुराहरू खुलाई अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्ने पर्दछ :[१०]

(क) मुद्दामा प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षको नाम, थर र वतन,

(ग) मुद्दाको नाम,

(घ) अदालतको नाम,

(ङ) धरौट माग गर्ने आदेश वा फैसला मिति,

(च) धरौट माग गरिएको रकम,

(छ) अन्य आवश्यक कुराहरू ।

अनुसन्धानको सिलसिलामा प्रहरी हिरासत (Police Custody) मा रहेको अवस्थामा समेत धरौट वा जमानत लिन सकिन्छ । कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले धरौट वा जमानतमा वा कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छोड्न सक्ने व्यवस्था गरेको छ । यसका लागि सरकारी वकीलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी अनुसन्धान अधिकारीले गर्ने व्यवस्था छ ।[११]

संहिताको दफा ६७ को अवस्थामा हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्ने व्यवस्था गरिएको छ ।[१२] थुनछेकको आदेशबाट माग गरिएको धरौट, जमानत वा बैङ्क जमानत अभियुक्तले बुझाउन

९.ऐजन, पृ. १४१ ।

१०.धरौटी तथा जमानी निर्देशिका, २०७५ को दफा ७ र ११ ।

११.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ ।

१२.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ ।

नसकेमा थुनामा बसी मुद्धाको पुर्पक्ष गर्नु पर्ने हुन्छ । कुनै अभियुक्तबाट लिएको धरौट, जमानत वा बैङ्क जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्ने र थप धरौट, जमानत वा बैङ्क जमानत दिन नसकेमा त्यस्तो अभियुक्तलाई अदालतले थुनामा राख्न सक्ने कानूनी व्यवस्था छ ।[१३] जमानतको रूपमा जेथा र बैङ्क जमानत समेत लिने व्यवस्था संहितामा गरिएको छ । बैङ्क जमानतको अभ्यास सामान्य अदालतबाट लिने व्यवस्था हाम्रो लागि नयाँ अभ्यास हो । साविकको मुलुकी ऐनमा बैङ्क जमानतको व्यवस्था गरिएको थिएन ।

जेथा जमानतका लागि निवेदन दिँदा देहायका कुराहरू खुलाई निवेदन दिनु पर्दछ :[१४]

१.मुद्धामा आफू प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

२.विपक्षको नाम, थर र वतन,

३.मुद्धाको नाम,

४.अदातलको नाम,

५.जमानत माग गर्ने आदेश वा फैसला मिति,

६.जमानत मागिएको रकम,

७.जमानत दिन लागिएको जेथाको विवरण,

८.घर, जग्गा रहेको जिल्ला, नगरपालिका/गाउँपालिका, वडा नं., कित्ता नं. र क्षेत्रफल,

९. घर, जग्गा रहेको ठाउँ र चार किल्ला,

१०.घर भए सो को बनोट (कच्ची वा पक्की), कोठा कबल, तला, वर्ग फिट र घर बनेको साल,

११.खरिद बिक्री हुन सक्ने न्यूनतम मूल्य,

१२.जग्गाका हकमा मालपोत कार्यालयले रजिष्ट्रेशनका लागि तोकेको मूल्य र घरका हकमा कर कार्यालय वा नगरपालिका/गाउँपालिकाले तोकेको मूल्य,

१३.जग्गामा के कस्तो सडक बाटो रहेको छ वा छैन सो कुरा,

१४.अन्यत्रबाट रोक्का भए नभएको व्यहोरा,

१५.दर्तावालाको नाम,

१६.अन्य व्यक्तिले जेथा जमानी दिन लागेको भए सो व्यहोरा,

१७.जमानत माग भएको रकम वापतमा एक भन्दा बढी मानिसले जेथा जमानत दिने भए प्रत्येकको दायित्व वा हिस्सा, र

१८.अन्य आवश्यक कुराहरू ।

१३.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७० ।

१४.धरौटी तथा जमानी निर्देशिका, २०७५ को दफा १५ ।

जेथा जमानतका लागि निवेदन परेको अवस्थामा सो जेथा भएको ठाउँमा गई जेथाको जाँचबुझ गर्नु पर्दछ । जाँचबुझ गर्दा निवेदनकले प्रस्ताव गरे बमोजिमको मूल्य पर्ने देखिएमा अदालतले जेथा जमानत स्विकार गर्न सक्दछ ।

यसैगरी धरौट जमानत माग भएको व्यक्तिले निर्धारित प्रक्रिया पूरा गरी बैङ्क जमानत दिन आएमा अदालतले लिनु पर्ने व्यवस्था छ । बैङ्क जमानत लिँदा नेपाल राष्ट्र बैङ्कबाट "क" वा "ख" वर्गको वित्तीय कारोबार गर्न इजाजत प्राप्त बैङ्कबाट जमानतको पत्र ल्याउनु पर्दछ । त्यस्तो जमानत स्थायी प्रकृतिको र अदालतले तोकेको अवधिसम्म नवीकरण हुनु पर्दछ । बैङ्क जमानत दिने व्यक्तिले बैङ्क जमानतका लागि सम्बन्धित बैङ्कसँग सम्झौता गरेको हुनु पर्दछ । सो सम्झौता निवेदन साथ पेश गर्नु पर्दछ ।

अदातलको आदेश वा फैसलाले माग गरे बमोजिम धरौट, जमानत वा बैङ्क ग्यारेण्टी लिँदा धरौट, जमानत वा बैङ्क जमानतको कागज गराउनु पर्दछ । सो व्यक्ति अदालतमा उपस्थित नभएमा धरौट वा जमानत राखेको सम्पत्ति जफत हुने शर्त उल्लेख गरी जमानतको अंक तोकी गर्नु पर्दछ । व्यक्ति उपस्थित नभएमा जमानत रहेको त्यस्तो सम्पत्ति वा निजको अरू कुनै सम्पत्तिबाट असुल उपर गरिन्छ । धरौट, जमानत अरू व्यक्तिले दिएकोमा सम्बन्धित व्यक्तिलाई उपस्थित नगराएमा जमानत रहेको सम्पत्ति वा आफ्नो कुनै सम्पत्तिबाट असुल गर्न मञ्जुरी रहेको शर्तको कागज गराउनु पर्दछ । जमानत दिएको सम्पत्तिको मूल्य पछि कुनै कारणबाट घट्न गएमा जमानत दिने व्यक्तिले सो घटेको मूल्य बराबरको सम्पत्ति अदालत समक्ष पेश गर्नु पर्दछ । धरौटी वा जमानत दिनुपर्ने देखिएमा अघि राखेको धरौटी वा जमानत अंकलाई नै अदालतले थपघट गर्न सक्दछ । कुनै मुद्धाको सिलसिलामा कुनै अभियुक्तबाट लिएको धरौटी वा जमानत त्यस्तो मुद्धाको अन्तिम निर्णय हुँदा अभियुक्तले सफाई पाएमा निजलाई तुरून्त फिर्ता वा फुकुवा गरिदिनु पर्दछ । सम्पत्ति जमानत दिने व्यक्तिलाई गराइने कागजको ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-३० मा रहेको छ ।

साधारण तारेख

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ र ६८ को अवस्थामा बाहेकको अन्य अवस्थामा अभियुक्तलाई तारेखमा राखी मुद्धाको पुर्पक्ष गरिन्छ ।[१५] यो कानूनी व्यवस्थाबाट कानून बमोजिम थुनामा राख्ने वा धरौटी, जमानत लिने अवस्था

१५.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ ।

बाहेकका कसूर एवं कसूरदारका हकमा साधारण तारेखमा राखेर मुद्धाको पुर्पक्ष गर्न सकिने आदेश अदालतले गर्दछ । सो बमोजिम साधारण तारेखमा राख्ने आदेश भएमा कसूरदारले साधारण तारेखमा बसी मुद्धाको पुर्पक्ष सक्दछ ।

३.३.४ धरौट वा जमानतको रकम तोक्ने आधार (Grounds for Fixation of Amount of Bail or Security)

धरौट वा जमानत लिई मुद्धाको पुर्पक्ष गर्ने सन्दर्भमा अभियुक्तबाट के कति धरौट वा जमानत लिने भन्ने सम्बन्धमा त्यस सम्बन्धी निश्चित आधारहरू हुनु पर्दछ । त्यसो नभएमा स्वेच्छाचारी रूपमा धरौट वा जमानतको रकम तोक्ने अवस्था समेत आउन सक्छ । ती आधारहरू देहाय बमोजिम रहेका छन् :[१६]

(क) कसूरको प्रकृति र गम्भीरता,
(ख) अभियुक्त वा कसूदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,
(ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,
(घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,
(ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,
(च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,
(छ) कसूरबाट सिर्जित परिणाम,
(ज) कसूरमा साविती भए वा नभएको,
(झ) असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको ।

धरौट, जमानत वा बैङ्क जमानत लिँदा कागज गराउनु पर्दछ ।[१७] कुनै व्यक्तिबाट धरौट लिएको अभियुक्त अदालतबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुन्छ । जमानत वा बैङ्क जमानत लिँदा जमानतको रकमको अङ्क तोकी त्यस्तो बमोजिमको सम्पत्ति जमानत लिनु पर्ने र जमानत दिनु पर्ने व्यक्तिले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा आफू उपस्थित नभएमा जमानतको रकम जमानत रहेको त्यस्तो सम्पत्ति वा निजको अरू कुनै सम्पत्तिबाट असुल गरिन्छ ।

यदि जमानत दिनु पर्ने व्यक्तिको लागि अरू कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र

१६.मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ ।
१७.मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ७४ ।

स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम त्यस्तो जमानत रहेको सम्पत्ति वा आफ्नो अरू कुनै सम्पत्तिबाट असुल गर्न निजको मञ्जुरी रहेको व्यहोरा सहितको शर्त गराई त्यस्तो व्यक्तिसँग अनुसूची-३१ बमोजिमको ढाँचामा कागज गराउनु पर्ने कानूनी व्यवस्था गरिएको छ ।

जेथा जमानत वा बैङ्क जमानत फुकुवा हुने अवस्थाहरू देहाय बमोजिम रहेका छन् :[१८]

- अन्तिम फैसलाबाट सम्बन्धित व्यक्तिले बैङ्क जमानत फिर्ता पाउने भएमा,
- दिएको जेथा जमानत वा बैङ्क जमानतबाट कानून बमोजिम फैसला कार्यान्वयन गर्नु पर्ने अवस्था भएमा,
- जेथा जमानत वा बैङ्क जमानतको सट्टा नगद धरौट राखेमा,
- अन्य कुनै कारण र प्रयोजनबाट जेथा जमानत वा बैङ्क जमानत कायम नराखी फुकुवा गरी दिनु पर्ने भएमा । ♦♦♦

१८. धरौटी तथा जमानी निर्देशिका, २०७५ को दफा २७ ।

कविता

✍ मनिष प्रयत्न

जिन्दगीको रफ्तारमा कहिले काहीं लगाम लाग्न सक्छ
कहिले दुःखको बादल त कहिले खुसीको घाम लाग्न सक्छ ।।

जुन चिज बितेर गयो त्यो गयो फर्केर कहिल्यै आउदैन
भएका कुरा संगालेर राख साथी जिन्दगीमा काम लाग्न सक्छ ।।

एक दिन हारेर संसार हारिदैन एक दिन जित्दैमा संसार तिम्रो हुदैन
निभाउ मित्रता बैरभाव नराखी हरेक मित्र राम लाग्न सक्छ ।।

पाइला अटुट लम्काइ राख्नु सधैं गन्तवयलाई पछ्याउदै
हरेश खादा जिन्दगीमा जाम लाग्न सक्छ ।।

अरू केही होस् न होस् ईच्छा शक्ति र जोश अटल हुन पर्छ
हारमा मात्रै घुलिरहँदा आफ्नै नाम बद्नाम लाग्न सक्छ ।।

मानव जीवनको वास्तविक लक्ष्य

✍ **पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत**

The life find goal is 'To achievc the eternal and infinite happiness' if we agree on it then '99.99 percent' human leave our earth without achieving their goal.'

हामी सबैलाई जानकारी भएकै कुरा हो । अनादिकाल देखि नै प्रत्येक प्राणीहरू सबै प्रकारका दुःखहरूबाट मुक्त भएर सुख पाउनको लागि व्यग्र भएर लागि परेका हुन्छन् । यसरी अनादिकाल देखि नै अनवरत प्रयास गर्दागर्दै आजसम्म पनि मानव प्राणीहरूले निश्चिन्त भएर भन्न सकिरहेका छैन कि "अब लौ हाम्रा कार्यहरू समाप्त भईसके, हामीले निर्धारित गरेको लक्ष्य प्राप्त भयो"। मानिसहरूलाई प्रत्येक क्षण कुनै न कुनै इच्छा वा अभावले पिरोलिरहेको हुन्छ। मानिसहरू यस संसारिक सफलता अथवा असफलताबाट सन्तुष्ट हुदैनन् । असफलताबाट असन्तुष्ट हुन स्वभाविकै मान्न सकिन्छ । तर सफलताबाट पनि सन्तुष्ट हुन सक्दैनन्। यति हामीले कुनै प्वाल परेको भाँडामा पानी भर्न थाल्यौं भने, जति पानी हाल्दछौं, त्यति नै पानी त्यसमा रहेको प्वालबाट बाहिर निस्कन्छ । यस्तो अवस्थामा हामी त्यस चुहिँने भाँडामा पानी हाल्न छोडिदिन्छौं । तर यति लामो अनुभव पछि पनि मानवले अनन्त असफलताहरू पाएर पनि पुनः तिनै कार्यहरू दोहोऱ्याई रहेका छन् । जसबाट न त हाम्रा दुःखहरू हट्न सकेका छन्, न त हामीहरूले सुख नै पाउँन सकेका छौं ।

हामी सबैलाई ज्ञात भएकै कुरा हो, संसारिक प्रत्येक कार्यहरूमा उपलब्धी तथा प्राप्तीमा मात्र ध्यान दिएर तथा अध्ययन गरेर मात्र यस्ता कार्यहरूमा अग्रसर हुने मानव प्राणीहरूको विलक्षण स्वभाव हो । तर अचम्मको कुरा के छ भने यस विषयमा मानव प्राणी अनन्त असफलताहरूको बाबजुद पनि भेँडा जस्तो भएर अबिरल तथा अविचलित भएर लागि रहेको छ ।

यसरी संसारिक इच्छा तथा कामनाहरूबाट सन्तुष्टी पाउन सकिँदैन भन्ने अनुभव एवम् ज्ञान हुदाँहुदै पनि मानिस यसबाट अलग हुन चाहँदैनन् । यहाँ निम्न मूल प्रश्नहरू देखिन्छन्, "म यी सबै किन गरिरहेको छु ? म यी दुःखहरूमा किन फसेको छु ? म माथि यी बन्धनहरू किन र कहाँबाट आएका छन् ? के म यी बन्धनहरूबाट अर्थात दुःखहरूबाट कहिल्यै स्वतन्त्र हुन सकुला ?" आदि इत्यादि केही पनि थाहा नपाउनु वास्तममा ज्यादै आश्चर्यको विषय हो । प्रत्येक मानव प्राणीको यो कर्तव्य हुन आउँदछ कि, उसले आफ्नो अनन्त जन्महरूमा गरेका कार्यहरूमा फर्केर हेरोस् र मनन गरोस्, के ती सबै कार्यहरूबाट उसलाई केही प्राप्त भएको छ ? अथवा ती सबै व्यर्थ भएका छन् । यदि यस्ता संसारिक कार्यहरूबाट केही उपलब्धिहरू नभएको जस्तो लाग्दछ भने अहिले सम्म स्विकार गरिएको मार्गलाई पुनः मूल्याङ्कन गर्नु जरूरी भएन र ? आफ्ना पूर्वज तथा भाइबन्धुहरूले अनुशरण गरको तर उपलब्धि विहिन मार्गलाई बद्ल्ने हिम्मत गर्नुपर्दछ । पहिले हामीले अनुशरण गरिएको मार्गमा रहेका त्रुटिहरू थाहा पाउनु पर्दछ । आफूले आफूलाई प्रश्न गर्नु पर्दछ कि हामीले अनुशरण गरेको त्यस मार्गबाट हाम्रा दुःखहरू किन निवारण भएनन् र हामीलाई सुख शान्ति किन प्राप्त भएन ?

एक पटक सबै मानिसहरूले विचार गर्नु पर्दछ, ज्यादै गम्भीर भएर विचार गर्नु पर्दछ कि हाम्रो नित्य, निरामय आनन्दधन स्वरूपमा आपत विपत तथा दुःखहरूलाई स्थान नै कहाँ छ ? हाम्रा (प्राणीहरू) अमृतहरूको अमृत, आनन्दहरूको आनन्द र प्रकाशहरूको प्रकाश अर्थात सत्-चित-आनन्द हो । हाम्रो चहक (प्रकाश) सर्वत्र छरिइरहेको छ । हाम्रै प्रकाश सर्वत्र फैलिएको छ । हाम्रो ऐश्वर्य सर्वत्र व्याप्त छ, हाम्रो आनन्द सर्वत्र विस्तृत छ । हाम्रो सघामाधुरियताद्वारा सबै जीवन धारण गरिरहेका छन् ।

हामी अखण्ड छौं, अनन्त छौं अजर छौं । सत छौं र सनातन छौं, चेतन छौं ज्ञान स्वरूप छौं । यस्तो भएर पनि हामी आफ्नो वास्तविक स्वरूपको रक्षा किन गर्न सक्दैनौ त ? किनकी हामी आफ्नो भ्रमयुक्त भूलद्वारा भूल भूलैयामा अलमलिइरहेका छौं । हामीले आफ्नो वास्तविक स्वरूपकोलाई बुझ्नु पर्दछ, साथै यो पनि बुझ्नु पर्दछ कि संसारको कर्तव्य कहिल्यै पूरा हुदैन । यस संसारमा हुने सफलता पनि असफलता नै हो । जसलाई हामी वास्तवमा खोजिरहेका छौं । त्यो अनन्त सुख जो वास्तवमा हाम्रो आफ्नै स्वरूप हो । त्यो अनन्त सुख हामीलाई आफै

भित्रबाट नै प्राप्त हुन्छ । त्यो तत्व (अनन्त सुख) जो हामी भित्र विद्यमान छ, धनद्वारा, भोगहरूद्वारा, विजयद्वारा, किर्तिद्वारा, नीतिद्वारा, धर्मद्वारा कहिँबाट पनि प्राप्त हुदैन । त्यसो भए हामी किन कर्तव्यको भारी बोकेर योग्यता र अयोग्यताको आडम्बर लिएर जिम्मेवारीको बोझ बोकेर बहुलाझैं यताउति ठक्कर खाईरहेका छौं ? हामी हाम्रो स्वरूपमा किन स्थिर हुदैनौ ?

यो नित्यस्वरूप आत्मा भागवत् गीतामा श्रीकृष्ण भगवानले भन्नु भएको छ, यो न उत्पन्न हुन्छ न यो मर्दछ न अन्य कुनै कारणबाट उत्पन्न भएको छ । न त आफै केही बनेको छ । यो (आत्मा) त अजन्मा, नित्य, सनातन एवं पुरातन छ । शरीर मरेर गए पनि यो मर्दैन । कसैको नाशद्वारा यसको नाश हुदैन । यो अणु (परमाणु) भन्दा सुक्ष्म तथा महान भन्दा महान छ । यो आत्मा नामक तत्व हामी भित्र छ । यो वास्तवमा हाम्रो आफ्नै स्वरूप हो । हामीले यसलाई चिन्नु पर्दछ र यसको (आत्माको) महिमा बुझ्नु पर्दछ । यसो गर्न सकेमा सम्पूर्ण दुःख भ्रम आदि निर्मूल हुनेछन् । हामीले यसमा विश्वास गर्नु पर्दछ । श्रद्धा गर्नुपर्दछ । वास्तविकता यस्तो छ, जुन शरीर स्वभावैले दुःखहरूको खानी छ । त्यसलाई जब हाम्रो स्वरूप (चेतन) द्वारा भूलवभं तादम्वेता (सम्बन्ध) गरिन्छ अर्थात अज्ञान भूलले अगालिन्छ अर्थात जड-चेतन तादम्वेय भएर त्यसैलाई आफ्नो स्वरूप ठानिन्छ, तब त्यस शरीरका जे जति दुःख एवं आवश्यकताहरू हुन्छन्, ती सबै भौतिक (आणविक) हुनाले तिनीहरूमा जे जस्तो कमिकमजोरी अर्थात टुटफुट हुन्छन् ती सबै आफ्नो ठानिन्छन् अर्थात मानिन्छन् । यस्तो टुटफुट कहिल्यै पूर्ण रूपले हट्न सक्दैन । त्यसैको कारण हो, हाम्रा दुःखहरू पनि अनादिकाल देखि आज सम्म हट्न सकेका छैनन् ।

शरीर, इन्द्रीय, मन तथा बुद्धि अहंकार आदि भौतिक वस्तुहरूको यो दुःख भावको मागप्रति हामी पनि आफ्नो स्वीकृति प्रदान गर्दछौं । साथै त्यस मागलाई आफ्नो माग बनाउँदछौं । जसरी भौतिक पदार्थहरूबाट बनेका घरहरू बिग्रने तथा भत्किने गर्दछन्, त्यसैगरी शरीर, इन्द्रीय तथा मनमा दुःख भाव हुने गर्दछ । हाम्रा शरीरको कुनै न कुनै अंगमा समस्या उत्पन्न भइनै रहेको हुन्छ । यसरी भौतिक जगतमा तथा भौतिक पदार्थबाट बनेको मानव शरीरमा बिकार पैदा हुनु स्वभाविकै हो । हरेक भौतिक वस्तुहरूको शुरूवात, मध्य र अन्त तीन अवस्थाहरू हुन्छन्। यो प्रकृतिको नियम हो । यसलाई कसैले पनि रोक्न सक्दैन । अर्थात यसलाई रोक्न असम्भव छ । तर हामी आफ्नो

अज्ञानतावश यही असम्भव कुरालाई सम्भव बनाउने प्रयास गर्दछौं । जसको कारण हामी असफल रहन्छौ । प्रश्न उठ्न सक्छ, किन हामी दुःखलाई भौतिक वस्तुबाट बिसर्जन अन्त गर्न सक्दैनौ । किनकी जुन मार्ग (भौतिक वस्तुबाट) हामी दुःखको अभाव गर्न खोजिरहेका छौं त्यो मार्ग आफैमा गलत मार्ग छ ।

भागवत गीतामा भगवान श्री कृष्णले भन्नु भएको छ । "नास्तो बिद्यते भावोः, नभावो बिद्यते सतः। "(गीता-२-१६) । अर्थात जुन कुरा जहाँ छैन, त्यहाँबाट त्यो कुरा मागिन्छ । साथै जहाँ त्यो कुरा छ ,त्यहाँ त्यसको विषयमा सोधपुछ सम्म गरिदैन। जुन कुराको जहाँ अभाव छ, त्यही कुरा त्यहाँबाट लिन खोज्नु त मानिसको अज्ञानता हो । यसै अज्ञानताको दण्ड दुःखको रूपमा हामी सबैले भोग्नु परिरहेको छ । आफ्नो अज्ञानताको कारण मानिसहरूले दुःखको ठाउँमा त दुःख भोगिरहनु परेको छ तर सुखको ठाउँमा पनि दुःखकै भारी उठाउन परिरहेको छ । अब फेरि प्रश्न उठ्दछ, उसो भए यस संसारमा सुख नामको कुनै त्यस्तो कुरा छदै छैन त ? यसको उत्तर आध्यात्मवादले दिन्छ ।'' सुख भनेको आत्माको अर्को नाम हो''। जसरी कस्तुरी मृग आफ्नो नाभिमा भएको कस्तुरीको खोजमा भौतारिरहन्छ, त्यस्तै व्यवहार हामी मानिसहरू पनि गरिरहेको छौं । किनभने हामी सुख आफ्नै भित्र रहेको आत्मामा नखोजेर बाहिरी संसारमा खोज्दै हिँड्छौं । जो असम्भव छ । यही सुख जब विषयहरूको रूपमा आउँदछ तब भौतिक जगतबाट हामीलाई दुःख मिश्रित सुख मात्र प्राप्त हुन्छ । विषयहरूद्वारा प्राप्त हुने सुखको नाम विषय सुख हो । यो क्षणिक अर्थात अस्थायी प्रकृतिको हुन्छ । जब सुख आवरण रहित कुनै माध्यम बिना रोकतोक नदिको बाढी जस्तै उर्लिन्छ । निन्द्रा जस्तै आक्रमण गर्दै आउदछ, तब यसलाई केवल सुख अथवा आत्मानन्द भनिन्छ । यस्तो केवल सुख कसरी प्राप्त गर्ने, यस विषयमा पूर्विय दर्शनशास्त्र (उपनिषद्हरू) मा स्पष्ट रूपमा उल्लेख गरिएको छ । यस्तो मार्गको विषयमा स्पष्ट जानकारी एवं पथ प्रर्दशक रूपमा उत्तर दिने क्षमता सनातन बौद्धिक धर्मले हजारौं वर्ष अघि नै आविष्कार गरिसकेको थियो । यसलाई हालको वैज्ञानिक युगसँग पनि सन्धर्भ जोडेर स्पष्ट रूपमा भन्ने हो भने हजारौं हजार वर्ष पहिले नै महान ऋषि मुनिहरूले सामान्य विज्ञानलाई (classical physics) खास महत्व नदिएर त्यस भन्दा सूक्ष्म एवं वास्तविक विज्ञान (Quantum physics) माथि अनुसन्धान एवं परीक्षण विधि भन्दा पनि अनुसन्धान र अनुभव विधिको माध्यमबाट संसार समक्ष वैदिक

दर्शनको रूपमा प्रस्तुत गरेको पाइन्छ । यहाँ मार्गबाट मात्र मानव प्रणीले चाहेको वास्तविक सुख (सत्-चित्-आनन्द) को ज्ञान अनुभव तथा लाभ लिएर आफ्नो मानव जीवन लक्ष्य हासिल गर्न सक्षम हुन सक्छन् । ♦♦♦

लघुकथा

फरार

✍ **हरिप्रसाद भण्डारी**

"दाइ सधैं खाइराको बानी, तल्तल् लाग्यो, अलिकति खान पाइन्छ ?"

"के भन्छ यो ? तलाईं कोरोना सङ्क्रमण छ भन्ने कुरा थाहा छैन ?" पहिले हकाऱ्यो । "थाहा छ त्यही भर त याँ आको हो । दाइ खान मन लाग्यो के । ऊ मेरो साथी पनि त्यै भन्दै छ । बाहिर गएर एक्कै छिन्मा आउँछौं ।"

"तँ बाहिर गइस् भने मेरो जागीर जान्छ । बल्ल बल्ल पाएको जागीर । फेरि तँ बाहिर गइस् भने अरूलाई सर्छ भन्ने कुरा थाहा छैन तँलाई ?"

"अलग्गै बसेर खान्छौं । कसैलाई छुँदैनौं ।"

"कोरोना लागेका बिरामीले त्यस्ता चिज खान हुँदैन ।"

"हामीलाई केही भएकै छैन । कोरोना लाग्यो भने जरो आउँछ, खोकी लाग्छ, रूघा लाग्छ भन्थे । त्यस्तो केही भएकै छैन ।"

दुई जनाका कुरा हुदै थिए, अर्को तेस्रो व्यक्ति नजिकै आयो र थप्यो, "पाले दाइ मलाई त त्यो जाँच्ने मिसिनै बिग्रेको हो कि जस्तो लाइराछ । मलाई केही भएकै छैन ।" पाले केही बोलेको थिएन, उसैले भन्यो, "दाइ एउटा चुरोट खान्चु है, साह्रै तलतल लाइराछ ।" "ए हैरानी ! यस्तो बिरामीले चुरोट खान हुँदैन भन्ने कुरा थाहा छैन तँलाई ?" पालेले टाउकामा हात राख्यो । "दाइ भोक लाग्यो । खाना कतिखेर आउँछ ?" पर कुनाबाट अर्को करायो । एक जना शौचालयबाट आउँदै थियो, रिसाउँदै भन्यो, "कस्तो डुड्डुड्ती गनाइराछ । पानी पनि छैन !"

त्यो रात त्यसरी नै बित्यो ।

अर्को बिहान हल्ला चल्यो, "बेड नं. ११ र १२ का बिरामी छैनन् !"

चारैतिर खैलाबैला मच्चियो । पालेले अरू बिरामीहरूलाई सोध्यो ।

"खै हजुर, साँझ खुसखुस कुराकानी गर्दै थिए । ट्वाइलेट जान्छु भनेर गएका थिए, फर्केनन् ।" एउटा बिमारीले जवाफ दियो ।

रिस (क्रोध) माथि नियन्त्रण

✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

रिस (क्रोध) एउटा यस्तो कार्य हो जसलाई मानिसले सोच विचार गरेर गरेको हुँदैन । यो तत्काल मानिसको मन भित्रको भावनात्मक प्रतिक्रियाको उपज हो । यही भावनात्मक प्रतिक्रियाले मानिसलाई कमजोर र लाचार महसुस गराई दिन्छ । रिस (क्रोध) कुनै घटनाको प्रतिक्रिया पनि हुन सक्दछ । तत्कालको लागि केही राहत भए जस्तो लाग्ला तर पछि यसबाट नकारात्मक परिणामहरू देख्न सकिन्छ । अलिकति रिसले हामीलाई सकारात्मक तरिकाले काम गर्न प्रेरणा दिन सक्ला तर अधिक क्रोधले हाम्रो सोच्ने क्षमतामा ह्रास आउँछ जसको मूल्य हामीले पछि तिर्नु पर्ने हुन सक्दछ ।

बुद्ध वचनमा भनिएको छ, 'मानिसको सबैभन्दा ठुलो शत्रु भनेको क्रोध हो।' धेरै यस्ता प्रतिक्रियाहरू छन् जसले क्रोधको सम्भावना बढाउने कार्य गर्दछ । प्रभाव पार्ने कारणहरूमा घर वरिपरिको वातावरण जस्तै, हिंस्रक वातावरण, घरमा स्रोतको अभाव, सहयोगको अभाव र परिवारबाट परामर्शको अभाव आदि । हिंस्रक चलचित्रहरू र भिडियो गेमहरू जसलाई व्यक्तिले वास्तविक जीवनको भागको रूपमा बुझ्न थाल्दछन् ।

जुन घरमा सधैं भै झगडा र मारपिट भइरहन्छ वा छरछिमेकमा यस प्रकारको घटनाहरू भइरहन्छ वा कुनै कारणवश परिवारिक विखण्डन हुन्छ, त्यस्ता परिवारको बालबालिकाहरूमा बढी रिसाउने सम्भावना रहन्छ । यदि घरमा हात हतियारहरू छन् भने पनि यसले बच्चाहरूलाई हिंसा तर्फ लैजान सहयोग पुऱ्याउँछ । त्यस्ता बच्चाहरू, कालन्तरमा परिपक्व भए पनि रिसलाई वशमा राख्न सक्दैनन् र प्रायः साना-साना कुराहरूमा उत्तेजित भएर झगडा गर्न थाल्दछन् ।

कुनै ठाउँको कुरा हो, दुई जना व्यक्ति नदी किनारमा घुमिरहेका थिए । दुई बीच कुनै विषयमा विवाद उत्पन्न भयो । विवाद बढ्दै गएपछि दुवैले एक अर्कालाई तथानाम गाली

गर्न थाले, झगडाले अर्कै मोड लिन थाल्यो, दुवैको क्रोध बढ्दै गयो, एउटा व्यक्तिले एउटा ढुङ्गा उठायो र अर्कोको टाउकोमा हान्यो, अर्को व्यक्ति त्यही ढल्यो । प्रहरीले अनुसन्धान सम्पन्न गरेर मुद्धा अदालतमा बुझाएपछि न्यायाधिशले सोध्यो ''उसको हत्या किन गरेको ?'' त्यस व्यक्तिले जवाफमा भन्यो ''हजुर मैले थाहा नै पाईन कसरी उसको हत्या हुन पुग्यो, म क्रोधमा थिएँ अतः यो सबै आवेशमा भयो, मलाई थाहा नै भएन यो कसरी भयो ?''

प्रत्येक मानिसको रिस, क्रोध प्रकट गर्ने तरिका फरक फरक हुन्छ, कोही क्रोधमा हुँदा चुपचाप बस्दछन, कोहीसँग पनि कुराकानी गर्न मन पराउँदैनन् । कोही व्यक्ति क्रोधित हुँदा चिल्लाउने चिच्चाउने गर्दछ र अरूलाई दोष दिन्छ । कोही व्यक्ति आफूले सबै भन्दा बढी माया गर्ने व्यक्तिलाई रिस देखाउँछ । अर्को तर्फ कोही व्यक्ति के सोच्दछ भने जसको कारणबाट क्रोधित हुनु परेको छ कुनै तरिकाबाट तिनीहरूलाई पाठ सिकाउनु पर्दछ ।

जब मानिसलाई क्रोध आउन थाल्छ, उसको दिमागको उर्जा केवल एक प्रवाहमा घुम्न सुरू हुन्छ। यस अवस्थामा आत्म-संयम पूर्णतया हराउछ । किनभने आत्म-संयममा ऊर्जा हुँदैन, तसर्थ रिसको समयमा व्यक्तिले आफ्नो नियन्त्रण गुमाउँछ । यदि हामीले प्रत्येक दिन अभ्यास गऱ्यौ भने आत्म-संयम र विवेकमा थोरै थोरै उर्जा प्राप्त हुन्छ यसबाट क्रोध उत्पन्न हुँदा आत्म-संयमले काम गर्न थाल्दछ । आत्म-संयमलाई बढाउन निम्न पक्षहरूलाई ध्यान दिनसक्नु पर्दछ ।

- जब तपाई कतै बोल्दै हुनुहुन्छ भने, थोरै बोल्ने प्रयास गर्नुहोस्, केवल सुन्नुहोस् । पहिला अरूलाई बोल्न दिने, आफ्नो कुरा अन्तमा व्यक्त गर्ने । बोल्नु अघि यसको परिणाम के हुन्छ भनेर एक पटक सोच्नुहोस् ।
- तपाईंले यो प्रमाणित गर्नुपर्दछ कि तपाईंको मन तपाईंको नियन्त्रणमा छ । यदि तपाईसँग त्यस्तो छैन भने, शिक्षित हुनु व्यर्थ हो । अठोटमा दृढ रहनु राम्रो हो, तर अर्कोको कुरा शान्तपूर्वक सुन्नु र बुझ्नु राम्रो गुण हो ।
- यदि थोरै ध्यान दिइयो भने, व्यक्ति आफैंले आफ्नो रिस क्रोधलाई नियन्त्रण गर्न सक्छ ।
- हाँसो मज्जा गर्नु तनाव व्यवस्थापनको महत्वपूर्ण पक्ष हो । आपसी व्यवहारमा गरिएको हाँसो मज्जा, चुट्कीलाले क्रोधलाई जित्न सक्दछ । केवल यसमा सामेल हुन आवश्यक हुन्छ ।
- कसैसँग कुराकानी गरेर मनको तनावलाई हटाउन सकिन्छ ।

साथीहरू र सहयोगीहरूसँग कुराकानी गर्ने बानी बसाल्नु पर्दछ । यदि केही समस्या छ भने, साथीहरू सँग सल्लाह सुझाव लिनु पर्दछ । क्रोध आउँदा एक ग्लास चिसो पानी पिउने, ध्यान परिवर्तन गर्न आफूलाई कुनै कार्यमा व्यस्त राख्न मन पर्ने काम गर्ने, स्थान परिवर्तन गर्ने, गहिरो श्वास फेर्ने र दिमागलाई शान्त पार्ने । कुनै घटना र कारणवश रिसाउने अवस्था आएमा तत्काल एकान्तमा बस्नुपर्छ ।

- लामोलामो श्वास लिने र छोड्ने ९५ सेकेण्डसम्म लिने र ५ सेकेण्डसम्म छोड्ने । यस्तो क्रम करिब १०/१५ पटकसम्म गर्नुपर्छ । यसो गर्नासाथ आफ्नो ध्यान श्वासप्रश्वासमा केन्द्रित हुन जान्छ र रिसलाई अर्कैतिर मोड्न सकिन्छ ।
- यदि रिस उठिरहेको छ भने, जहिले पनि उल्टो गिन्ती गर्नु पर्छ । यसले दिमागलाई शान्त बनाउँछ ।
- रिसाउँदा प्रायः रक्तचाप बढ्न थाल्दछ यसर्थ आफूलाई शान्त राख्न गहिरो र लामो श्वास फेर्न सुरू गर्ने । गहिरो लामो श्वास फेर्दा रक्तचाप सामान्य हुन्छ ।
- जब कुनै बेला रिस उठेको महसुस हुन्छ भने त्यसबेला हास्न शुरू गर्नु पर्दछ । यसबाट रिस क्रोध टाढा भाग्दछ । क्रोधलाई शान्त पार्न Laughter Therapy धेरै प्रभावकारी तरिका हो ।
- क्रोधित हुने बित्तिकै मोबाईल क्यामेराले आफ्नो सेल्फी खिच्ने । रिस उठेको आफ्नो अनुहार देखेर क्रोध आफैं हराउनेछ ।
- कसैले ठिकै भनेका छन् कि तपाई जुन व्यक्तिसँग रिसाएको हो तपाईंको लागि त्यो व्यक्ति केही महत्वको छ वा छैन । यदि होईन भने अपरिचित मानिस सँग किन रिसाउने र यदि हो भने, त्यसरी किन रिसाउने जुन व्यक्ति तपाईंको जीवनमा महत्वपूर्ण छ । रिस उठेपछि जब शान्त भइन्छ, तब रिसाएको अवस्थालाई मनन गरेर केलाउने । कुन अवस्थामा आफूले रिस गरेको रहेछु , उक्त अवस्थाको मनन गर्ने अर्थात थाहा पाउने । त्यस्तो अवस्था फेरि आईपरेमा सहज रूपमा लिने मात्र नभई आफूले रिसलाई मद्धत पुग्ने गर्छ ।
- यदि तपाईं साना साना चीजहरूमा क्रोधित हुनुहुन्छ र यदि तपाईं रिसलाई चाँडै नियन्त्रण गर्न सक्षम हुनुहुन्न भने तपाईंले चिकित्सकसँग परामर्श लिनुहोस् र Anger Therapy को सहायता लिनुहोस् ।

वेदमा रिस नियन्त्रण गर्ने उपाय :

मान्छेमा रिस हुन्छ नै क्रोध-

रहित कोही पनि हुँदैन । फरक यत्ति हो कोही मानिस धेरै रिसाहा हुन्छन, केही मान्छे थोरै रिसाउँछन् । परमात्माले रिस नामक मानसिक गुण पनि आत्म रक्षाका लागि प्रदान गरेको हो । उचित समय र अवसरको रिसले आत्मरक्षा गर्नुका साथै असल गुणहरूको विकास गर्न मद्धत गर्छ । गुरू, आमाबुबा, अभिभावकको नियन्त्रित रिस खराब हुँदैन । अनुपयुक्त तथा कुसमयको रिसले विनाश निम्त्याउँछ ।

वेदकाअनुसार (ऋग्वेद १०/८२/१-२) क्रोध दुई प्रकारका हुन्छन्: १. मन्यु २. क्रोध । मन्यु आत्मरक्षाका लागि अनिवार्य हुन्छ । न्यायकर्ता, शत्रुसँग लडिरहेका सैनिकको क्रोध आत्मरक्षाका लागि हुन्छ अथवा आज्ञापालनका लागि । यस्तो क्रोध कर्तव्यबोधका कारण उपस्थित हुन्छ । यस्तो रिसलाई आज पनि अनुचित ठानिन्न । गीताले पनि क्रोधलाई नर्कको ढोका भनेर नियन्त्रण गर्नुपर्ने सल्लाह दिएको छ ।

दोस्रो, रिस (क्रोध) मानसिक समस्या हो जुन अवस्थामा मानिसले आफ्नो भावनालाई नियन्त्रण गर्न सक्दैन । आज भोलि, रिसलाई नियन्त्रण गर्न अनेकौं उपचार पद्धतिहरूको विकास गरिएको छ ।

ठुलाठुला मनोवैज्ञानिक तथा धर्मगुरूहरू रिस-नियन्त्रण गर्ने प्रशिक्षण दिन्छन् । वेदहरूमा पनि रिसलाई स्वाभाविक मानिएको छ र अस्वाभाविक क्रोधमा नियन्त्रण गर्ने उपायहरू वा सुझावहरू उल्लेख गरिएको छ । वेदका अनुसार धेरै रिस मान्छेको सबैभन्दा विनाशकारी शत्रु हो । अथर्ववेदका (६/४२/२) अनुसार मित्रताको सबैभन्दा ठुलो शत्रु नै रिस हो । यस्तो रिसलाई समय मै नियन्त्रित गर्नुपर्छ । जसरी हामीले कुवस्तुलाई फैलिनबाट रोक्न ढुंगाले थिचेर दबाउछौं त्यसरी नै रिसको विस्तारलाई रोक्नुपर्छ ।

अथर्ववेदले (६/४३/१-३) रिसको नियन्त्रण गर्न निम्न उपायहरू सुझाएको छ ।

१. रिसलाई बलजफत नियन्त्रण गर्दा विस्फोटक हुन सक्छ । त्यसैले रिसको अवस्थामा उपस्थित हुँदा कुर्कुच्चोमा उभिएर आफूभित्रको अवस्था नियाल्ने प्रयत्नशील हुनुपर्छ । एकै छिन कुर्कुच्चोमा उभिएर आफ्नो क्रोधउपर विचार गर्दै 'म रिस भन्दा बलियो छु' भन्ने शब्दहरू उच्चारण गर्दा चित्त (मन) शान्त हुन्छ । रिसले मनलाई जित्न सक्दैन । मन विवश हुँदैन ।

२. त्यसरी नै रिस नियन्त्रणका लागि सबैभन्दा भरपर्दो उपाय भनेको रिसालु मान्छेले दैनिक रूपमा नाङ्गो

पैताला कमलो दुबोमा हिँड्ने गर्नुपर्छ । कलिलो दुबोमा मनका धेरै दोषहरू शान्त गर्ने गुणहरू हुन्छन् ।

३. समुद्रको (नदी) किनारामा रहेको बालुवामा सरल तवरले हिँड्ने गर्दा पनि रिसको बानीमा क्रमशः सुधार हुन्छ । बालुवाको कोमलतामा हिँड्दै गर्दा 'मेरो बंगारा'मा कसरी एत्रो रिस आयो' भनेर मनले गुन्नुपर्छ र 'अब मैले फलानो उपाय गरेर रिस गर्दिन' भन्ने संकल्प गर्नुपर्छ ।

४.वेदले रिस नियन्त्रण गर्ने चौथो उपाय 'रिसको अवसर आउँदा साथ माथिल्ला दाँतले तल्लो दाँतलाई थिचेर 'कठोर बचन निस्कन नदिने' प्रयत्नलाई लिएको छ । यो विधि कति उपयुक्त छ भन्न सकिन्न तर आफ्नो रिसालु अनुहार सम्झिने हो भने पनि रिसमा नियन्त्रण प्राप्त हुन्छ ।

यो त वेदले रिस नियन्त्रण गर्न दिएको व्यवहारिक क्रियाकलाप हो। यस बाहेक आधुनिक मनो वैज्ञानिकहरूले आफूलाई मन पर्ने ठाउँ, व्यक्ति, घटना, समय आदिको स्मरण गर्ने, घुम्न जाने संगीत सुन्नेआदि सुझाव दिएका छन् । यदि पाठकहरू मध्ये कसैलाई विना कारण रिस उठिरहन्छ, कुनै व्यक्ति विषेशसँग रिस उठ्छ, केटाकेटीसँग, पत्नीसँग, आमाबुबासँग, दाजुभाइसँग, आफन्तसँग निकै रिस उठ्ने गर्छ, रिसकै कारणले गर्दा तपाईंको जीवन प्रभावित भएको छ, मित्रहरू शत्रु बनिरहेका छन् अथवा आफन्तहरू टाढा भएका छन् भने तपाईंलाई सहयोगको खाँचो छ । यस्तो अवस्थामा आफ्नो समस्यालाई दबाएर बस्नुको सट्टा समयमैं त्यसको समाधान खोज्नु उचित हुन्छ । मानिस जेसुकै कारणले रिसाएको भए पनि धेरै हदसम्म रिसाउनु राम्रो होइन । यसले व्यक्तिको निजी जिन्दगीलाई असर गरिरहेको हुन्छ । ♦♦♦

गजल

मान्छे

✍ **प्र.ह.मानबहादुर बोहरा**

काचै रूखमा दनदनी
आगो लाउछ दुनियाँले ।
बिना कारण चरित्रमा
दाग लाउछ दुनियाँले ।।
ईमान धर्म केही छैन,
जाली अनि स्वार्थी छन् सब ।
धन,पैसा,सुन,चाँदीको
धाक लाउछ दुनियाँले ।।
राम्रो कुनै देख्नै हुन्न,
गिद्धे नजर लगाई हाल्छन् ।
पराईको खुट्टा काट्न,
दिमाग लाउछ दुनियाँले ।।

कथा

भूत २ वर्तमान

✍ गोपाल चन्द्र भट्टराई

उदयको घरको पार्किङ्ग अलि साँघुरो छ । गाडी ध्यान दिएर मिलाएर राखे मात्रै । नत्र कुन भित्तामा ठोकिएर गाडीमा 'स्क्रयाच' हुन्छ पत्तै नपाइने । पहिलेको घरमा पनि पार्किङ्ग यस्तै साँघुरो थियो । सुरूचीसँग गाडीमा घर फर्कदा गेटमा पुगेपछि ऊ ओर्लिन्थी, गेट खोल्थी र रमेशलाई सही ठाउँमा पार्क गर्न गाइड गर्थी । उदयले अहिले आफैले ओर्लेर गेट खोल्यो र फेरि गाडीमा चढेर पार्किङ्ग स्थल तर्फ बढ्यो । उसले देख्यो सुरूची गाडीको अगाडि उभिएर उसलाई बिस्तारै अगाडि बढ्न इशारा गरिरहेकी छ । उसले होशियारी पूर्वक गाडी अगाडि बढायो, सुरूचीले 'थोरै पछाडि' भनेर इशारा गरी । उसले इशारा बमोजिम गऱ्यो, बल्ल सुरूचीले 'ओ के' भनेर बुढी औला उठाई । तर उदयलाई सुरूचीसँग ठट्टा गर्न मन लाग्यो, उसले नचाहिँदो गरी गाडी अगाडि बढायो र हाँस्यो । सुरूचीले रिसाएर बाहिरबाट हेरी । उसले गाडी यसरी नै अगाडि पछाडि गरिरह्यो केहीबेर । बेलाबेलामा यसरी ठट्टा गरेर सुरूचीलाई रिस उठाउन रमाइलो लाग्छ उसलाई । तर अति भएपछि रिसले खुट्टा बजार्दै र आँखा तर्दै उसलाई त्यत्तिकै छोडेर सुरूची घरमाथि चढी । उदयले पनि हतार हतार गाडी राखेर सुरूचीलाई जिस्क्याउँदै भऱ्याङ चढ्यो, "कति सारो रिसाकी हो आफ्नो मान्छे सँग पनि !"

"रिस उठ्दैन त, म हेरिराकिछु, १५ मिनेट भयो, गाडी अगाडि पछाडि गरेको छ, गरेको छ, के गरेको त्यो ?" अर्चनाको आवाजले झसँग भयो उदय, भऱ्याङमाथि ठिङ्ग उभिएर ऊ उदयलाई नै ताकिरहेकी थिई । केही नबोली अर्चनाबाट आँखा लुकाउँदै घर भित्र पस्यो ऊ ।

ब्याग छेउमा राखेर ठूलो सोफामा थच्याक्क बस्यो उदय र ठुलो श्वास फेऱ्यो । अर्चनाले आएर ब्याग टिपी भित्ताको ऱ्याकमा मिलाएर राखी । "काम गर्ने केटी २ गते मात्र आउँछु भनेर घर

गई, चीया बनाइदिऊँ ?" अर्चनाले सोधी तर उसको जवाफ नपर्खिकन किचन तर्फ गई ।

हो, २ गते त हो नि, मंसिरको २ गते । ऊ बेहुलो भएको थियो । डर लाज, संकोच र रोमाञ्चका भावहरू चारैतिरबाट आएर उसको अनुहारमा जम्मा भएका थिए । घरमा जन्ती जानेहरूको ठुलो भिड, मानिसहरू हल्ला खल्ला गरिरहेका, हाँसिरहेका । ऊ भने मदहोश जस्तो, अरूहरूको खेल्ने पुतली जस्तो । अरूले जे जे भने उसले त्यसै गऱ्यो, अरूले नै उसलाई तयार गरे, सजिसजाऊ पारे, 'हिंड्ने बेला भयो' भने अनि ऊ हिंडिदियो । उसका पछि पछि अरू हिंडे । यसरी जन्ती लिएर सुरूची कहाँ पुग्यो ऊ । ओहो, कस्तो दिब्य सौन्दर्य - त्यो कान्ति, त्यो आभा कस्तो धपक्कै बलेकी बेहुली हुँदा सुरूची ! गोरी, अग्ली, पहिरन र श्रृङ्गार कति सुहाएको, कस्तो मनमोहक मुस्कान, कस्तो आकर्षक लज्जाको लाली, ठ्याक्कै एउटा सिद्धहस्त कालिगढले कुँदेको सिंहमरमरको सुन्दर देवीको प्रतिमा जस्तै । सुरूचीको रूप र लावण्य देखेर हतप्रभ भयो ऊ त ।

सुरूची र उसको अद्भुत सौन्दर्य अब उसको आफ्नै हो, निजी हो भन्ने सम्झेर बेहुली लिएर फर्कंदै गर्दा उसको सारा अन्तर कुन्तर आल्हादित भइरहेको थियो । जगतकै सुन्दरतम र बहुमुल्य बस्तु आफ्नो स्वामित्वमा आएको झैं गरी उसको छाती गर्वले फुलेल भयो । जीन्दगीमा सबै भन्दा बढी खुसी भएको दिन त्यही भयो उसको लागि ।

अर्चनाले चिया लिएर आउँदा भ्यालको अलिकती पर्दा खुलेको ठाउँबाट बाहिर हेर्दै टोलाईरहेको थियो ऊ ।

"किन टोलाइरहेको ? के हेरिराको त्यसरी एकोहोरो ? त्यो हाम्रो बिहेको रिसेप्सनको फोटो ? हामी दुबै कति खुलेको यसमा । तिमीले अलिकति हाँसिदिएको भए यो झन् कति राम्रो हुन्थ्यो । कस्तो गम्भीर देखिन्छ तिम्रो अनुहार यसमा ।" अर्चनाले भनी र फोटोको नजिकमा गएर त्यसलाई नियाली ।

ओहो, कस्तो प्रेम फक्रेको थियो सुरूची र उसको विचमा, कति सघन थियो एकअर्का प्रतिको लगाव ! त्यो सुवास, त्यो मादकता, ती न्याना आलिंगनहरू, त्यो सपनाको सन्सार - प्रेमको सागरमा अत्यन्त आल्हादित मुद्रामा स्वच्छन्द उडान भरिरहेका उनीहरू दुई जना- कति खुशी, सुखी र पूर्ण थिए उनीहरू एक अर्कालाई पाएर ।

"यो फोटोमा तिम्रो छेउमा उभिएर मतिर हेरिरहेको मान्छेलाई चिन्छौ ? के चिन्थ्यौ तिमीले त्यस्तो पार्टीको भिडमा एकपटक मात्र देखेको

मान्छेलाई, आफैसँग दिनरात बस्ने आफ्नै स्वास्नीलाई त चिन्दैनौँ अहिले सम्म ! थाहा छ, त्यो मान्छे मलाई माग्न आएको थियो नि ! एउटी सुबेदार्नी भन्ने थिइन्, हाम्रो घरमा आइराख्थिन् - त्यो मान्छेको फुपू रैछिन् । उनैले बताइदिछन् मेरो बारेमा र माग्न आको रैछ ।" अर्चनाले अलिकती उदयप्रति कटाक्ष गर्दै र अलिकती टोलाए जस्तो गरेर पुरानो कुरा झिकी ।

'ओहो, कस्तरी ट्रकले हानेछ - कार त कच्याक कुचुक !' 'हैन एम्बुलेन्स आएन ?' 'विचरा नयाँ वर्ष मनाउन हिँडेका होलान्' उदयलाई आफ्नो वरिपरि मानिसहरू भेला भएर मसिनो स्वरमा बोलेजस्तो, कल्याङ मल्याङ गरेजस्तो, सपनाजस्तै लागिरहेको थियो । पछि थाहा पाउँदा हस्पिटलको बेडमा थियो ऊ - तीन दिन पो भई सक्यो रे । "सुरूची खै त ?" उसले मलिन स्वरमा सोधेको जस्तो लाग्छ - कसैले भन्यो 'अर्को वार्डमा, आत्तिनु पर्दैन, ठिक छ उनलाई ।' ६ दिन पछि मात्रै उसलाई पूर्ण होश आयो । टाउकोमा ठोक्किएकोले अलि गाह्रो भएको रहेछ, एउटा हात भाँच्चिएछ । धन्न अरू त खास केही भएन छ उसलाई ! घरकाले भने, 'सुरूची लाई त डिस्चार्ज गरेर घर लगिसकेको, तर बेड रेष्टमै छ, हिँड्डुल गर्नलाई अलि गाह्रो भएर ।'

"अमेरिकाबाट तीन महिनाको मात्र छुट्टी लिएर बिहे गर्न आको रे । बुबाले ठाडै 'हुँदैन' मर्जी भो । जर्साबले सन्तानको नाममा भाकी त्यही एउटी छोरीलाई पनि अमेरिकाबाट आको केटो भन्दैमा कुल, खान्दान केही नहेरी त्यसै दिए भनेर मान्छेले कुरा काट्छन् भनेर नदिबक्सेको रे । 'मेरी छोरीलाई के को कमी छ यहाँ र अमेरिका गइराख्नु पर्‍यो दुःख गर्नलाई ? गए पनि घुम्न जान्छे, आउँछे । उहीँ बस्ने गरी त कुनै हालतमा पठाउँदिन' मर्जी भो बुबाले । अर्चनाले भन्दै गई, "मान्छे त नराम्रो थिएन त्यो, यो फोटोमा हेर न । त्योसँग विहे भाको भए म यती खेर अमेरिकामा मस्ति गरेर घुमिरहेकी हुन्थेँ । मेरो फेसबुक आइडी थाहा पाएछ, अस्ति त मेसेन्जरमा 'के छ महारानी खबर ?' भनेर पो मेसेज पठाइराको । अहिलेसम्म पनि बिहे गरेको रहेन छ उसले त । अर्चनाले अलि नोस्टाल्जिक टोनमा एकोहोरोसँग बाहिर हेर्दै भनी ।

१५ दिनपछि अस्पतालबाट घर फर्कंदा बल्ल पो उदयले थाहा पायो नियतीले कति निष्ठूर ठट्टा गरेछ उसको जिवनसँग । 'सुरूची त घट्नास्थलमै .....!' बुबाले भनेजस्तो लाग्छ उसलाई । अस्तिको दिन नै तेरौँ दिनको काजकिरिया सकेको रे ।

"यस्तो कुरा पनि मलाई नभनी गोप्य राख्ने ? सबैले थाहा पाउने, मलाई नै चैं यत्तीका दिन कसैले केही नभन्ने ? उदयले उत्तेजनामा आएर भन्यो ।

अर्चनाले छक्क परेर उदयलाई हेरी । नभन्नु पर्ने कुरा पो भनेछु कि भन्ने ठानेर अलिकती डराई पनि । तर के नै पो त्यस्तो आपत्तिजनक कुरा भनेकी छ र उसले ? "के गोप्य कुरा छ र यो ? तिमीले पहिले नै थाहा नपाउँदा पनि के बिग्रेको छ र ?" अर्चनाले प्रश्न गरी ।

अर्चनाका तेज आँखाहरूबाट आफ्नो अनुहार लुकाउँदै बोल्ने कुनै शब्दहरू नपाएर असजिलो तरिकाले छट्पटायो उदय । अफिसबाट आएर लुगा फेर्न भ्याएको थिएन उसले - त्यही लुगा फेर्ने बाहानाले अर्चनाका जिज्ञासु आँखाहरूबाट बच्दै ऊ अर्को कोठामा प्रवेश गऱ्यो ।

कोठाको ढोका बन्द गर्ने बित्तिकै उसको मनमस्तिष्कमा सुरूची एकदमसँग हावी भएर आई । उसको पूरा शरीर शिथिल र खुट्टाहरू लुलो भएको जस्तो भयो । ऊ थचक्क नजिकैको पलङ्गमा बस्यो । 'सुरूची मलाई किन छोडेर गयौं, म तिमी बिना कसरी एक्लै बस्नु ?' भनेर उसलाई डाँको छोडेर रून मन लाग्यो । उसका ओठहरू थरर्र काँपे, आँखाहरू टलपल भए । एकदमै बल लगाएर मात्र रोक्न सक्यो उसले आफैंलाई ।

सुरूचीले आफूलाई छोडेर गएको थाहा पाएको दिन देखि उदयको जिन्दगी यस्तै दयनीय छ । उसको जिन्दगीलाई एक किसिमले क्षतविक्षत पारेर गई सुरूची । सुरूका दिनहरूमा त ऊ विक्षिप्त नै बन्यो, पागल जस्तै भयो । बिस्तारै ऊ केही सामान्य त बन्दै आयो तर यस्तो भयो कि मानौ उसको हंस उड्यो, उसको सातो गयो सुरूचीसँगै । उसको जीवनको गतिधीमा भएर गयो, सुस्त भयो ऊ । बोल्ने, हिँड्ने, डुल्ने, काम गर्ने गरिरहेकै छ तर कुनै उत्साह, उमंग नभएको, कुनै विशेष ईच्छा आकांक्षा, रहर नभएको, लाटो जस्तो भयो उसको जीवन-ब्ल्याक एण्ड ह्वाइट चलचित्र जस्तो ।

सुरूचीको वियोगले उत्पन्न गरेको एउटा असहज अनुभूतिले कहिल्यै छोड्दैन उदयलाई । छातीभित्र स्थायी रूपमा केही दुखिरहे जस्तो, पोलिरहे जस्तो, एउटा गरूङ्गो भारी उचालेर हिँडिरहे जस्तो हुन्छ उसलाई । अफिसको काममा व्यस्त भइरहेको बेला, कसैसँग गम्भीर विषयमा छलफल गरिरहेको बेला, कुनै रमणीय स्थान वा रमझमपूर्ण माहोलमा हराइरहेको बेला, कुनै पुस्तक पढिरहेको वा सिनेमा हेरिरहेको बेला पनि आफ्नो अन्तरमनको

असुविधा महसुस गरिरहेको हुन्छ ऊ । जहाँ सुकै जाओस् जे सुकै गरिरहेको होस्, उसको ध्यान वा चेतना दुई भागमा बाँडिएको हुन्छ एउटा बाहिरी क्रियाकलापमा र अर्को आन्तरिक कष्ट झेल्नमा । यहाँ सम्मकी अर्चनासँगको अन्तरङ्ग प्रेम क्रिडामा समेत यसै कारणले उसको सहभागिता अपूर्ण र उत्साह विहिन भइरहेको हुन्छ । यौवनका चाहानाले कुटकुट भरिएको अर्चनाको मदमस्त जवानी जब पटक पटक यसरी अतृप्त र असन्तुष्ट हुन्छ, क्रोध र नैराष्यले तिल्मिलाएर अर्चनाले मुखै फोरेर भन्छे कहिले कहिले त, "यो मान्छे त अर्की आइमाईसँग सल्केको छ कि के हो !" सुरूचीसँगको उसको प्रणय यात्रा पाँच महिनाको मात्र रह्यो । पाँच छ महिनाको अवधिमा प्रेम सायद उत्सर्गमा पुगेको हुन्छ, उच्चतम बिन्दुमा । त्यो भन्दा कम अवधिमा प्रेमीहरूले एक अर्कालाई पूर्ण रूपमा चिनिसकेका हुँदैनन्, प्रेम पूर्ण विकसित भइसकेको हुँदैन र त्यसैले सायद एकअर्काप्रतिको लगाव पनि त्यती सघन हुँदैन । त्यो भन्दा बढी अवधिमा पनि एक अर्कालाई बुझ्न केही बाँकी रहँदैन, कुनै उत्सुकता र नौलोपन नभएपछि एकअर्काप्रतिको आकर्षणमा ह्रास आउँछ र त्यसैले सायद सम्बन्धको कसाव पनि खुकुलो हुँदै जान्छ । सायद सर्वोत्तम प्रेमानन्दमा रमाइरहेको बखत हठात् सुरूचीसँगको यो बियोग भोग्नु परेकोले नै उदयले यो हदसम्मको बेदना महसुस गरेको हुनुपर्छ र त्यसको पीडादायी प्रभाव यती लामो समयसम्म कायम रहेको हुनुपर्छ ।

उदयले आफैलाई सम्हाल्यो, जुरूक्क उठ्यो, आँखा पुछ्यो, जिउ तन्याक तुनुक पाऱ्यो र सामान्य बन्यो । अफिस गएको लुगा खोलेर दराजको ह्याङ्गरमा झुण्ड्यायो र अर्को जोर लुगा फेरेर कोठा बाहिर निस्कनलाई ढोका भएतिर लम्कियो । ठिक यतीखेरै कोठामा केही अस्वभाविक कुरा देखेको जस्तो लागेर ऊ रोकियो । हो त रैछ त । कोठाको अर्को साइडमा भएको दराजको दुबै ढोकाहरू खुल्ला थिए । ऊ दराज बन्द गरिदिने मनसायले त्यता गयो ।

हैन कस्तो अचम्म, दराज त लगभग खाली पो छ त ! यो दराजको एउटा भागमा सुरूचीका लुगाहरू अटाइ नअटाइ राखिएका थिए – विशेष गरी उसका सारी, कुर्ता सुरूवाल, प्यान्टस, टी-सर्ट, भित्री बस्त्रहरू आदी । अहिले त्यो पुरै भाग खाली थियो । ऊ छक्क पऱ्यो । अर्चनाले अन्यत्र कतै सारिछे कि ! ऊ उत्सुक हुँदै बाहिर आयो र अर्चनालाई सोध्यो, "भित्र त्यो दराज खुल्लै छ, खाली छ, किन ? खै त त्यहाँका लुगाहरू ?"

"तिमीलाई किन चाहियो र आइमाई मान्छेका लुगाहरू, कसैलाई दिनु छ र ?" उदयको उत्सुकताको तीक्ष्णतालाई उपेक्षा गर्दै अर्चनाले अलि ठाडो जवाफ फर्काई । रिसको एउटा झोक्काले उदयको दिमागलाई एक पटक सर्र हल्लाएर गयो, ऊ अलिकती सशंकित पनि भयो । उसले शान्त स्वरमा भन्यो, हैन, सधैं भइराखेको ठाउँमा नदेखेर सोधेको नि ।

"कुनै कुरा पनि सधै एकै ठाउँमा रहिराख्दैन, समय गुज्रेपछि स्थान परिवर्तन गर्छ, कुन ठुलो कुरा भयो र ?" अर्चनाले झन् रूखो तरिकाले फेरि पनि गोलमटोल जवाफ दिई ।

"मतलव ?" उदयले प्रश्न सूचक आँखाले अर्चनालाई हेऱ्यो ।

"मतलब मैले बाँडिदिएँ ती सबै लुगाहरू, अब अलिकती बाँकी छ, ऊ त्यहाँ पोको पारेर राखेको छ, त्यो पनि बाँडिदिन्छु आजै ।" अर्चनाले मानौ उदयको कानमा घनघोर आवाजमा बिष्फोट गरी । अचानक गरिएको यो रहस्योद्घाटनले ऊ अकमक्क पऱ्यो एकछिन र किंकर्तब्यविमुढ भएर अर्चनालाई हेरिरह्यो । पीडाको एउटा मुस्लो उसको अन्तरकुन्तरमा हुँडलियो मानौ कि उसको निको हुँदै गएको घाउ कसैले क्रुरतापूर्वक गिजोल्यो - दुखाइ यसको यती असहनीय भयो उसलाई कि उसका आँखाहरू टिलपिल टिलपिल भए । अर्चनाले थाहा नपाओस् भनेर उसले आँखा झुकायो ।

"अनि किन बाँडेको त यती राम्रा लुगाहरू ?" उसले अर्चनालाई नहेरी सोध्यो ।

"मलाई मन लागेर ।" उदयको सम्वेदनशीलता प्रति पूर्ण उदासीन भएर तिखो र अत्यन्त अरूचीकर जवाफ फर्काई अर्चनाले ।

मनमा उब्जिएको क्रोधको हुण्डरीलाई जबरजस्ति मनभित्रै ड्याकेर राख्यो उसले र अर्चना तर्फ फर्किएर सम्भव भएसम्म सामान्य बनेर आफ्नो असन्तुष्टि व्यक्त गऱ्यो, "यी लुगाले तिमीसँग खान मागेका थिए र ? दराजमा मजाले थन्किएर बसेका थिए - के बिग्रेको थियो र त्यसरी कामै नलाग्ने बस्तु जस्तो फाल्नु पऱ्यो ?"

अर्चनाले जवाफ फर्काइन बरू फन्केर बेडरूम भित्र पसी र ढ्याम्म ढोका लगाई । उदयले केही बुझेन, अर्चना के भन्न खोज्दै थिई वा आफ्नो बोली व्यवहारबाट कुन चाँही गुनासो र असन्तुष्टि अभिव्यक्त गर्न खोज्दैथी । ऊ अलमल्ल भएर उभियो एकछिन । तुरून्तै उसका आँखा अघि अर्चनाले देखाएको पोकोमा पर्न गयो - सुरूचीका बाँड्न बाँकी भएका लुगाहरूको पोको । उसले हतार हतार गएर पोको खोल्यो ।

कठै, सुरूचीका लुगाहरू ! यी हरेक लुगामा सुरूचीको सुगन्ध टाँसिएको छ, माया भरिएको छ, यी लुगाहरूमा ऊ सँग बिताएका हरेक पलका आत्मीय प्रीय स्मृतीहरू छन् । स्मृती मात्र हैन, उसलाई लाग्छ यी प्रत्येक लुगामा सुरूची ऊसँगै छे । पूर्ण, सजीव र चलायमान, उसकी प्रीय सुरूची !

उदय घुँडा टेकेर लुगाको पोको अगाडि बस्यो । एउटा लुगा दुवै हातले समायो र नाकमा टँसाएर सुँघिरह्यो । यी लुगाहरूसँग उसको अत्यन्त लगाव, प्रेम र आशक्ति छ । किनकी यिनका रेशा रेशामा सुरूचीको आत्मा बसेको छ । यी प्रत्येक लुगाहरू सुरूचीले आफ्नो शरीरमा लपेटेकी थिई त्यसैले उसलाई लाग्छ यी प्रत्येक लुगाहरूमा सुरूची अहिले पनि लपेटिएकी छ । यी लुगाहरू जसलाई कैयौँ पटक उसले आफैँले सुरूचीलाई लगाइदिएको थियो, लगाउन सघाएको थियो, हरेक रात उसले आफ्नै हातले यीनलाई सुरूचीको शरीरबाट खोलेको थियो, खोल्न सघाएको थियो । अहिले यी लुगाहरूसँग जोडिएको उसको भावनाको कुनै वास्ता नगरी अत्यन्त मूल्यहिन र कामै नलाग्ने बस्तु भैँ गरी अर्चनाले घरबाट हटाउन खोजेको बुझेर उसको हृदय अत्यन्त मर्माहित भयो ।

उदय लुगाको थुप्रो अगाडि घुँडा टेकेर बसि नै रहेको थियो, आफ्नो पछाडि आएर उसैलाई हेर्दै अर्चना ठिङ्ग उभिएकी छ भन्ने उसले देखेकै थिएन । तर जब देख्यो, ऊ हत्त पत्त सम्हालिएर उठ्यो । उसले यसो छड्के नजरले अर्चनाको अनुहार हेऱ्यो, उसका आँखाहरू क्रोधाग्नीले धप्प बलेका जस्ता देखिए, नाकका पोराहरू फुलेका थिए र ऊ ठुलोठुलो श्वास फेर्दैथी । ऊ किन रिसाएकी थिई उसले बुझ्न सकेन । उदयले अर्चना रिसाएकी छ भन्ने आफूलाई थाहै नपाएजस्तो गरी ऊ बाट नजर लुकाउँदै अघिकै प्रश्न दोहोऱ्यायो, "किन बाँडेकी यी लुगाहरू ? मजाले दराजमा थन्किएर बसेका थिए, के बिग्रेको थियो र .....?"

उदयले बोली सक्न पनि भ्याएको थिएन, अर्चनाले उदय तर्फ फर्किएर झम्टौँला झैँ गरी "के बिग्रेको थियो रे ? तिमी बिग्रेको थियौ, तिमी । तिमीलाई सपार्न यो सबै गरेको हो मैले । अति नै गर्न थाल्यौ तिमीले । भूतप्रेतको वशमा परेर आफू त बौलाउने भयौँ नै, मेरो पनि जिन्दगी बर्बाद पार्ने भयौँ । तिमी सुध्रौला, सम्हालौला आफैँलाई भनेर म निकै पर्खें, तिम्रो दुःख र सम्वेदना बुझेर सहानुभूतिका साथ म लामो समय सम्म चुपचाप बसें । तर तिमीले त झन् झन् झास्सिनै पो जोड गर्न थाल्यौ

अँध्यारोमा । यसरी कति दिन चल्छ हँ ? मरेर गएकी स्वास्नीको सम्झनामा जिन्दगी भरी झोक्राएर बस्ने रहर थियो भने म सँग किन बिहे गरेको ? अहँ, अब म यस्तो हुन दिन्न, बुझ्यौ ? म ल्याउँछु तिमीलाई ट्र्याकमा ।"

अर्चनाको क्रोधयुक्त आशय बुझेर उदय खुम्चियो । सही थिई ऊ । त्यसैले मनमा चोट परे पनि नैतिक रूपमा पराजित भएको उसले प्रतिवाद गर्ने कुनै विषय नपाएर आफ्ना आँखा झुकायो । अहिलेसम्म नछेडिएको 'भर्जिन' प्रसँग ल्याएकी थिई अर्चनाले उनीहरू बीच अहिले । थप कुरा गर्ने हो भने उसको अर्चना प्रतिको उदासिनता, बेवास्ता तथा उसको बहुलट्ठीपूर्ण व्यवहार छताछुल्ल बाहिर आउने डर भएकोले यो प्रसंगलाई त्यत्तिकै अन्त गर्ने मनसायले टि.भी. हेर्ने बाहानामा रिमोट कन्ट्रोल खोजे जस्तो गर्दै मसिनो स्वरमा बोल्यो ऊ, "नभाको कुरा, मैले के गरेको छु र त्यस्तो ?"

सधैँ जस्तो थिइन अर्चना आज, भड्केकी थिई ऊ । भाग्दै गरेको उदयको हात च्याप्पै समातेर तानी उसले र उदयलाई आफूतर्फ फर्काएर आँखा जुधाउँदै कराई, "कहाँ हिँडेको ? यहाँ बसेर मसँग कुरा गर । के नभाको कुरा गरेँ मैले ? तिम्रो जीवनमा मेरो कुनै अर्थ छ कि छैन ? कहिले कुनै कुराको शेयरिङ्ग छैन, हाँसी, मजाक, रोमान्स त कहाँ हो कहाँ, मसँग बोल्नै पनि नपरे हुन्थ्यो जस्तो गर्छौ त ? के हो यस्तो चाला ? हरेक दिन अफिसबाट आयो, थाकेको छु भनेर घण्टौँ कोठामा थुनिएर बस्यो, राती सुत्ने बेलामा पढ्नु छ भनेर फेरि अर्को कोठामा थुनिएर बस्यो, आधा रातमा म निधाएँ भन्ने निश्चित भए पछि बल्ल सुत्न आयो । अनि बिहान भएपछि फेरि अफिस जानकै हतार । मैले सब बुझेकिछु, तिमी विभिन्न बहानामा यो कोठामा आउने कारण यिनै लुगाहरू हुन् मैले तिमीलाई भ्यालको पर्दाबाट चियाएर कैयौँ पटक हेरेकी छु । जहिल्यै आयो, दराज खोल्यो, उभिएर क्वार्कार्ती तिनै लुगालाई हेऱ्यो, बसेर तिनै लुगाहरू सुम्सुम्यायो, कहिले आफ्नै जिउमा बेरेर एक्लै खित्खित् हाँस्यो, कहिले बेडमा फैलाएर त्यसैमा सुत्यो, अनि मैले थाहा पाउँछु भनेर फेरी जस्ताको त्यस्तै पट्याएर राख्यो । यसरी के गर्न खोजेको हो ? मलाई सधैँ यसरी बेवास्ता गरेरै पुग्छ भन्ने ठानेको छौँ ? हैन, म तिम्री स्वस्नी हो कि हैन ? खै, तिमीले मलाई त्यो दर्जा दिएको ? छुट्टीको दिन पनि जहिल्यै झोक्राएरै बिताउँछौ, त्यसै टोलाएको छ, एकोहोरिएको छ, ऐक्लै बोलेको छ, एक्लै ईशारा गर्दै हाँसेको छ । यो त राम्रो लक्षण हैन त, उदय !"

रंगेहात चोरी पक्राउ परेको चोर झैं चुपचाप खडा भयो उदय । न आफ्नो प्रतिरक्षा गर्ने शब्दहरू थिए ऊसँग, न अर्चनाले उसलाई त्यहाँबाट उम्कन दिइरहेकी थिई । अर्चनाले तानेर बिस्तारै उस्लाई सोफामा बसाई, ऊ पनि छेउमै बसी र उसका दुवै हात समातेर अलि मत्थर स्वरमा बोली, "हेर उदय, म तिम्रो दुस्मन हैन, तिम्रो जीवनसाथी हुँ । आफ्नो मनमा लागेको कुरा तिमी म सँग भन्न सक्छौ । म तिमीलाई सक्दो सहयोग नै गर्छु । आवश्यक पर्छ भने अस्पताल जाऊँ । तर यसरी सधैं बितेको कुरामा अल्मलिएर हुँदैन, जीवनमा अगाडि नबढी हुँदैन ।"

उदयले फेरी पनि केही बोलेन । अर्चनाको कडा भाषामा पनि ऊ प्रति अपार प्रेम र समर्पणभाव पाईरहेको थियो उसले । उदयको यो हद सम्मको अर्चना प्रतिको उदासिनता, गैरजिम्मेवारीपन र बेवास्ताको पनि उसले आजसम्म कहिल्यै गुनासो गरेकी थिइन, कुरा उठाएकी थिइन । ऊ चुपचाप प्रतिक्षा गरिरहेकी थिई एकदिन त अवश्य उदय समालिन्छ र उसको आफ्नो बन्छ भनेर । तर आज उसको धैर्यता टुट्यो र यसरी बिष्फोट भई । उसले उदयका हात समाती समाती गम्भीर भएर भनी, "तिमीलाई थाहा छ, जब तिम्रो र मेरो बिहेको कुरा चल्यो, श्रीमतीको वियोगले तिमी साह्रै बिचलित भएका छौ भन्ने मैले थाहा पाएँ । आफन्तहरूले त्यस्तो केटालाई छोरी दिनु हुँदैन भने । तर मलाई लाग्यो आफ्नी श्रीमती मरेको नौं महिना बितिसक्दा पनि उसैको यादमा तड्पेर बस्ने मान्छे कसरी नराम्रो हुन सक्छ ? जसरी उसले पहिलो श्रीमतीलाई माया गर्थ्यो, त्यसरी नै मलाई पनि माया गर्नेछ । मैले ठाने म मेरो मायाले उसको उपचार गर्छु र बदलामा उसको माया प्राप्त गर्छु । यही सोचेर मैले नै तिमीसँग बिहे गर्ने ईच्छा व्यक्त गरेकी हुँ । बिहे भएर आएपछि तिमी उस्तै दुःखी र पीडामा भएको देखेर मैले माईतीमा बुबालाई भने, 'सायद त्यो घरमा उसका धेरै पुराना सम्झनाहरू होलान् घरका केही न केही कुराहरूले उसको पुरानो घाउ फेरि ताजा गरिदिंदा हुन् र उसले चाहेर पनि पुरानो कुरा बिर्सिन नसक्दो होला ।' बुबाले मेरो कुरा बुझेर तुरून्त तुरून्तै यो घर किन्दिबक्स्यो । यो घरमा आए पछि तिमीमा केही सुधार त आएकै हो, तर हामीले यो लुगाको दराज नल्याउनु पर्ने रैछ, घरमा सबैले 'राम्रा लुगाहरू छन् लैजाओ, उतै राख' भनेकोले ल्याइयो, त्यही हाम्रो गल्ती भयो । मलाई थाहा छ, यी लुगाहरूले नै तिमीलाई अगाडि बढ्न दिइराखेका छैनन् । यिनीहरूलाई म कुनै हालतमा अब यो घरमा राख्दिन ।

अर्चनाका कडा, स्पष्ट र सत्य कुराहरूले उदयलाई राम्रैसँग झक्झकायो अहिले । उसलाई लाग्यो भावनामा बगेर गुज्रिसकेको समयका लागि सदैव आँशु चुहाएर, मरिच झैँ आफैँ चाउरिएर पक्कैँ जीवन चल्दैन । उसले आफ्नै खुसीको लागि र ऊसँग अभिन्न भएर गाँसिएकी अर्चनाको लागि पनि अब व्यवहारिक बन्नै पर्छ । मन, मुटु दरो पारेर, इतिहासलाई आफ्नै ठाउँमा थन्काएर अब पनि दरिला पाइला अघि सार्न सकेन भने ऊ निकम्मा र नामर्द हुनेछ, जिन्दगी अहिले भन्दा झन् दुःखी र पीडादायी हुनेछ । उदयले सोच्यो अर्चनाको ऊ प्रतिको माया र सद्भावको अहिले उसले सम्मान गर्न सकेन भने उसले जिन्दगी भरी यही मायाको लागि तड्पिनु पर्नेछ ।

अब त उदय र अर्चनाको बिहे भएको पनि एक वर्ष हुन लाग्यो । त्यसैले उदय पनि वास्तवमा बिर्सिन चाहन्छ सुरूचीलाई, सेलाइदिन चाहन्छ बिस्मृतीको गंगामा सुरूचीसँग सम्बन्धित सबै सम्झनाहरूलाई र मेटिदिन चाहन्छ बेला न कुबेला उसको आँखा अगाडि चलचित्र झैँ नाचिरहने उसको स्वरूपलाई । ऊ मुक्त हुन चाहन्छ अब सुरूचीको सम्झनासँगै दुख्ने लामा लामा रातहरू बाट, हरपल सियोले झैँ घोचिरहने अत्यन्त पीडायुक्त दिनहरूबाट ।

घरमा सुरूचीका लुगा भएकै कारणले मात्र उदयको ब्यथा बल्झिरहेको हो वा होइन उदय यसै भन्न सक्दैन । तर जे जे कारणले ऊ दुःखी भइरहेको भए पनि, उसलाई अहिले कता कता विश्वास लाग्यो कि अर्चनाले नै उसलाई यो दलदलबाट निकाल्न सक्छे । उदयले अहिले मनमनै गम्यो र आश्वस्त भयो कि दन्त्यकथाकी पतिब्रता स्त्रीले अनेकौँ अनिष्टबाट आफ्नो लोग्नेको रक्षा गरे झैँ अर्चनाले पनि आफ्नो आत्मविश्वास र लोग्ने प्रतिको घनिभूत मायाको शक्तिले उसलाई सबै असहजताहरूबाट मुक्त गर्नेछे र ऊ पनि सामान्य जीवनयापन गर्न सक्नेछ, अरू जस्तै सुखी र खुसी हुन सक्नेछ । उदयले अर्चनाको भनाइको कुनै प्रतिवाद गरेन, कुनै शाब्दिक जवाफ फर्काएन । बरू उसले भनेका सबै कुराहरू स्वीकार र समर्थन गरेको आशयमा चुपचाप अर्चनाको काखमा आफ्नो शिर राखेर सुतिदियो । उसले एक किसिमले अर्चनासँग आत्मसमर्पण गऱ्यो र आफैँलाई उसको जिम्मा सुम्पिदियो । अर्चनाले उदयको यो मौन भाषा बुझी र स्नेहपूर्वक उसको केश सुम्सुम्याई ।

कसैले ढोका ढकढक्यायो । अर्चनाले लुगा लिनलाई बोलाएकी धाई दिदी रहिछिन् । लुगाको गहकिलो पोको पाएर उनी गद्गद् भइन् । जब लुगा

बोकेर धाई दिदी बाहिरिँदै थिइन्, उदयले उनलाई हेरिरहेको थियो । तर अहिले भर्खरै सम्म भएको ती लुगाहरूप्रतिको आकर्षण, लगाब र मोह उदयले आफूमा घटेको महसुस गऱ्यो । उसको मन थोरै बिचलित त भयो, एक झोक्का बिरहले उसको अन्तर त हल्लाएकै हो एकपटक तर जब धाई दिदी दृष्यबाट अलप भइन्, उदय पनि बिस्तारै सामान्य हुँदै गयो ।

राती यो र त्यो बाहाना गेरर सुत्न अबेर गर्ने उदय आज अर्चना सँगै पलङमा ढल्क्यो । अत्यन्त होश पुऱ्याउनु पर्ने, नत्र फुटि हाल्न सक्ने सामानलाई झैँ गरी बडो जतनका साथ अर्चनाले प्रेमपूर्ण आलिंगनमा उसलाई बाँधी । मातृवात्सल्यको छहारीमा ढुक्क भएर सुतेको बालक झैँ एकै छिनमा ऊ निदायो ।

आधा रातमा कसरी हो उदयको निद्रा खुल्यो । उसले बिस्तारै अर्चनाको आलिंगनबाट आफूलाई हटायो र एकछिन मायालु भावले धिमा प्रकाशमा देखिएको उसको सुन्दर मुहार निहारिरह्यो । जब ऊ पुनः निदाउने जमर्को गर्दैथ्यो, उसले अचानक देख्यो कि अलिकति खुलेको ढोका बाहिरबाट सुरूचीको धमिलो आकृति उसैलाई हेरिरहेको थियो । उसलाई सुरूचीको आकृतिले बोले जस्तो लाग्यो "राजा, हजुर कत्ति पनि चिन्ता नलिबक्स्योस्, यहाँ भएका मेरा लुगाहरू अर्चनाले अरूलाई बाँड्दैमा के भो त ? मेरा केही लुगाहरू त हाम्रो अर्को घरमा छँदैछन् नि, त्यो स्टिलको दराजमा छन् बुझिबक्स्यो ?"

उदय अकमक्क पऱ्यो, हेरेको हेऱ्यै भयो । उदयको हृदयको एउटा भित्री तहले उसलाई तुरून्तै उठेर सुरूचीका पछि पछि जान, अर्को कोठामा गएर हिजो अस्ति जस्तै ऊसँगै कुरा गरेर बस्नलाई घच्घच्यायो । सुरूचीले पनि बाहिरबाट याचनामय आँखाले उसलाई आमन्त्रण गरिरही। सुरूचीको आकर्षण यती बलियो थियो कि ऊ जुरूक्क उठ्यो र पलङमा बस्यो । ऊ बाहिर नगई नसक्ने हालतमा पुग्यो । ठिक यतिखेरै अर्चना चल्मलाई, निन्द्रामै उसको एउटा हात आएर उदयको काखमा बस्यो । उदयले अर्चनाको निर्दोष अनुहार एकछिन सम्म हेरिरह्यो । उसले अर्चनाको हात बिस्तारै पन्छायो र पलङ्गबाट ओर्लेर ढोका तर्फ बढ्यो । सुरूची खुसी भई । तर उदयले ढ्याम्म ढोका बन्द गऱ्यो, चुकुल लगायो र पलङ्गमा आएर अर्चनासँगै गुटुमुटु भएर सुत्यो । पुनः निदाउनु अघि उसले निश्चय गऱ्यो कि अर्चनालाई भनेर भोलि नै अर्को घरमा भएका सुरूचीका लुगाहरू पनि सबै बाँडिदिनुपर्छ । ♦♦♦

संगठित आपराधिक समूहको संलग्नतामा हुने भ्रष्टाचार नियन्त्रणमा प्रहरीको भूमिका

विषय प्रवेशः

फौजदारी विधिशास्त्रको नविनतम अवधारणाको रूपमा संगठित अपराधको विकास हुन पुगेको छ । संगठित अपराध आफैमा स्वतन्त्र अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित भएकोले संगठित अपराध सामान्य अपराधको तुलनामा गम्भिर प्रकृतिको हुन्छ । इन्टरपोलका अनुसार संगठित अपराध भन्नाले राष्ट्रिय सिमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्धेश्यले निरन्तर रूपमा गैरकानूनी कार्यमा संलग्न रहदै आएको कुनै संगठन वा व्यक्तिहरूको समूहले आफ्नो शक्ति, पैसा, हत्या, आतंकको भरमा एउटा अनुशासित, संगठित संस्थाका रूपमा गर्ने तस्करी, जुवा, वेश्यावृत्ति, लागूऔषध कारोबार, बैंकिङ घोटाला, मुद्राको अपचलन लगायतका अपराधजन्य कार्यहरूलाई संगठित अपराध भनिन्छ । एकातिर सूचना प्रविधिको विकास र आधुनिकीकरणसँगै

✍ **प्र.ना.उ. मोहन कुमार थापा**

नयाँ नयाँ आर्थिक अपराधको स्वरूप, प्रवृत्ति र प्रकारमा पनि परिवर्तन भइरहेका छन् भने अर्कोतिर संगठित आपराधिक कार्यमा संलग्न व्यक्ति एवम् समूहलाई संगठित हुन र आपराधिक क्रियाकलापहरू संचालन गर्न सजिलो भइरहेको छ । संगठित आपराधिक समूहले आधुनिक प्रविधि र नविन शैलीको प्रयोग गरी आपराधिक क्रियाकलाप संचालन गर्न थालेकाले यस्ता अपराध नियन्त्रण र अनुसन्धानको कार्य जटिल एवम् कठिन बन्ने गरेको छ ।

अपराधशास्त्रिय दृष्टिकोणबाट हेर्दा समाजमा संगठित अपराध, दण्डहिनता, अराजकता, उच्छृङ्खलता, अनुशासनहीनता, असुरक्षा बढ्नुमा भ्रष्टाचारलाई एक कारक तत्वको रूपमा लिइएको छ । संगठित अपराधको एउटा स्वरूपको रूपमा

रहेको भ्रष्टाचार शान्ति, सुरक्षा, स्थिरता, विकास, समृद्धी, कानूनी शासन, गुणस्तरिय सेवा प्रवाहको सुनिश्चितता एवम् सुशासन प्रबर्द्धनको प्रमुख बाधकको रूपमा रहेको छ । संगठित तवरबाट संचालन हुन सक्ने र विकास निर्माण तथा सुशासनलाई अत्यधिक प्रभाव पार्ने गम्भिर अपराधहरू मध्येको भ्रष्टाचार एक प्रमुख अपराध हो । उच्च पदीय हैसियत अर्थात प्रतिष्ठाको आडमा वा पेशागत आधारमा गरिने अपराध अपराधशास्त्रमा श्वेतग्रिवी अपराध (White Color) को रूपमा परिचित भएको देखिन्छ । यस्ता अपराधहरू उच्च पदस्थ कर्मचारी तथा राजनीतिक पदाधिकारीहरूबाट पदीय अधिकारको दुरूपयोगको उपजको रूपमा हुने भएकोले यस्ता अपराधलाई नैतिकताको प्रतिकूल गम्भीर अपराधको रूपमा लिनु पर्ने हुन्छ भनी नेपाल सरकार विरूद्ध खुम बहादुर खड्का (नेकाप २०६९) को मुद्धामा सर्वोच्च अदालतले बोलेको छ ।

भ्रष्टाचार आर्थिक अपराधको एउटा स्वरूप भएकोले यस अपराधको नियन्त्रण गर्नका लागि लागुऔषध, मानव बेचविखन, सम्पत्ति शुद्धिकरण, अवैध हातहतियारको कारोबार, आतंकवाद, नक्कली मुद्राको कारोबार, बैङ्किङ घोटाला, राजस्व छली, हुण्डिको कारोबार आदि जस्ता संगठित रूपमा हुने आर्थिक अपराधको नियन्त्रण गर्नु उत्तिकै आवश्यक रहेको हुन्छ । यस्ता आर्थिक अपराधहरू सामान्यतया अन्तरदेशिय एवम् संगठित रूपमा हुने गरेको देखिन्छ । संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारको विरूद्ध लड्न सामुहिक प्रयास हुनु जरूरी छ । लागुऔषध, अवैध हातहतियारको कारोबार, मानव बेचविखन, बैंकिङ कसूर लगायतका संगठित प्रकृतिका अपराधको अनुसन्धान नेपाल प्रहरीले गर्ने भएकोले संगठित प्रकृतिको भ्रष्टाचारको नियन्त्रण तथा अनुसन्धानमा प्रहरीको महत्वपूर्ण भूमिका रहन्छ ।

संगठित अपराधका प्रमुख विशेषताहरूः

सङ्गठित अपराधलाई आपराधिक उद्धेश्य, अपराधको प्रकृति, यसको विस्तारित क्षेत्र, संजाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षबाट अन्य सामान्य प्रकृतिका अपराध भन्दा पृथक गर्ने गरिन्छ । आपराधिक समूहको स्थापना, छुट्टै संरचना, सदस्यता, आपराधिक क्रियाकलाप, शक्ति तथा आर्थिक लाभको उद्धेश्य, राजनीतिक व्यक्तिबाट संरक्षण यसका प्रमुख विशेषता रहेको पाइन्छ । यसमा एउटा औपचारिक संगठन, तहगत

संगठनात्मक संरचना, तह र श्रेणी रहेको हुन्छ । यसको सदस्यता गोप्य र सीमित हुन्छ । आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने उद्धेश्य रहन्छ । भ्रष्टाचारबाट शक्ति हासिल गर्ने र नाफा कमाउने विशेषता रहन्छ । भ्रष्ट सरकारी अधिकारी, पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्दछ । भ्रष्ट अधिकारीहरूसँग सम्पर्क बढाउने, सन्जाल बनाउने र उनीहरूको संरक्षकत्व हासिल गर्ने गर्दछन् । आफनो उद्धेश्य प्राप्त गर्न दक्ष र निपूर्ण अपराधकर्मीको सेवा प्राप्त गर्दछन् । राष्ट्रिय वा अन्तर्राष्ट्रिय अन्य आपराधिक सङ्गठनहरूसँग समन्वय, सम्बन्ध र सञ्जाल फैलिएको हुन्छ । सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग र संरक्षण प्राप्त गरेको हुन्छन् ।

भ्रष्टाचार र संगठित अपराध बीचको अन्तरसम्बन्धः

भ्रष्टाचार र संगठित रूपमा हुने आर्थिक अपराधको अन्योन्याश्रित सम्बन्ध रहेको छ । भ्रष्टाचारमा वृद्धि भएमा अन्य फौजदारी अपराधमा पनि वृद्धि हुन्छ भने अन्य फौजदारी अपराधमा वृद्धि भएमा भ्रष्टाचारमा पनि वृद्धि भएको पाइन्छ । संगठित अपराधमा भ्रष्टाचारबाट शक्ति हासिल गर्ने र नाफा र भ्रष्ट सरकारी अधिकारी, पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्ने, भ्रष्ट अधिकारीहरूसँग सम्पर्क बढाउने, सन्जाल बनाउने र उनीहरूको संरक्षकत्व हासिल गर्ने विशेषता हुने हुँदा संगठित अपराध र भ्रष्टाचारको नजिकको सम्बन्ध रहेको हुन्छ । सरकारी पदाधिकारीहरू कुनै संगठित समूहको नेटवर्किङमा रही वा समूहको दबाब, प्रभाव, सहयोग, सम्बन्ध, संलग्नता वा लोभलालचमा परी हुने भ्रष्टाचारजन्य कार्य संगठित रूपमा हुने भ्रष्टाचारका स्वरूपहरू हुन । भ्रष्टाचार र संगठित रूपमा हुने आर्थिक अपराध नियन्त्रण भएमा मात्र सुशासन कायम भई लोकतन्त्र बलियो र प्रभावकारी हुन्छ । भ्रष्टाचार आफैमा सङ्गठित अपराधको एक किसिम भएको हुँदा सम्पत्ति शुद्धिकरण, कर छली, लागूऔषध, मानव बेचविखन, अवैध हतियार समेतका अन्य खालका सङ्गठित अपराध सम्पन्न गर्न समेत यसले भूमिका खेलेको हुन्छ ।

संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (२) को खण्ड (ग) अनुसार कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा

आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भिर अपराध गरेमा संगठित अपराध मानिनेछ भन्ने व्यवस्था गरेकोले भ्रष्टाचार एक गम्भिर अपराध भएको हुँदा संगठित अपराधसँग भ्रष्टाचारको नजिकको सम्बन्ध रहेको छ । भ्रष्टाचार गर्ने र भ्रष्टाचार नियन्त्रण तथा कारबाही गर्ने, अपराध नियन्त्रण गर्ने र अपराध गर्ने अपराधीलाई कारबाही गर्ने निकायहरू बीचको दुरी टाढा हुदैन । भ्रष्टाचारले समाजमा हुने अन्य अपराधको संरक्षण र अवसर प्रदान गरिरहेको हुन्छ । फिन्डलेले भ्रष्टाचारको सिधा सम्बन्ध अपराधमा संलग्न उद्योग व्यवसायसँग रहने भन्दै भ्रष्टाचारबाट गैरकानूनी आर्जन गर्ने व्यवसाय फस्टाउँछ भनेका छन् ।

त्यसैगरी अर्का विद्वान Laurie Freeman का अनुसार संगठित अपराध भ्रष्टाचार विना अस्तित्वमा रहन सक्दैन र यसले भ्रष्टाचारका लागि अवसर सिर्जना गर्दछ । जहाँ संगठित अपराधी सक्रिय छन् त्यहा भ्रष्टाचार बढी हुने गर्दछ । भ्रष्टाचार र संगठित अपराध राजनीतिक अस्थिरताको समयमा अझ सक्रिय रहेको हुन्छ । राजनीतिक अस्थिरता हुँदा कर्मचारी र राजनीतिक व्यक्तिलाई प्रभावमा पार्न सजिलो हुन्छ ।

भ्रष्टाचार एक संगठित अपराधको एक स्वरूप भएको र संगठित तवरले हुने भ्रष्टाचारले अपराधको गम्भिरता बढाउछ । संगठित रूपमा हुने भ्रष्टाचार नियन्त्रणमा आउन सकेन भने समग्र अर्थतन्त्र र कानूनको शासनलाई चुनौती सिर्जना गर्दछ । संगठित भ्रष्टाचारले राष्ट्र सेवकलाई अपराधीको पक्षमा काम गर्न प्रश्रय गर्ने भएकाले सरकार निष्प्रभावी हुदै जान्छ । भ्रष्टाचारले अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायाधिश समेतलाई प्रभावित पार्ने भएकोले अपराधिले उन्मुक्ति पाउने जोखिम बढी हुन्छ । भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने संगठित अपराधमा वृद्धि हुने सम्भावना बढी हुन्छ । संगठित अपराध र भ्रष्टाचार दुबै अपराधको उद्धेश्य आर्थिक लाभ प्राप्त गर्नु रहेको हुन्छ । अन्तरदेशिय संगठित अपराध सम्बन्धी महासन्धीले भ्रष्टाचारलाई संगठित र सिमाविहिन अपराधको रूपमा व्याख्या गरेको हुनाले पनि भ्रष्टाचार र संगठित अपराधको अन्तरसम्बन्ध रहेको छ ।

अन्तर्राष्ट्रिय महासन्धीमा भएको महत्वपूर्ण व्यवस्थाः

अन्तरदेशिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघिय महासन्धी, २००० मा संगठित आपराधिक समूह

भन्नाले तीन वा तीन भन्दा बढी व्यक्तिहरू संलग्न रहेको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक एवम् अन्य भौतिक लाभ लिनका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह भनी परिभाषित गरिएको छ । यस महासन्धीले संगठित आपराधिक समूहमा सहभागी हुने, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, मानव बेचविखन, मानव तस्करी, अवैध हातहतियारको कारोबार, अस्त्रको उत्पादन तथा बेचविखन आदी कार्यलाई संगठित अपराधका रूपमा लिएको छ ।

महासन्धीले एउटा सहभागीद्वारा संगठीत समूहसँगको सम्झौता वा सहभागितामा प्रत्यक्ष वा परोक्ष रूपमा आर्थिक वा अन्य भौतिक लाभ प्राप्त गर्नका लागि गम्भिर अपराध गर्नका लागि एक वा बढी व्यक्तिसँग सहमत भई गरेको कार्य वा संगठित आपराधिक समूहको उद्धेश्य वा गतिविधिहरूबारे जानकारी भई संगठित आपराधिक समूहको कार्यमा भएको सहभागिता वा आफ्नो सहभागिताले संगठित समूहको उद्धेश्य प्राप्त गर्न सहयोग पुग्छ भन्ने जानकारी भई कुनै व्यक्तिद्वारा गरिएको सहभागिता र संगठित आपराधिक समूहको सहभागिता भएको अपराधको आयोजना, निर्देशन, सहयोग, सहभागिता, समर्थन वा सल्लाह आपराधिक कार्यका रूपमा मानेको छ । अन्तरदेशिय संगठीत अपराध सम्बन्धी महासन्धीले कुनै सार्वजनिक अधिकारीलाई कुनै काम गरिदिए वा नगरिदिए वापत प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा पुऱ्याउन वचन दिनु वा निजको तर्फबाट अरू कसैलाई त्यस्तो फाइदा पुऱ्याउनुलाई भ्रष्टाचार मानेको छ । सार्वजनिक अधिकारीबाट पनि त्यस्तो कार्य गरिदिए वा नगरिदिए वापत फाइदा लिनु वा लिन प्रयास गर्नुलाई भ्रष्टाचार भनिएको छ । महासन्धीले सार्वजनिक क्षेत्र बाहेकका अन्य क्षेत्रमा हुने भ्रष्टाचार रोक्न कानून बनाउन पनि राष्ट्रहरूलाई निर्देश गरेको छ । हरेक राष्ट्र उपर भ्रष्टाचार रोक्न कानून निर्माण गरी भ्रष्टाचार रोकथाम गर्ने, पत्ता लगाउने र सजाय गर्न प्रभावकारी उपायहरू अपनाउने निर्देश गरेको छ ।

महासन्धिमा कानूनी व्यक्तिहरूबाट हुने संगठित अपराध रोक्न अन्तर्राष्ट्रिय सहयोग लिने दिने, सुपुर्दगी, पारस्परिक कानूनी सहायता र पीडित तथा साक्षीको व्यवस्था समेत गरिएका छन् । महासन्धीले भ्रष्टाचारलाई अन्तरदेशिय तथा गम्भिर संगठित अपराधको रूपमा चित्रण गरेको छ । भ्रष्टाचार विरूद्ध संयुक्त राष्ट्र संघिय महासन्धि, २००३ लाई नेपालले सन् २०११ मा अनुमोदन गरिसकेको छ ।

यस महासन्धीको प्रस्तावनामा भ्रष्टाचार अन्तरदेशिय क्रियाकलाप भएको र त्यसले सबै समाज एवम् अर्थ व्यवस्थाहरूलाई प्रभावित गर्ने तथा त्यसको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने भन्ने उल्लेख गरेको छ । भ्रष्टाचार विरूद्धको निरोधात्मक प्रबर्द्धनात्मक र उपचारात्मक नीतिको तर्जुमा र कार्यान्वयन, भ्रष्टाचार विरूद्धको प्रभावकारी उत्तम अभ्यासको विकास र प्रबर्द्धन, भ्रष्टाचार विरूद्धका संयन्त्रको क्षमता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध कार्य गर्ने स्वतन्त्र र सक्षम राष्ट्रिय संस्थाको स्थापना, सार्वजनिक पदाधिकारीको नियुक्ति, बढुवा तथा अवकाश सम्बन्धी वस्तुगत तथा पारदर्शी व्यवस्था, राजनीतिक दलहरूको आय व्ययको पारदर्शिता, सार्वजनिक पदाधिकारीहरूको काम कारबाहीमा स्वार्थको द्वन्द्व निवारण गर्ने व्यवस्था, सार्वजनिक पदाधिकारीहरूका लागि आचार संहिताको तर्जुमा र कार्यान्वयन, पारदर्शिता, प्रतिस्पर्धा, उत्तरदायित्व र वस्तुगत आधारमा सार्वजनिक खरिद र वित्तको व्यवस्थापन गर्ने, सरकारको काम कारबाहीको सार्वजनिक सूचना प्रवाह र काममा पारदर्शिता, न्यायपालिकामा हुन सक्ने भ्रष्टाचारको नियन्त्रण, सरकारको निर्णय प्रक्रियामा पारदर्शिता, सम्पत्ति सुद्धिकरण विरूद्धका उपाय अवलम्बन गर्ने, भ्रष्टाचारजन्य कार्यलाई फौजदारी कसूर कायम गरी कारबाहीको व्यवस्था गर्ने, भ्रष्टाचारबाट आर्जित सम्पत्ति जफत गर्ने, अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने, आपराधिक आर्जनको विदेशमा रहेको सम्पत्तिको रोक्का, फिर्ता तथा जफत गर्ने, प्राविधिक सहायता, साक्षी, विशेषज्ञ र पीडितको सुरक्षा, सूचित गर्ने व्यक्तिको सुरक्षा, नोक्सानीको क्षतिपूर्ति, सूचना संकलन र आदानप्रदान गर्ने, विशिष्टीकृत निकायहरूको सुनिश्चितता, कानून कार्यान्वयन गर्ने निकायहरू बीचको सहयोग, सार्वजनिक निकाय र निजी क्षेत्र बीचको सहयोग जस्ता विषयहरूलाई समेत महासन्धीमा समेटिएको देखिन्छ ।

महासन्धीको कार्यान्वयनमा नेपालको दायित्वः

नेपालले संगठित अपराध विरूद्धको महासन्धी, आतंकवादी, मानव बेचविखन, भ्रष्टाचार र सम्पत्ति सुद्धिकरणसँग सम्बन्धित महासन्धीहरू समेतको अनुमोदन गरिसकेकोले उल्लिखित महासन्धीहरूमा व्यवस्था भएका प्रावधानहरू संगठित अपराध नियन्त्रण तथा अनुसन्धानमा समेत आकर्षित हुने हुनाले नेपाल पक्ष भएका उल्लेखित महासन्धीका प्रावधानहरू

लागु गर्नु पर्ने दायित्व रहेको देखिन्छ । निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थामा हुने भ्रष्टाचार, घुसखोरी र सम्पत्तिको हिनामिनाको अपराधीकरण, विदेशी सार्वजनिक अधिकारी र सार्वजनिक अन्तर्राष्ट्रिय संगठनका अधिकारीले घुस रिसवत लिने दिने कार्यको अपराधीकरण, फौजदारी कारबाहीको स्थानान्तरण, कैद भुक्तान गर्ने प्रयोजनका लागि गरिने कैदीको हस्तान्तरण, दुई पक्ष वा बहुपक्षिक सम्झौता वा प्रबन्ध मार्फत गरिने संयुक्त अनुसन्धान, भ्रष्टाचारबाट आर्जित विदेशमा रहेको सम्पत्तिको रोक्का, बरामद, फिर्ता, प्राप्ति, जफत, पारस्परिक सहयोगको आदान प्रदान गरी महासन्धिको दायित्व पूरा गर्न पीडित, विशेषज्ञ, साक्षी, सूचनादाता तथा सुराकीको संरक्षण सम्बन्धी कानून, सार्वजनिक संस्थान, प्रहरी, सशस्त्र, सेना सम्बन्धी आयोग सम्बन्धी कानून निर्माण गरिनुपर्ने र हाल विद्यमान भ्रष्टाचार निवारण ऐन र संगठित अपराध निवारण ऐनमा समेत महासन्धी अनुकूल संशोधन हुन जरूरी देखिएको अध्ययनले देखाएको छ । महासन्धीले व्यवस्था गरे बमोजिम नेपालमा निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई कारबाहीको दायरामा ल्याउने गरी कानूनी व्यवस्था गर्ने हो भने भ्रष्टाचार र संगठित अपराध नियन्त्रण गर्न सहज हुने देखिन्छ । सुपुर्दगी, पारस्परिक कानूनी सहायता, सूचना आदानप्रदान, अपराधबाट आर्जित सम्पत्तिको जफत तथा फिर्ता गर्ने जस्ता विषयहरू भ्रष्टाचार र अन्य संगठित अपराध नियन्त्रणका प्रभावशाली अस्त्र भएकोले यस्ता विषयहरूमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

संगठित अपराध निवारण ऐन, २०७० को प्रस्तावनामा संगठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्नु र संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सो सँग सम्बन्धित अन्य विषयमा कानूनी व्यवस्था गर्न भन्ने उल्लेख गर्दै कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भिर अपराध गरेमा निजले संगठित अपराध गरेको मानिनेछ भनी परिभाषित गरेको छ । यस ऐनले कसैले पनि आपराधिक समूह स्थापना गर्न वा संचालन गर्न वा गराउन वा जानीजानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन, न्यायिक कारबाहीमा अवरोध

गर्न वा गराउन, विध्वंसात्मक कार्य गर्न वा गराउन र आपराधिक लाभ लिन वा लिन लगाउन निषेध गरेको छ । भ्रष्टाचारको कसूर गम्भिर एवम् संगठित अपराध भएकोले संगठित समूहको संलग्नतामा हुने गम्भिर प्रकृतिको भ्रष्टाचार मुद्धामा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान, अभियोजन गरी मुद्धा दायर गर्ने कार्यको थालनी गरी महासन्धीको प्रभावकारी कार्यान्वयन गर्ने हो भने भ्रष्टाचार लगायतका अन्य संगठित अपराध नियन्त्रण र अनुसन्धान गर्न सहज हुन सक्दछ ।

प्रहरीको भूमिकाः

कानून कार्यान्वयन गर्ने सबैभन्दा भरपर्दो र जिम्मेवार संस्था प्रहरी संगठन हो । अपराध अनुसन्धानको कार्य प्रहरीको व्यावसायिक कार्य हो । अपराध नियन्त्रणमा कठोरता र भ्रष्टाचारमा शून्य सहनशिलता नेपाल प्रहरीको प्रमुख प्राथमिकतामा रहदै आएको छ । प्रचलित कानूनले अपराध नियन्त्रण, अपराध अनुसन्धान तथा शान्ति सुरक्षा जस्ता अति संवेदनशिल तथा गहन जिम्मेवारी नेपाल प्रहरीलाई सुम्पिएको छ । आन्तरिक भ्रष्टाचारजन्य कार्यको नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा नेपाल प्रहरी प्रतिबद्ध रहदै आएको छ । संगठित अपराध र अन्य फौजदारी अपराधको अनुसन्धान कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको प्रहरीले संगठित अपराधको एक स्वरूपको रूपमा रहेको भ्रष्टाचारको नियन्त्रण तथा अनुसन्धानमा सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएका निर्देशन तदारूत्ताका साथ कार्यान्वयन गर्दै आइरहेको पाइन्छ । भ्रष्टाचार आर्थिक अपराधको एउटा स्वरूप भएकोले यस अपराधको नियन्त्रण गर्नका लागि लागुऔषध, मानव बेचविखन, सम्पत्ति सुद्धिकरण, अवैध हातहतियारको कारोबार, आतंकवाद, नक्कली मुद्राको कारोबार, बैङ्किङ घोटाला, राजस्व छली, हुण्डिको कारोबार आदि जस्ता संगठित रूपमा हुने आर्थिक अपराधको नियन्त्रण गर्नु आवश्यक हुन्छ । प्रहरीले अनुसन्धान गर्ने संगठित अपराध अन्तर्गतका अन्य अपराधहरू नियन्त्रण र सफल अनुसन्धान भएमा भ्रष्टाचार नियन्त्रण र अनुसन्धानमा समेत सकारात्मक प्रभाव पर्दछ । नेपालमा भ्रष्टाचारको मुद्धाहरूको विश्लेषण गर्दा घुस रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, सार्वजनिक सम्पति हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गर्ने, सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले सार्वजनिक

खरिदमा अनियमितता गर्ने, झुट्ठा विवरण पेश गर्ने, ऐन कानूनको पालना नगर्ने, गैरकानूनी रूपमा सम्पति आर्जन गर्ने र नीतिगत भ्रष्टाचार गर्ने जस्ता प्रवृत्तिहरू रहेको देख्न सकिन्छ । यस्ता अपराधमा संलग्न हुने व्यक्तिहरू अन्य आर्थिक प्रकृतिका अपराधमा पनि संलग्न भएको देखिन्छ ।

प्रहरीले अनुसन्धान तहकिकात गर्ने मुद्धाहरू सरकारी कागज किर्ते, बैंकिङ कसूर, साइबर अपराध, ठगी लगायतका अन्य फौजदारी अपराधको अनुसन्धान गर्दै जादा भ्रष्टाचार निवारण ऐन, २०५९ ले निषेध गरेका अपराधहरू जस्तै घुस रिसवत, कमिसन, राजस्व चुहावट, गलत लिखत, सरकारी कागजात किर्ते, गलत अनुवाद, सरकारी कागजातको नोक्सान गर्ने, प्रश्नपत्रको गोपिनियता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन दिने लगायतका भ्रष्टाचारजन्य अपराध पनि भएको देखिएमा प्रहरीले भ्रष्टाचारको कसूरमा समेत छुट्टै अनुसन्धान तथा कारबाहीको लागि सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने र अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्य भएको पाइएमा सम्पत्ति सुद्धिकरण विभागमा पठाउने दायित्व अनुसन्धान गर्ने सम्बन्धित प्रहरी कार्यालयको रहने हुनाले त्यसतर्फ अनुसन्धान अधिकारी सजग र सतर्क हुनुपर्ने देखिन्छ । उदाहरणका लागि कसैले ऋणी र बैंक कर्मचारीहरूको मिलेमत्तोमा नक्कली धितो खडा गरी सरकारी कागज किर्ते बनाई सरकारी बैंकबाट ऋण प्रवाह गरेमा बैंकिङ कसूर र सरकारी कागज किर्ते मुद्धामा प्रहरीले अनुसन्धान गरी उक्त कसूर भ्रष्टाचार समेत भएकोले मुद्धा चलाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउनु पर्ने हुन्छ । यसरी प्रचलित कानून बमोजिम कानून बमोजिम तोकिएका फौजदारी मुद्धाहरूको अनुसन्धान गर्ने प्रमुख जिम्मेवारी रहेको प्रहरीले भ्रष्टाचार नियन्त्रण र अनुसन्धान गर्ने कार्यमा समेत उत्तिकै भूमिका निर्वाह गर्न सक्दछ ।

संगठित समूहले अपराध गर्ने शैली, तरिका र प्रवृत्तिमा आएको परिवर्तन, अपराध गर्नमा प्रयोग हुने प्रविधि, सञ्चारले संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचार अपराधको अनुसन्धान जटिल बन्दै गइरहेको छ । राज्य संयन्त्रमा समेत प्रभाव पार्ने क्षमता राख्ने संगठित आपराधिक समूहको संलग्नतामा हुने भ्रष्टाचारको प्रमाण

जुटाउन ज्यादै जटिल हुने हुँदा प्रहरी लगायत अन्य निकायहरूको महत्वपूर्ण सहयोग आवश्यक पर्दछ । संगठित समूहबाट हुने भ्रष्टाचारको नियन्त्रण तथा अनुसन्धान गर्न प्रहरी र अन्य सरोकारवाला निकायहरू बीच समन्वय र सहकार्य, संगठित अपराध र भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग विस्तारका लागि आवश्यक कानूनी तथा संगठन संयन्त्रको विकास, नविन वैज्ञानिक प्रविधिको अधिकतम प्रयोग, पारस्पारिक कानूनी सहायता, सुपुर्दगी सम्झौता र साक्षी पीडित संरक्षणमा प्रभावकारी कानूनी व्यवस्था गरी कार्यान्वयन गरिएमा मात्र संगठित अपराध र भ्रष्टाचार नियन्त्रण हुने भएकोले भ्रष्टाचार नियन्त्रणमा प्रहरीको अहम् भूमिका रहेको हुन्छ ।

इन्टरपोलमा आबद्ध देशहरूबीच आतंकवाद, संगठित अपराध, साइबर क्राइम, आर्थिक अपराध जस्ता अपराध नियन्त्रण गर्न एकआपसमा सहयोग तथा सहकार्य हुन सक्ने र त्यस्ता अपराध नियन्त्रणका लागि एकआपसमा प्रविधि तथा सूचनाहरू आदान प्रदान गर्न सक्ने हुनाले अन्तर्राष्ट्रिय सहयोग र सहकार्यमा समेत प्रहरीको महत्वपूर्ण भूमिका रहन सक्दछ ।

अन्त्यमा,

संगठित समूहको संलग्नता वा दबाब प्रभावमा वा आदेशमा सार्वजनिक सेवा प्रवाह र सरोकार निहित रहेका विषयमा प्रचलित कानूनले निषेध गरेका भ्रष्टाचारजन्य कसूर संगठित भ्रष्टाचारको अपराध अन्तर्गत पर्दछन् । संगठित अपराध र भ्रष्टाचार विरूद्धको महासन्धिहरूमा भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा मात्र संगठित अपराध र संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचार अपराधको प्रभावकारी नियन्त्रण र अनुसन्धान हुन सक्दछ । यसका लागि संगठित अपराध अनुसन्धान गर्ने जिम्मेवारी पाएको प्रहरी र भ्रष्टाचार निवारण गर्ने निकाय बीच प्रभावकारी समन्वयका साथै अन्य निकायको क्षेत्राधिकारमा पर्ने विषयमा सम्बन्धित निकायमा समेत अनुसन्धान गर्न पठाउने, महासन्धी अनुकुल हुने गरी प्रचलित कानूनमा संशोधन, सांगठनिक क्षमता अभिवृद्धि, अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, भ्रष्टाचार निवारण ऐन र संगठित अपराध ऐनमा उल्लेखित अनुसन्धान सम्बन्धी नविनतम व्यवस्था र कार्यविधिहरूको कार्यान्वयन, अन्तरदेशिय समन्वय र सहकार्यमा विस्तार, पारस्परिक कानूनी सहायता र सहयोगमा विस्तार, नविनतम वैज्ञानिक संसाधनको प्रयोग, पीडित र

साक्षीको संरक्षण लगायतका उपायहरू अवलम्बन गर्न आवश्यक छ ।

सन्दर्भ सामग्रीहरूः

- ♦ संगठित अपराध निवारण ऐन, २०७०
- ♦ भ्रष्टाचार निवारण ऐन, २०५९
- ♦ अन्तरदेशिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघिय महासन्धी, २०००
- ♦ भ्रष्टाचार विरूद्ध संयुक्त राष्ट्र संघिय महासन्धि, २००३
- ♦ नेपालमा संगठित अपराध दिपेश के.सी, २०७०, ब्रदर बुक्स प्रकाशन ।
- ♦ नेपालमा भ्रष्टाचार, भ्रष्टाचारी, हरिहर पोखरेल, २०७१, ब्रदर बुक्स प्रकाशन ।
- ♦ भ्रष्टाचारको शल्यक्रिया, हरि बहादुर थापा, परिमार्जित संस्करण, २०६०
- ♦ प्रा. डा. रजितभक्त प्राधानाङ्ग समेत (२०६७), भ्रष्टाचार नियन्त्रण सम्बन्धी रणनीतिको निर्माण तथा कार्यान्वयन पक्षमा देखिएका समस्याहरू एक विवेचना, कानून ।
- ♦ संगठित अपराध एक परिचय श्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान, ललितपुर, २०६९ ।
- ♦ संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन, महान्यायाधिवक्ताको कार्यालय नेपाल, २०७४
- ♦ डा.कुन्साङ लामा, नेपालमा संगठित अपराध सम्बन्धी कानून कार्यान्वयनको अवस्था, महान्यायाधिवक्ताको कार्यालय नेपाल, २०७५ ।

♦♦♦

गीत

✍ होम थापा

रोजी मिल्ने भए माया तिमीलाई नै रोज्थे
खोजी मिल्ने भए माया तिमीलाई नै खोज्थे

जहाँ तहीँ खोजी हिँडे तिमी भेटिएनौ
लुकी लुकी हेरे तिमीलाई कतै देखिएनौ
मन भरी राख्थे तिमीलाई मुटु भरी राख्थे
खोजी मिल्ने भए माया तिमीलाई खोज्थे

नभेटियौ तिमी आज न त तिम्रो माया
व्यर्थै किन खोजी हिँडे अध्याँरोमा छायाँ
खुशीहरू बाँड्थे तिमीलाई पिडाहरू पोख्थे
खोजी मिल्ने भए माया तिमीलाई नै खोज्थे

रोजी मिल्ने भए माया तिमीलाई नै रोज्थे
खोजी मिल्ने भए माया तिमीलाई नै खोज्थे ।

नो लकडाउन बुहारी

✍ **देवकी के.सी**

चीनबाट फैलिएको कोरोना भाइरसले विश्वमानै संक्रमण ल्याउन थालेपछि, प्रायजसो देशले लकडाउन घोषणा गर्न थाले । नेपाल सरकारले पनि लकडाउनको घोषणा गऱ्यो । देश लकडाउनले सुरक्षाकर्मी र स्वास्थ्य कर्मीमा भने जिम्मेवारी थपिए पनि प्रायजसो जागिरे, विद्यार्थी व्यापारी सबै फुर्सदिला बने । चिया पसलमा चियाको चुस्की लाउँदै नानाभाति गफ फलाक्नेहरू पनि घरमा नै बस्न बाध्य भए । भट्टि पसलमा जाँड धोकेर झगडाको खेती गर्नेहरूलाई पनि लकडाउनले केही दिन भए पनि साधु बन्न बाध्य पारेको थियो । लकडाउनले समय बिताउन गाह्रो परेको गुनासो धेरैको सुनिने गर्दथ्यो ।

तर लकडाउनले पनि मैनाको जीवनमा फुर्सद ल्याउन भने सकेको थिएन । बरू मैनाको जीवनमा व्यस्तता थपिएको थियो लकडाउनले । एन.जि.ओ. मा काम गर्ने लोग्ने अफिसको कामले बाहिर खटिनु पऱ्यो भन्दै महिनौ दिन सम्म पनि घरमा पाइला टेक्दैनथ्यो । लकडाउन भए लगत्तै एन.जि.ओ. को जागिरे लोग्नेको समय घरमा सुतेर नै बित्न थाल्यो । कलेज बन्द हुँदा छोरो निकै फुर्सदिलो बनेको छ । लोग्नेको दिन ओछ्यानमा सुतेर नै बित्छ । छोराको दिन मोबाइल, फेसबुक, भाइवर, कम्प्युटरमानै बित्छ ।

दमको रोगी सासुआमाको दिन टेलिभिजन कोठामानै बित्छ । लोग्नेको अकाल मृत्यु पछि छोरा बुहारीको अपहेलनाको शिकार बनेको बाथको रोगी आमाजु माइतीको शरणमा आइपुगेकी छिन् । उनको दिन घाममा शरीर तताएरनै बित्छ । घरमा लोग्नेले सौता हुलेपछि, घर छाडेर माइत बस्न थालेकी नन्दको दिन गाउँ डुलेरनै बित्छ । गाउँघरका राम्रा नराम्रा समाचार बटुल्दै हिँड्ने नन्द एक हिसाबले गाउँको पत्रकार भन्दा पनि फरक नर्पला ।

लकडाउनले भने मैनाको जीवनमा आराम भन्ने शब्दनै गायब

हुने गरी कार्यभार थुपारेको छ । बिहानको र्मिमिरे उज्यालोमा गोठका बाख्राहरूलाई घासँ पानीको व्यवस्था गरे पश्चात मैनालाई सबैको भान्छाको व्यवस्थापन गर्न भ्याइ नभ्याई हुने गर्दछ । मैनाले सबैको रोग र रोजाई अनुसारको खाना तयार गर्नुपर्छ नत्र भने सबैको गुनासो उनको थाप्लोमा बर्षिन थाल्छ ।

एन.जि.ओ.को जागिरे लोग्ने मधुमेहको रोगी ऊ भातको भाग बस्दैन । उसका लागि अनिवार्य ढिडो हुडल्नु वा रोटी पकाउनु पर्ने जिम्मेवारी छ मैनाको लागि । सासुआमा दमको रोगी उहाँको लागि चिल्लो र पिरो कम राखेर खानेकुरा बनाउनुपर्छ । छोरालाई बेस्सरी चिल्लो रोखेको आलु, अण्डा फ्राइ गरेको चिकेनको आइटमहरू नभए खाना खान मन गर्दैन । बाथको रोगी आमाजुलाई गेडागुडीको रस भने पछि पटक्कै मन पर्दैन । नन्दलाई भने सधैं चटक्क परेको तरकारी अचार चाहिन्छ । सबै जनाका रोजाइ अनुसारका भान्छा तयार गर्दैमा आधा दिन बित्न खोज्छ ।

मैनाले सबैको रोजाइको भान्छा तयार गर्दा पनि जस कहिल्यै पाएकी छैनन् । नाडी गलेर फतक्कै झर्ला जस्तो हुने गरी ढिडो हुडल्दा हत्केलामा ठेला उठेका छन् मैनाका तर पनि लोग्ने भनौदोले कहिल्यै ढिडो राम्रोसँग पाक्यो भन्दैन । अघिपछि अफिसको कामले बाहिर जाँदा दशथरि हर्सुन सक्छ अहिले घरमा आएर स्वास्नीले पकाएको खानेकुरामा सधैं खोट लगाउने भन्दै मैना लोग्नेसँग मनमनै क्रोधित बन्थी । तरकारीमा तेल थोरै र फ्राइ गरेको पनि राम्रो भएन भनेर छोराको बेग्लै गुनासोले मैनाको टाउको दुख्थ्यो ।

बुहारीले सधैं गेडागुडीको तरकारी मात्र बनाउँछे भन्दै आमाजुको गुनासो थपिन्थ्यो । मेरा लागि खानामा चिल्लो र पिरो दुबै भयो भन्दै सासु आमाको रिस मैना माथि नै खनियो । भाउजुले अलि ज्यादा पिरो, अमिलो राखेर खानेकुरा चटक्क पार्न जान्नु हुन्न भन्दै नन्दको आक्रोस मैना तिर पोखियो । सबैको रोग र रोजाइ अनुसारको खाना तयार पारेर खुवाउँदा नि मैनाले कहिल्यै परिवारबाट राम्रो शब्द सुन्न पाइनन् ।

निरन्तरको लकडाउनले भण्डार रित्तिन थालिसके । मैनालाई के पकाएर भान्छामा पुऱ्याउने भन्ने चिन्ताले सताउन थालिसक्यो । परिवारका कसैलाई पनि भण्डार रित्तिएकोमा चिन्ता छैन । बरू उनीहरूको चिन्ताको विषय छ मिठो मसिनो नभएकोमा । बजार पनि लगभग ठप्प थिए । मैनालाई झनै भान्छा कसरी

थप्ने भन्ने पिरलो बढेको थियो ।

बिहान उठ्ने बित्तिकै बाख्रा गोठमा घाँसपात र सरसफाइको व्यवस्थापन । त्यसपछि भान्छा कोठाको व्यवस्थापन, घरको सरसफाइ । त्यतिमात्र नभएर बारीमा खनजोत गर्ने जिम्मा मैनालाई नै । जंगलमा स्याउला सोत्तर गर्न पनि भ्याउनु पर्ने मैनाको बाध्यता । एकदिन जंगलबाट स्याउलाका भारी नल्याए सासुआमाको अनुहारमा क्रोधको ज्वाला दन्किन थाल्थ्यो ।

मैना मनमनै आफैसँग भन्ने गर्दथीन साच्चै यो लकडाउन भनेको के हो ? कोरोना आएको छ रे ? सबै मानिस घरबाहिर ननिस्कनु भनेर सरकारले उर्दी जारी गरेको छ भन्दै मानिसहरू बाहिर निस्कन डराउँछन् । बाहिर निस्किए पुलिसले पक्रन्छ भन्ने डर सबैमा थियो । सडक पसल जताततै सुनसान देखिन्थ्यो । एक हिसाबले भन्नु पर्दा मानिस घरभित्रनै बन्दी जस्ता भएका थिए । आफ्नै घरभित्र बन्दी भएर क्वारेन्टाइनमा बस्नु भन्ने सरकारको आदेश रेडियो टेलिभिजनले फलाकेको फलाकेकै थियो । अघिपछि घर बाहिर हिँड्दा समेत माक्स नलगाउनेहरू अहिले घरभित्र बस्दा समेत माक्स लगाउँछन् । तर खोइ ? मैना जस्ता बुहारीहरूलाई चाहिं यो लकडाउन र क्वारेन्टाइनले त निकै ठुलो बोझ मात्र थपेको थियो ।

घरका सबै जना खायो, सुत्यो टेलिभिजन हेऱ्यो, मोबाइल चलायो । यसै गरी सेल्फ क्वारेन्टाइन राम्रै सँग पालना गरिराखेका छन् । तैपनि टाउको दुख्यो, ढाड दुख्यो, गोडा दुख्यो, घुँडा दुख्यो भनेर उनीहरूकै गुनासोको चाङ मैनाका अघिल्तिर लाग्थ्यो । खानु सुत्नु भन्दा सिन्को भाँच्ने काम छैन । तै पनि यता दुख्यो र उता दुख्यो ऐया भनेर मैनालाई मालिस गर्न नलगाएको त दिनै छैन । एकक्षण टुसुक्क बस्ने फुर्सद नपाउने मैनालाई भोक, थकाई निन्द्रा लागेको, शरीर दुखेको बारे कसैलाई ज्ञान छैन । लकडाउनको अवधिभर मैनाको शरीर कामको बोझले थिचिएर निकै गलिसक्यो तर उनको थाकेको शरीरको चिन्ताले परिवारलाई कहिले पनि छोएन ।

लकडाउन त सबैलाई भएको हो क्यारे ! तर घरका बुहारीहरूलाई चाहिं किन लकडाउनले फुर्सद नपाएका होलान् ? कि यो कोरोना भाइरस र सेल्फ क्वारेन्टाइन भन्ने घरमा बुहारी बाहेक परिवारका सबै सदस्यहरूलाई मात्र हो र ? हैन सरकारले बुहारीहरूलाई चाहिं नो लकडाउन बुहारी भनेको छ र ? अहो, लकडाउनसँगै घरका बुहारीहरूका थाप्लो कामको चाङले थिचिएको छ ।

सायद यो लकडाउन लम्बिनु भनेको बुहारीहरू घरको काममा गधाझैं जोतिनु पर्ने समय अवधि पनि बढ्नु हो । मैना यस्तै सोच्दै थिइन् खाजाको माग गर्दै लोग्नेले पल्लो कोठाबाट चिच्याएको आवाज मैनाको कानमा पऱ्यो । लकडाउनको अवधि थप भएको समाचार सुनेर त मैना थचक्क भूइँमा बस्दै थाप्लोमा हात राखिन् र भन्न थालिन् अब भने कामको बोझले मेरो थाप्लो सिनोझैं गल्ने भयो । सरकारको यो लकडाउनको अवधि बढाउने निर्णय रेडियोबाट मैनाले सुन्ने बित्तिकै आफैलाई भन्न थालिन्, यो कोरोना भन्ने घरका बुहारीहरूलाई लागोस् अनि त बुहारीहरू पनि नो लकडाउनबाट लकडाउनको घेराभित्र बन्दी भए पनि आराम र फुर्सद त पाउने छन् । काम र घरका सदस्यको व्यवहारले गलित मैनाका मुखबाट अनायसै निस्कियो मलाई कोरोना किन भएन ? यसरी लकडाउन थप्दै गएत मेरो थाप्लोले अब कामको बोझ थेग्न सक्तैन बरू मलाई कोरोना चाँडै लागोस् । तब मात्र मैले क्वारेन्टाइन र लकडाउनको पालना गर्न पाउँछु ।

सबैको कोरोना शब्द सुन्ने बित्तिकै सात्तो पुल्लो जान्छ । तर बिचरी ! मैना कोरोना लागोस् आफूलाई भन्दै पुर्कान थालेकी थिइन । विचरी मैनाले अब आराम पाउने एउटै विकल्प थियो कोरोनाले उनको शरीरमा प्रवेश गर्नु । लकडाउनको अवधि लम्बाउने सरकारलाई मैना जस्तो बुहारी माथी लकडाउनले थपेको पर्वत जस्तो भारको के पत्तो र ? जय कोरोना म सित चाँडै आइजो भन्दै प्राथना गर्नु मैनाको बाध्यता कसले बुझ्यो र खोई ? ♦♦♦

कविता

पृथ्वी जयन्ती

✍ उर्मिला पन्त पाण्डेय

खलनायक होईन नायक हौ तिमी
नेपालका निर्माण दायक हौ तिमी
पृथ्वीका 'पृथ्वीनारायण' दूरदर्शी
गर्छौं गौरव तिम्रो दुरदर्शितामा हामी.....!!

टुक्रा टाक्री मुलुकलाई जोड्ने तिमी
नेपालको अस्तित्व जोगाउने तिमी
'नेपाल र नेपालीमा' शद्भाव जगाई
'एकता'मा विश्वास दिलाउने तिमी...!!

गोरखनाथको तिमीले पाई बरदान
बनायौ नेपाललाई एक राष्ट्र महान
गर्न सकिन्न तिम्रो साहसको बयान
राष्ट्र नायक तिमी एकताका पहिचान....!!

नेपाल प्रहरी र आम सञ्चार बिचको सम्बन्ध

✍ प्र.नि.जनार्दन घिमिरे

नेपाल प्रहरी भन्ने बितिक्कै आम नागरिकको मानस पटलमा आकाशे निलो रंगको सर्ट निलो पाईन्ट कालो छालाको पेटी रातो ब्यारेट क्याप कालो छालाको जुत्ता लगाएको एक स्मार्ट व्यक्तिको चित्र आउँछ । यो प्रहरीको भौतिक स्वरूपको एक प्रकारको चित्र हो । यस्तो प्रकारको चित्र आम मानस पटलमा आउनुको प्रमुख कारण दुई वटा छन् । पहिलो कारण बाटोमा हिंड्दा डुल्दा वा अन्य कुनै माध्यमबाट प्रत्यक्ष रूपमा वर्दीमा रहेका प्रहरीलाई देख्दा बनेको आम धारणा हो भने अर्को भनेको विभिन्न सञ्चार माध्यम मार्फत प्रहरीलाई देख्दा बनेको धारणा नै हो । दोस्रो तथ्यलाई आधार मान्ने हो भने नेपाल प्रहरीको बारेमा आम जन धारणा कसरी बन्दछ भन्ने एउटा बलियो माध्यम सञ्चार माध्यम हो ।

नेपाल प्रहरीले केन्द्रदेखि तल्लो तहसम्म आफ्ना काम कारबाहीलाई आम जनमानसमा पुऱ्याउन सञ्चार माध्यमको भूमिकालाई अत्यन्तै महत्वपूर्ण स्थान दिदै आएको छ । नेपाल प्रहरीका नियमित गतिविधि, समाजमा शान्ति सुरक्षा स्थापनामा खेलेको भूमिका एवं अपराध नियन्त्रण तथा अनुसन्धानमा प्राप्त गरेका सफलतालाई आम नागरिकमा पुऱ्याउन वर्तमान अवस्थामा संचार माध्यमले खेलेको भूमिका आफैमा महत्वपूर्ण छ । कतिपय अवस्थामा नेपाल प्रहरी र आमनागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्न समेत सञ्चार माध्यमले खेलेको भूमिका उल्लेखनिय रहदै आएको छ । यसरी प्रहरी र सञ्चार माध्यम बिच सम्बन्ध स्थापित गर्ने कार्यमा एकातर्फ स्थानीय, क्षेत्रिय एवं राष्ट्रिय स्तरमा रहेका सञ्चार माध्यमको भूमिका प्रभावकारी त छँदै छ तथापि नेपाल प्रहरीले पनि विभिन्न सञ्चार माध्यम मार्फत कार्यक्रम उत्पादन गरी प्रहरीका गतिविधिका साथै आम नागरिकलाई सुरक्षित रहने

उपायबारे जानकारी एवं सूचना समेत प्रदान गर्दै आएको छ । जसमा रेडियो, टेलिभिजन, प्रिन्ट मिडिया, फेसबुक, ट्वीटर, युट्युब र वेवसाईट समेतको प्रयोग नेपाल प्रहरीले गर्दै आएको छ ।

रेडियो कार्यक्रम

वि. सं २००७ सालमा रेडियो नेपालको स्थापना भए पश्चात नेपाल प्रहरीले शुरूवात बाटै रेडियो प्रहरी कार्यक्रम मार्फत आफ्ना गतिविधिको जानकारी दिनुको साथै विभिन्न जनचेतनामूलक रेडियो नाटक एवं रिपोर्टको प्रस्तुति मार्फन आम नागरिकमा सुरक्षाको बारेमा सूचना प्रदान गर्दै आएको छ । आपराधिक घटनाको बारेमा जानकारी दिनुको साथै नेपाल प्रहरीले समाजमा घट्न सक्ने विभिन्न आपराधिक गतिविधिलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रसारण हुँदै आएको प्रहरी कार्यक्रम हरेक सोमबार र बिहिबार साँझ ७:४५ बजे रेडियो नेपालको साथै देशका अन्य १ सय भन्दा बढी एफएम स्टेसनबाट विभिन्न समयमा प्रसारण हुँदै आएको छ । यसै गरी नेपाल प्रहरीले देशका विभिन्न एफएम स्टेसनसँग समन्वय गरेर स्थानिय स्तरबाट समेत प्रहरी कार्यक्रम उत्पादन एवं प्रसारण गर्दै आएको छ । यसै गरी वि.सं २०६७ साल बाट मेट्रो ट्राफिक एफएम स्थापना गरी उपत्यकामा रहेको ट्राफिक गतिविधिको बारेमा जानकारी दिनुका साथै आफ्नो कार्यक्रम मार्फत देशकै ठुलो हिस्सा ओगट्ने नागरिकको बसोबास रहेको काठमाडौं उपत्यकामा आम नागरिकलाई सूचना एवं मनोरञ्जन दिँदै आएको छ ।

टेलिभिजन कार्यक्रम

सञ्चार माध्यममा प्रविधिको विकाससँगै आम नागरिकमा प्रहरी र हुन सक्ने आपराधिक घटनाप्रति जागरूकता अभिवृद्धि होस् भन्ने हेतुले नेपाल प्रहरीले वि.सं २०४६ बाट प्रहरी अनुरोध कार्यक्रम उत्पादन एवं प्रसारण गर्दै आएको छ । प्रहरी गतिविधको साथै विभिन्न जनचेतनामूलक टेलिचलचित्र एवं वृत्तचित्र निर्माण गरी नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको प्रहरी अनुरोध कार्यक्रम हाल नेपाल टेलिभिजन मार्फत पाक्षिक रूपमा मंगलबार ५:३० बजे प्रसारण हुँदै आएको छ भने यो कार्यक्रम १ दर्जन भन्दा बढी राष्ट्रिय टेलिभिजन च्यानलबाट समेत विभिन्न समयमा प्रसारण हुँदै आएको छ । यसको साथै १ नम्बर प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेश स्थित प्रदेश प्रहरी कार्यालयले समेत हाल छुट्टै प्रहरी कार्यक्रम उत्पादन गरी विभिन्न टेलिभिजन च्यानल मार्फत प्रसारण गर्दै आएको छ ।

प्रहरी द्वैमासिक

नेपाल प्रहरीले वि.सं. २०१६ सालबाट निरन्तर रूपमा प्रकाशन गर्दै आएको प्रहरी द्वैमासिक मार्फत समेत आम नागरिकलाई सूचना एवं जानकारी प्रदान गर्दै आएको छ । नेपालकै सम्भवत गोरखापत्र पछिको पुरानो पत्रिका मानिने प्रहरी द्वैमासिकमा विभिन्न व्यावसायिक, साहित्यिक एवं विविध लेख रचना प्रकाशन हुँदै आएकोमा हाल यो पत्रिका नेपाल प्रहरीको वेवसाईट मार्फत उपलब्ध हुँदै आएको छ । स्तरिय लेख रचना मार्फत आम नागरिकमा सकारात्मक सन्देश प्रवाह होस् भन्ने उद्धेश्यले हरेक वर्ष प्रहरी दिवसको अवसर पारेर प्रहरी द्वैमासिकमा प्रकाशित लेख रचनामध्ये व्यावसायिक एवं साहित्यिक लेख रचनातर्फ उत्कृष्ट रचनाकारलाई पुरस्कृत समेत गर्दै आएको छ ।

प्रहरी बुलेटिन

नेपाल प्रहरीले प्रहरीका दैनिक गतिविधिका साथै विभिन्न अपराधिक गतिविधि र घटनाको बारेमा आम सञ्चार माध्यामलाई आधिकारीक सूचना प्रदान गर्ने हेतुले दैनिकरूपमा प्रहरी बुलेटिन तयार पारी उपलब्ध गराउदै आएको छ । आम सञ्चार माध्यमलाई छिटो छरितो एवम् आधिकारीक सूचना उपलब्ध होस् भन्ने उद्धेश्यले तयार पारिएको प्रहरी बुलेटिन मार्फत प्रहरीसँग सम्बन्धित आम जनसरोकारका सूचना उपलब्ध गराउनुको साथै समय समयमा जन हित र जनचासोको विषयमा विभिन्न रिपोर्ट समेत तयार पारी उपलब्ध गराउदै आएको छ । वि.सं. २०५० सालबाट नियमित रूपमा प्रकाशन हुदै आएको प्रहरी बुलेटिन हरेक दिन मध्यान्ह १२ बजे र अपरान्ह ५ बजे प्रकाशन हुने गरेको छ भने विभिन्न समयमा विशेष घटनाको बारेमा सूचना एवं जानकारी दिनुपर्ने अवस्थामा जुनसुकै समयमा विशेष बुलेटिन समेत प्रकाशन हुँदै आएको छ ।

यसरी विभिन्न सञ्चार माध्यमको प्रयोग गरेर आम नागरिकलाई सूचित गर्दै आएको नेपाल प्रहरीले नेपाल प्रहरीको आफ्नै वेवसाईट www.nepalpolice.gov.np मार्फत विभिन्न जानकारी प्रदान गर्दै आएको छ । जसमार्फत प्रहरी प्रधान कार्यालय र मातहतका विभाग, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महानगरीय प्रहरी कार्यालय, प्रहरी अस्पताल लगायतका कार्यालय, ७ वटै प्रदेश प्रहरी कार्यालय, विभिन्न ब्यूरो लगायतलाई एउटै पेजमा समाहित गरी प्रहरी सम्बन्धी सूचना एवं जानकारी लिईने व्यवस्था गरेको छ । यसै गरेर प्रहरीले अहिले नेपाल पुलिस एप, ट्राफिक पुलिस एप, फेसबुक पेज तथा यूट्यूब च्यानल

समेत बाट सूचना एवं जानकारी प्रवाह गरिरहेको छ । यसका साथै आम सञ्चार माध्यम र प्रहरी बिचको सम्बन्धलाई प्रभावकारी बनाउने उद्धेश्यले केन्द्रिय प्रहरी प्रवक्ता तोकेको छ भने जिल्ला स्तर सम्म प्रवक्ता एवं सूचना अधिकारी तोकेर सूचना एवम् जानकारी उपलब्ध गराउँदै आएको छ ।

समग्रमा भन्नु पर्दा नेपाल प्रहरीले वर्तमान अवस्थामा समाजमा शान्ति सुरक्षा कायम गर्ने होस् अथवा प्रभावकारी रूपमा अपराध नियन्त्रण एवम् अनुसन्धानमा होस प्रहरीले कसरी काम गरिरहेको छ भन्ने कुरा आम जनचासोको विषय हुन सक्छ । यस्तो परिस्थितिमा आम नागरिकको प्रहरी प्रतिको विश्वसनियतामा अभिवृद्धि गर्ने कार्यमा समेत सञ्चार माध्यमको अत्यन्त महत्वपूर्ण र जिम्मेवार भूमिका रहने भएकोले नेपाल प्रहरी र सञ्चार माध्याम बिचको सम्बन्ध सदैव प्रभावकारी रहँदै आएको छ र आउनु पर्दछ ।

♦♦♦

गीत

✍ **दिपक विश्वकर्मा**

म मरे पनि, म बाँचे पनि
म हाँसे पनि, म रोए पनि
तिम्रो आँसु झर्न दिन्न
तिम्रो भागमा दुःख पर्न दिन्न.....

तिम्रै जित होस् हर पाईलामा, म खुसी छु हारी
सारा जीवन बितोस् मेरो, तिमीलाई खुसी पारी
कसम माया कसम, कसम माया कसम
म मरे पनि.....

मनको चाह, बाँच तिमी सधैं खुसी बनी
तिम्रो साटो मै मरूला, मर्नै परे पनि
कसम माया कसम, कसम माया कसम
म मरे पनि.....

कथा

नियति-चक्र

✍ बद्रीप्रसाद ढकाल

सत्तहत्तर सालमा वहाँ सतहत्तर वर्षकै हुनु भो । कसैले कति वर्षको हुनु भो भनेर सोध्यो भने खिसिक्क हाँसेर एक औंला देखाएर एक सालमा जन्मेको भन्नु हुन्छ, अत्यन्तै सुधो मान्छे आँखामा राखे पनि नबिझाउने त्यस्ता मान्छे माथि पनि दैव लाग्यो । जुन पीडा छयहत्तर वर्षसम्म भोग्नु परेन सतहत्तर लाग्ने वित्तिकै वहाँमा आई पऱ्यो अनि एकान्तमा बसेर रोइरहने दिन पनि । जीवनको गति कसैले जान्दो रहेनछ ।

अत्यन्तै सोझो मान्छे जीवनमा कर्म र त्यसको ज्यालाबाहेक केही नजानेका भोलानाथको जीवनमा कहिल्यै सुख आएन अझ भन्नु पर्दा उनले सुख र दुःखको अनुभूति नै गरेनन् तर आज सधैं आँखामा टिलपिल टिलपिल आँसुले दुःखै अभिव्यक्त गरिरहन्छ। मानिस त्यति कोमल पनि छैन् त्यसै रोइदेओस्, त्यति कठोर पनि छैन् दुख्दा सबै सहिदिओस् । बलियो हुँदा कहिल्यै सोच्दैन् म कमजोर हुन्छु जब कमजोर हुन्छ त्यति बेला बलियो हुन सक्दैन यो ऋतुचक्र हो मान्छेकै जीवनको ।

गृहस्थी जीवनमा हाम्रो वंश धान्ने छोरै चाहिन्छ अहो कस्तो पुत्रमोह आज त्यहीं छोराले धरधरी रूवाउँदा सहन नसकेर आँसु पुछ्नु परिरहेछ कस्तो बिडम्बना । आफ्नो भन्दा छोराछोरीको मायामा शरीर हातगोडा खियाउने मान्छेको मन नभाचिएँ हुने तर समयले वा नियतिले घुमाएर पछार्दो रहेछ म नजिकबाटै नियालीरहेछु ।

प्रारब्ध हो की नियति, बुझाउने मन र ठोक्ने पुर्पुरो बाहेक केही छैन मान्छेसँग, चाहेर होस् या नचाहेरै भोग्नैपर्छ ।

बा माम खानु भो हातको इशारामा मुखसम्म पुऱ्याएर सोधैं मैले ।

वहाँले खिस्स हाँसेर खाएँ भन्नु भो । सानैदेखि कान अलि कम सुन्ने तर सबै कुरा इशारामै बुझ्ने अनि नहाँसी नबोल्ने,

अनि म सञ्चै छ बा भनेर सोध्छु,

सञ्चै शब्दले घोचेर हो वा बिरामीले गर्दा हो आँखाका आँसुले निशब्द उत्तर दिन थाल्छन् । साह्रै अन्तरमुखी मान्छे आफ्नो पीडा अरूलाई भन्नै नचाहने, अरूलाई टाउकाले टेकेरै सहयोग गर्ने, दुःख लुकाउने सुख बाँड्ने भोलानाथ बा मनमौजी मान्छे तर आज पीडाको आँसुले हरेक दिन स्नान गरिरहन्छन्, एक्लै हुँदा कहिले भात पकाएर खाएनन् गजबको कुरा आजको दिनसम्म भात पकाउनै जानेका छैनन् अब जान्दैनन् पनि ।

बा नरूनोस् न म छु नि भन्छु उहाँ उता फर्केर आँसु पुछ्नु हुन्छ । बुझेर हो वा नबुझेर मेरो केवल सान्त्वना न हो । आखिर आफैँले जन्माएको छोरो त आफ्नो भएन भने म छोराकै साथी न परें ।

उही खिसिक्क हाँसो रून्चे हाँसोको दोहोरी एक वर्ष देखि हाम्रो दिनचर्या यसरी नै बितिरहेछ । चलिरहेछ शब्द कम मनको अमूक संवाद निरन्तर चलिरहेछ ।

सायद माघको घटना थियो त्यो पछिल्लो, बा हर्षका साथ चिटिक्क परेर बाहिर निस्कनु भो ।

दिउसो एक बजेको समय, कतै हिँडिहाल्ने मान्छे त होइनन्, वैंसमा त रहर नगर्ने मान्छे अचानक आज ठांटबांटसँग निस्केपछि जिस्काउँदै मैले सोधें-कता हो बा ? बेहुला झैँ ठाटिएर, की बुढेसकालमा अर्की आमा ल्याउने हो ? बाले उस्तै खिसिक्क हाँसोमा विहेमा नि भन्नु भो । म आश्चर्यमा परें चारै वटा छोरी र एक छोरा सबैको विहे भई सकेको त्यो घरमा विवाह योग्य र गर्नुपर्ने कोही थिएन । बाले जिस्किएर भन्नु भो सम्झेर फेरि भने मैले आफ्नै हो की के हो ?

हाहाहा ठूलै हाँसोमा छोराको भन्नु भो । झन आश्चर्यमा परें म, मैले नबुझेर हैन नातिको होला भनें वहाँले प्रत्युत्तरमा फेरि छोराकै भन्नु भो कहिल्यै झुट बोल्न नजान्ने बाले भनेको अब चाहीँ पत्याएँ मैले पनि अनि दङ्दास भएँ ।

म छोराको साथी ? श्रवणकुमार, हाम्रो उमेरमा मात्र दुई वर्षको फरक छ तर सँगै एउटै सुकुलमा बसेर एउटै कक्षामा पढेका, उसले पहिलो विहे गरेको पच्चीस वर्ष एक महिना पच्चीस दिन । तिस वर्षको उमेर बाबु आमालाई लत्याएर मन खुशी विहे गरेको आज पचपन्न वर्षमा दोस्रो विहे । म पुनःस्मृतिमा हराउन पुगे ।

घर नजिकै स्कुल छ । पिपलको फेदैमुनि । हामीले पढेको स्कुल पनि त्यही हो । पहिले ससाना छाप्रा थिए, अहिले फेरिएर ठुला क्रंक्रिटका महल भएका छन् । रङ्गीन बगैचा सबै फेरिएका छन् विद्यालय निकै सफा छ । वास्तवमै

स्कुले जीवनको स्मृति मात्रै पनि निकै प्यारो लाग्छ सबैलाई म पनि पुनः जीवनकै पूर्वाद्धमा विलय हुन पुगें एकैक्षण । आजकल फेरि स्कुले जीवनका साथीसङ्गी खोज्ने लहर चलेको छ सामाजिक सञ्जालमा, लामो समय नदेखेका नभेटेका अनुहार सम्झनै नसकिने, सबैका आ-आफ्नै घर परिवार लक्का जवान छोराछोरी नातानातिनी भईसकेका । समयको गति निरन्तर अगि बढिरहेकै छ । कति छिटो बितेको आभाष हुने । चालीस वर्ष भएछ, विद्यालय शिक्षा सकिए पछि भेट नभएका कति साथीहरू मेरा सम्झनामा दुई चार बाहेक कोही छैनन् याद नै नआउने अनुहार सम्झनै नसकिने पुनः परिचय लिएर कुराकानी गर्दा मजै लाग्दो रहेछ पनि । पुनः मित्रता पुनः भलाकुसारी तर त्यतिबेलाको संकोच, अबोधपन खै ? त त्यो चाहीं कहिल्यै नहुने रहेछ ।

दुश्यन्त र म निकै घनिष्ट साथी, घर पनि दुई तीन मिनेटको फरकमा, ऊ बाहुन म काजी फरक त्यति नै हो अरू धेरै कुरामा समानता । खाने बस्ने डुल्ने सबै समान जातमात्र फरक । तर उसको घरमा उसको र उसको घरमा म दुवै समान छोराका रूपमा आवत जावत हुन्थ्यो । समयको चक्रले हामीलाई विद्यालय शिक्षा पछि छुटायो र ऊ पढेलेखेको शिक्षित र म किसानको वर्गमा विभाजित भयौं ।

हाम्रो परिवार अलि सम्पन्न थिएन । चार दाजुभाइ र तीन दिदीबहिनी थिए हाम्रो परिवारमा बाबा अलि रोगी आमालाई सधैं घरधन्दाको चटारो, दुई भैंसीं एक हल गोरू सबैलाई स्याहार्दा झिसमिसेदेखि मध्यरात । म परिवारको जेठो छोरो खुट्टा दह्रो टेकेर सबैको बोझ उचाल्न मैले उच्च शिक्षा छोड्नु पऱ्यो । विद्यालयबाट प्रवेशिका पास गरेपछि म कहिल्यै विद्यार्थी बनिन् तर सधैं अभिभावक बनीरहें । त्यसैले उमेरभन्दा बूढो वृद्ध ।

दुश्यन्तको जग्गा जमिन प्रशस्तै थियो, खेतीपाती गरेर आएको अन्न खाएर उब्रेर बच्थ्यो र त्यसैबाट उसका अनगिन्ति आवश्यकता पुग्थे फेरि गृहस्थीमा एक्लो छोरो हुनु भनेको पुल्पुल्याइँ खपि नसक्नुको हुन्छ नै । चार दिदीबहिनीको एक्लो दाजु, शान मान ठाँटबाँट छुट्टै । उनीहरू कहाँका हुन् को हुन् कसैलाई थाहा छैन् । उनका हजुरबालाई मावलीले लेराएका रे, त्यहीं दुई पुस्ता बिते । अपुतालीको सम्पत्तिमा मोज अनि भोज पनि । आमाबाबु पुत्र मोहमा सबै सहन तयार, उसका सारा दुःख कष्ट टाउकामा थाप्न तयार त्यसैले ऊ भित्र अरूलाई हेर्ने दृष्टिकोण सानैदेखि भिन्न थियो ।

उसका दिदीबहिनीले सावाँ

अक्षर चिने, नामनामेसी लेख्न सक्ने पढें त्यसभन्दा माथिका लागि खर्च पुगेन। हामी पुत्रमोहमा फसेका छौं । छोरो पाए के के न होला भनेर भाकल पूजाआजा, रामरमिता गर्छौं, छोरी जन्मेकोमा पुर्पुरोमा हात राख्छौ पीडा अभिव्यक्त गर्छौं विचार नै दुषित छ, मनोग्रन्थीमा विकार छ अनि सानैदेखि छोरा र छोरीमा विभेद गर्छौं, खानेकुरा देखि लगाउने कपडासम्म सीपदेखि शिक्षासम्म भेदभाव उर्फ विभेद गर्छौं र अन्त्यमा पुल्पुलिएको छोराको कुकर्म सहन नसकी छोरीकै काखमा आँसु बगाउँछौं यो भ्रम यो थिति कहिलेसम्म चल्छ थाहा छैन् ।

बुहारी भित्र्याएको दिन टोलभरिका मानिस जम्मा भएका थिए । अब गौरी आमाको सुखका दिन आए राम्रो भयो, बुहारी उजेली रैछिन् भने तर परिस्थिति ठिक विपरित बन्दै गयो बन्दै गयो र आजका दिन पानी तताएर खान दिने कोही भएनन् ।

इन्दिरा सुशिल थिई, बोलीचाली राम्रै थियो, व्यवहार पनि निकै असल तर उनीसँग सबै व्यवहार हुन सकेन् । सम्बन्धमा बुहारी तर समाजले बुहारीको नाता कायम गर्न दिएन । उसैको कारणले समाजमा छिछि र दुरदुर हुनु पऱ्यो । आँखा पछिल्तिर सबै कुरा चल्थ्यो तर उज्यालामा समाजले कहिले असल व्यवहार गरेन र शील स्वभावका अगाडि जातको पर्खालले गर्लम्मै थिचिरह्यो अझै थिचिरहेकै छ । श्यामन्त नाति लक्का जवान भईसक्यो हिस्सी परेको गोरो केटो घरमा आउँछ बस्छ, उसको भात पानी चल्यो तर आजसम्म कर्म चलेन, छोरो भएकैले उसलाई कसैले औंला उठाएन तर इन्दिरालाई कहिले संघार नाघ्न दिएन् । बिडम्बना, जीवनको उत्तरार्धमा भोलानाथ झन् प्रताडित भए । गौरी आमा दिनदिनै गल्दै गईन जीवनमा बोझमाथि बोझ कति थेग्नु त्यसमाथि सुगरको रोगले झन् आक्रान्त बन्दै गइन् । समाजमा नाक राख्न, शीर ठाडो पार्न भित्र्याइएकी बाहुनकी छोरी मान्छे रहिनन्, होइन रहिछन्, मानवता हराएको, मानसिक विक्षिप्त भएकी एउटी अधवैंसे दुष्ट आईमाई जसले आमाबालाई कहिल्यै आमाबा देखिन, कहिल्यै आफन्त आफ्ना नातागोतामा सुमधुर सम्बन्ध र मधुरता भएन हो त्यसै दिनदेखि भोलानाथ र गौरीको मनमा, मस्तिष्कमा क्यान्सर भएको, अब बाँचुञ्जेल निको हुँदैन र दिनका दिन दुःखिरहन्छ आँसु बनेर वर्षिरहन्छ ।

बा कस्तो छ ? तपाईंलाई म नजिकै गएर सोध्छु ।

बा, रून्चे हाँसोमा यस्तै हो भन्ने जवाफ दिनु हुन्छ । आमा पीडाले थिल्थिलो भएको शरीर घिसार्दै नजिक आउनु हुन्छ । मेरो कुशलमंगल सोध्नुहुन्छ,

विगत सम्झाउनु हुन्छ र एकतमास आकाश नियाल्नु हुन्छ । सायद दैवलाई केही गुनासो गर्नु भएको हो कि ! म भूइँतिर हेर्छु ।

बसन्त भाइले बेस्सरी चिच्याए ए बा, कता हुनुहुन्छ ?
बा घरमा हुनुहुन्न ।

को हँ? कहाँबाट सकिनसकि आमा पीढिमा आउनु भो, ।

उसले नमस्कार गऱ्यो । आमाले पीढीमा राखेको मुढामा बस्नु भन्नु भो ।

पानी परिरहेको थियो । साउनको महिना भिज्दै त्यहाँ पुगेको थिएँ, म उहाँको नाती उमेरको केटो । मैले चिनिन नी बाबु कहाँबाट के कामले भनेर सोध्नु भो ।

उसले ज्वाईको साथीको साथी भनेर चिनायो । आमाले चिया बनाएर दिनुभो, खायो र अड्डाको कागज निकाल्दै हजुरको स्रेस्ता मिलाउन हो आमा डराउनु पर्दैन भन्यो यसले ।

खै बाबु के डराउनु के नडराउनु मर्ने बेलामा यस्तो हालत छ, अब त कति नै वर्ष बाँचिएला, सजिलैसित मर्न पाएँ हुन्थ्यो, भन्दै आँखा टिल्पिल आँसु पार्नु भो । सबै सम्पत्ति बेचेर, बन्दकी राखेर खायो, म पनि सुगरको रोगी, बा सुन्निनु भा छ हामी बेघर बेपरिवार भयौं बाबु भनेर खुइय्य सुस्केरा हाल्नु भो मन, पनि एकतमास भो । काम नगरौं जिम्मेवारी दिएर पठाका छन् गरौं भित्रैदेखि दुःखेर आयो अन्त्यमा हामी छौ नि आमा हरेस नखानुस् भन्यो र उता फर्केर आँसु पुछ्यो । सहृदयी मनमा अरूले भोगेको पीडामा पनि निकै कठिन हुन्छ सहर्स बिझ्छ र आँसु बनेर बगिदिन्छ । आमाबाबुलाई हेला गर्नेको बारम्बार रूवाउनेको कहिल्यै भलो नहोस् ।

यसमा सही गरिदिनु पऱ्यो भनेर आग्रह गऱ्यो । उसले भनेको विश्वासमा आमाले सहीछाप गरिदिनु भो तर छोराले गरेको व्यवहार बुढेसकालको दुःख सबै वृतान्त सुनाउँदै ऊ प्रतिको आशङ्का पनि व्यक्त गर्नु भो ।

यस्ता असल बाआमा मेरा भईदिएको भए घर स्वर्ग हुन्थ्यो भित्रैदेखि दुःखेको मन बोकेर मनमनै सोच्दै अनाथ बसन्त धन्य भएर घर फर्क्यो । हामीसित भएका अमूल्य चिज हामीले गुमाईसके पछि मात्र अनुभूत गर्छौं । हुँदा मूल्यहिन हुन्छ नै ।

लामो समयसम्म सङ्गत गरेको मानिसले मैले उसलाई चिनेको छु भन्छ र त्यो गलत हो, उसलाई चिन्नु सामाजिक वृत्ति मात्रै हो, बाहिरी पहिचान मात्र हो । उसको आत्मिक वृत्ति त अन्तरमुखी हुन्छ कुनबेला कस्तो परिवर्तन हुन्छ, के गर्छ पत्तै नपाइने रहेछ ।

मैले दुश्यन्तलाई सम्झाएँ तर

उसले मेरो कुरो कहिल्यै सुनेन। पछिल्लो समय उसले मलाई साथीको दृष्टिले कहिल्यै हेरेन्, सामान्य किसान गरिब अनपढ कै नजरले हेरिरह्यो । वास्तवमै म साधारण गाउँले किसान नै थिएँ र छु । ज्याला वा परिश्रममै बाँच्छु म आफूलाई गर्वबोध गर्छु। मेरा बाआमाका लागि मैले सेवामा कुनै कसर राखिनँ भन्ने मलाई लाग्छ । ऊ पढेलेखेको शिक्षित सरकारी कार्यालयको निजामति कर्मचारी फरक यति थियो ऊ मानिस कम, मतिहिन पशुतुल्य, छोरो कम अधवैंसे नारीको पूरै लोग्ने थियो । म किसान गाउँले गरिब, श्रमिक, बाबुआमाको छोरा, सुधी श्रीमतीको लोग्ने छोराछोरीका बा, नातानातीनाका हजुर बा, छिमेकीका सहयोगी र एक जिम्मेवार स्वाभिमानी नागरिकका रूपमा बाँडिएर बाँचेको साधारण मान्छे ।

मानिसको जीन्दगी पशु र देवताको बीचको स्थितिले ऊ निकै अप्ठेरोमा पर्छ । जीवनमा कसैले देख्न सक्ने गरी हाँस्न वा रून वर्जित छ त्यसैले मान्छे एकान्तमा मन पुक्राएर रूँन्छ । नियतिको चक्र के थाहा कोही जीवनभर रोइरहनु पर्ने रहेछ । ♦

कविता

जीवन एक रङ्ग अनेक

✍ **बिन्दु अधिकारी ढकाल**

जीवन यौटा फूल रैछ
थुङ्गा भइ फुल्ने
वनपाखा जताततै
रमाइलो झूल्ने ।
जीवन यौटा थोपा रैछ
पानी जस्तै बग्ने
नदीनाला जताततै
नहर तिर कुद्ने ।
जीवन यौटा रहर रैछ
रङ्ग भई खुल्ने
धर्ती कुना जहाँ पनि
चमक भइ रहने ।
जीवन यौटा बल रैछ
तागत भई खेल्ने
उफ्रीपाफ्री मैदानमा
किपर भई भिड्ने ।
जीवन यौटा लाली रैछ
घाम सित मिल्ने
किरण सर्दै जाँदाखेरि
डाँडा माथि पुग्ने ।
जीवन यौटा मार्ग रैछ
कर्म भई फल्ने
उसकै रूप उसकै रङ्ग
चोला सँगै उड्ने ।।

छरितो काम र सहजताको साथी सूचना प्रविधि

✍ **घनबहादुर थापा**

विश्वमा सूचना प्रविधिको तीव्र विकाससँगै मानवीय काम अत्यन्त छिटोछरितो र सहज रूपमा सम्पन्न हुन सकेको तथ्य विदितै छ । यसबाट नेपालमा मात्रै होइन विश्वमै ठुलो परिवर्तन आएको छ । अर्कोतर्फ कोभिड-१९ ले पनि प्रविधिको प्रयोगमा अझै अभ्यस्त बनाएको छ । कोभिडका कारण भएको लकडाउनको समयमा प्रायः सबै काम प्रविधिमार्फत नै भए । राज्यले आम नागरिकलाई प्रदान गर्ने सेवा होस् वा आम नागरिकबाट आपसमा प्रवाह हुने कतिपय सेवा हुन्, यी सबै सेवाहरू सेवाग्राही आफै भौतिक रूपमा कार्यालयमा उपस्थित नभई इन्टरनेटको माध्यमबाट सहजै प्राप्त गर्न सकिने कारण प्रविधिले अत्यन्त सहजता प्रदान गरेको हो । प्रविधि मार्फत छिटोछरितो हुने कामको कारण राष्ट्रको समृद्धिमा समेत उल्लेखनीय टेवा पुग्न गएको छ । समृद्धिको आधार उद्योग व्यवसायका नयाँनयाँ सम्भावनाका ढोका दिनप्रतिदिन खुल्दै गएका छन् । नवीन प्रविधि र सामग्रीको उच्चतम प्रयोगबाट राष्ट्रको विकास र समृद्धिको साथै जनसेवामा यथेष्ट योगदान पुग्न सकेको छ ।

नेपालमा प्रविधि प्रयोगको इतिहास निकै लामो भइसकेको छ । सरकारी कार्यालयहरू प्रविधिको प्रयोगमा निकै अगाडि बढिसकेका छन् । यसबाट नेपाल प्रहरी पनि अछुतो छैन । सूचना प्रविधिमा अब्बल भएकै कारण नेपाल प्रहरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट समेत पटक पटक सम्मानित भइसकेको छ । नेपाल प्रहरीले आफ्नो आन्तरिक प्रशासनमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरेको मात्र नभएर सूचना प्रविधिको उत्कृष्ट उपयोगद्वारा नागरिकलाई सहज एवं सुलभ सेवा प्रवाहको लागि Living with ICT द्वारा प्रदान गरिने "Digital Governance ICT Award 2018" द्वारा नेपाल प्रहरी सम्मानित भएको थियो । जापानस्थित Asian–Oceanian Computing Industry Organization(ASOCIO) द्वारा

सूचना प्रविधिको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सरकारी संस्थालाई प्रदान गर्ने "ASOCIO 2018 Digital Government Award" द्वारा समेत नेपाल प्रहरी सम्मानित भएको थियो । सन् २०१८ मा एकै वर्ष प्राप्त दुवै पुरस्कारको साथै अन्य समयमा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना प्रविधितर्फ बेलाबखत सम्मानित हुने गरेको सन्दर्भले नेपाल प्रहरी प्रविधिमा निकै अगाडि रहेको पुष्टि हुने कुरामा द्विविधा रहँदैन ।

नेपाल प्रहरी आमनागरिकसँग प्रत्यक्ष सरोकार राखी काम गर्ने संगठन हो । पछिल्लो समय नेपाल प्रहरीले आफ्नो आन्तरिक प्रशासनलाई सूचना प्रविधिसँगै जोड्ने काम तीव्र गतिमा गरेको छ । सर्वसाधारणलाई प्रदान गर्ने सेवा सूचनाको प्रयोगमार्फत प्रभावकारी र उत्कृष्ट रूपमा प्रदान गर्दै आएको छ । यसलाई अझ बढी प्रभावकारी बनाउन विशेष पहल भइरहेका छन् । उदाहरणका लागि केही समयअघि गठन भएको साइबर ब्यूरो र डाटा सेन्टरलाई लिन सकिन्छ । प्रविधिको उत्कृष्ट प्रयोगको रूपमा घरबाटै 'अनलाइन अपलाई' गरी स्वदेश तथा विदेशमा समेत 'पुलिस रिपोर्ट' इमेल मार्फत उपलब्ध गराउने गरिएबाट प्रहरी कार्यालयमै पुग्नुपर्ने अवस्थालाई सहज बनाएको छ ।

सूचना प्रविधि प्रणालीमा सुधार गर्दै समयानुकूल रूपान्तरणका लागि नेपाल प्रहरी हरप्रहर प्रयासरत रहँदै आएको छ । सो क्रममा कम्प्युटर नेटवर्क (intranet) विस्तार, Virtual E–Class, Virtual Meeting with Video Conference को उपयोग, Cyber Security को दृष्टिले सुरक्षित Enterprise Email System बाट Institutional Email को व्यवस्था, Nepal Police Data Center को स्थापना, Nepal Police Mobile App for Intranet Circular and Geo–Attendance निर्माण, Leave Management Information System (Web Based) लागू, Stolen, Lost and Found Properties Application को प्रयोग, Wanted and Most Wanted Persons Application को प्रयोग, United Nations Office on Drugs and Crime (UNODC) ले गरेको अपराध वर्गीकरण बमोजिम Crime and Criminal Information System मा अद्यावधिक गरिएको छ ।

यसप्रकार विद्युतीय सुशासनमा अग्रसर रहने नेपाल प्रहरीलाई प्रविधिले निकै सघाएको छ । यसले नागरिक सेवामा समर्पित हुन हौसला थपेको छ । काममा छिटोछरितो हुनुको साथै सहजता ल्याउन सहारा बनेको छ ।

प्रहरीलाई काममा सहज हुनु भनेको नागरिकलाई सहज हुनु हो । यस अर्थमा प्रविधिले हामी सबैलाई सुखी तुल्याएको छ । अर्कोतर्फ प्रविधिको प्रयोगले मसलन्द खर्च कटौती समेत भएको छ । यसबाट नेपाल सरकारको लेसपेपर नीतिलाई ठोस टेवा समेत पुगेको छ ।

नेपाल प्रहरीले नेपाल पुलिस एप निर्माण गरी प्रचलनमा ल्याएको छ । यसबाट नागरिकले विभिन्न घटनाको जानकारी, ट्राफिकको अवस्था लगायतका सूचना आदानप्रदान गर्न सहज भएको छ । प्रहरी कर्मचारीहरूलाई आन्तरिक सूचना प्रवाह गर्न समेत एप सफल देखिन्छ । नेपाल प्रहरीमा सफ्टवयर विकास, हार्डवयेर मर्मत, नेटवर्क व्यवस्थापन, आइटी सपोर्ट लगायत प्रविधिसँग सम्बन्धित अन्य सेवा धेरै प्रभावकारी छन् । वेबसाइट, इन्ट्रानेट पोर्टल व्यवस्थापन, ज्योग्राफीक सूचना प्रणाली, कमाण्ड सेन्टर नेटवर्क तीव्र अपडेट हुने गर्छ । हाल केन्द्रीय नेटवर्कमा आबद्ध भएका देशभरमा प्रहरी कार्यालयको रेकर्ड केन्द्रीय नेटवर्क जडान भएका सबै कार्यालयले इमेल वा प्रिन्ट नै नगरी तुरून्तै हेर्न सक्छन् । डाटा सेन्टरमा सम्पूर्ण सूचना प्रविधि सम्बन्धी प्रणाली रहने व्यवस्था छ । यसबाट धेरै काम छिटो र सहज तरिकाले गर्न मद्धत मिलिरहेको छ ।

नेपाल प्रहरीमा विशिष्टिकृत एकाईका रूपमा डिजिटल फरेन्सिक ल्याव स्थापना भएको छ । ल्यावमा मोबाइल, कम्प्युटर जस्ता विद्युतीय उपकरणको विधिविज्ञान गर्ने काम हुन्छ । यस्ता उपकरण अपराधमा प्रयोग भएका छन् वा छैनन् भन्ने प्रमाणित गर्न सकिन्छ । पुराना मुद्धाका मिसिल व्यवस्थापन, हराएका तथा फेला परेका व्यात्तिहरू, हराएका तथा फेला परेका वस्तु, पहिचान हुन नसकेका शव, वानटेड तथा मस्ट वानटेड व्यक्तिहरू रेकर्ड प्रणालीले सम्बन्धितलाई आ-आफूसँग सम्बन्धित रेकर्ड हेर्न सहज भएको छ ।

सूचना प्रविधिको वर्तमान युगमा यसको प्रयोग गर्यौं भन्नु त्यति उचित नहोला । तथापि दैनिक कामकाजमा प्रविधिको प्रयोगको कारण प्राप्त उपलब्धिको विश्लेषण गर्दै अगाडि बढ्न सकेमा हाम्रा सेवाहरूलाई समयसापेक्ष थप सहज तरिकाले प्रदान गर्न सकिनेमा द्विविधा नरहला । यसबाट नेपाल प्रहरीले प्रदान गर्ने सेवाका तौरतरिकाहरू पक्कै पनि थप विकसित तथा रूपान्तरण हुँदै जानेछन् जसले प्रहरी संगठनकै साख जोगाउन सफल भई आम नागरिकमा उब्जिएका जिज्ञासा स्वतः निरूपण हुनेछन् । साथै नेपाल प्रहरीले

दैनिक समाचार बुलेटिन, आधिकारिक फेसबुक पेज, ट्वीटर, इमेल, वेबसाइट, प्रहरी अनुरोध टेलिभिजन कार्यक्रम, रेडियो कार्यक्रम, ट्राफिक एफएम लगायतका माध्यमबाट नागरिकलाई सूचना छिटोछरितो प्रवाह गर्ने र गुनासा सम्बोधन गर्ने गरेकोले नागरिक प्रति प्रहरीको जिम्मेवारी बोध प्रष्ट गराउँछ ।

समग्रमा सूचना प्रविधि वृहत क्षेत्र हो । सामान्य टाइपिङ जस्ता दैनिक कामकाजदेखि विशिष्टकृत काम समेत प्रविधिले सहज बनाएको छ । शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा प्रविधिको प्रयोगको अहम भूमिका छ । सूचनामैत्री सेवामा नेपाल प्रहरीले यथेष्ट प्रयास गरिरहेको छ । विविध चुनौतीका बाबजुद सूचना प्रविधि मार्फत नागरिक सेवा प्रभावकारी बनाउन क्रियाशील छ । यसलाई अझ बढी सशक्त र प्रभावकारी बनाउन नेपाल प्रहरी सक्रिय छ । प्रविधिको कारण नेपाल प्रहरीले प्रदान गर्ने सेवा अब्बल सावित भएको विभिन्न समयमा प्राप्त सम्मानपत्रले समेत पुष्टि गर्दछन् । विद्युत तथा इन्टरनेटमा केही प्राविधिक समस्या आएको अवस्थामा बाहेक डिजिटल प्रविधि अति उत्तम मानिन्छ । यस प्रविधिलाई प्रभावकारी ढंगले अगाडि बढाउन आवश्यक छ । यसै तथ्यलाई मध्यजर राखेर प्रविधिको क्षेत्रलाई अझै सशक्त रूपमा अगाडि बढाउन प्रविधियुक्त जनशक्ति व्यवस्थापनको साथै यस सँग सम्बन्धित सबै प्रकारका प्रयास र पहल गर्नुपर्ने आवश्यकता देखिन्छ । ♦

गजल

✍ **खेमराज खनाल**

तिम्रो एक नजरको पर्खाइमा छु, हेरी देउ फर्किएर
झन राम्री देखिन्छ्यौ साँच्चै, बोल्दा तिमी झर्किएर

मन पर्दैन भने भनिदेउ मनको कुरा, बोलाउदिन बरू
हिँडिदेउ नजिकबाट सधैं सधैं, नहिँडी देउ तर्किएर

यस्तो लाग्छ हिँडौ सँगै बनकुञ्जमा, म अनि तिमी
छाता एउटै होस् अनि, पानी परोस दर्किएर

नजर खोली हेर्छन् सबै, म देख्छु तिमीलाई बन्द गरी
यस्तो लाग्छ बसेकिछ्यौ तिमी, दिल भित्रै लर्किएर

किन किन खै किन, तिमी निकै टाढा भयौ भने
शरीरले आफैं संकेत गर्छ अनि, दुख्छ मुटु चर्किएर

जीवन दर्शन

✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

आँखाले आफ्नो स्वरूप जान्दैन । छालाले आफ्नो स्पर्श जान्दैन। कानले आफूले श्रवण गर्न सक्तैन। अर्थात यी सबैले आफूले आफूलाई देख्न सक्तैनन् । यी सबै साधन हुन, देख्ने आत्मस्वरूप ज्ञान हो । विवेकी व्यक्तिले बुद्धि तत्वबाट आत्म स्वरूपको बोध गर्छ । बुद्धि दीपक हो जसलाई जलाएपछि आत्मबोध स्वयं हुन्छ । दूर रहेको ब्रह्म नजिकै प्राप्त हुन्छ । साक्षात्कार हुन्छ । मृग समात्न मृगकै सहारा, पंक्षी समात्न पंक्षीकै सहारा, हात्ती पक्रन हात्तीकै सहारा आवश्यक परेझैं ज्ञान स्वरूप आत्मा बुझ्न ज्ञान नै आवश्यक पर्छ । सर्पका खुट्टा सर्पले नै देख्छ भनेझैं शरीरमा रहेको ज्ञेय आत्मा ज्ञानद्वारा नै देख्न सकिन्छ । जसरी स्वच्छ जलमा नेत्रको सहारा लिएर आफ्नो शरीर स्वरूप देख्न सकिन्छ ठिक त्यस्तै ज्ञानको सहाराले ज्ञेय रूप आत्मबोध हुन्छ । जल चञ्चल हुँदा भनौं स्थिर नहुँदा वा ऐना हल्लदा आफ्नो अनुहार, स्वरूप देखिँदैन ठीक त्यस्तै इन्द्रियहरू चञ्चल हुन्जेलसम्म बुद्धिद्वारा आत्मबोध हुन सक्तैन । अज्ञानता भन्नु अविद्या हो, अविद्यामा मन राग आदि दोषमा पसिरहेको हुन्छ । मन दूषित हुँदा पाँच ज्ञानेन्द्रियहरू पनि दूषित बन्न पुग्छन् । त्यसर्थ अज्ञानी मनुष्य विषय वासनाको कारण सदैव दुषित रहन्छ । इन्द्रिय तृप्त भएको अनुभूति गर्दैन । फल स्वरूप बारम्बार जन्म लिइरहन्छ । पापको कारण तृष्णाको कहिल्यै अन्त हुँदैन । जब-जब पाप नष्ट हुन्छ तब-तब तृष्णा समाप्ती हुन्छ । विषय संसर्गले, मनमा राग उत्पन्न हुनाले विपरित साधन अवलम्बन गर्नाले परंब्रह्म जीवदेखि टाढा रहेको अनुभूति हुन्छ ।

पाप कर्म क्षय भएपछि ज्ञानको ज्योति प्रकाशित हुन थाल्छ । दर्पण भनौं ऐना वा जल स्वच्छ भएपछि आफूले आफैंलाई देख्न सकिन्छ । फोहोर कुनामा आफ्नो दृश्य देखिन्न या फुटेको, चर्केको ऐनामा आफ्नो अनुहार राम्ररी प्रतिबिम्बित हुँदैन । विषय र इन्द्रिय

चञ्चल हुन्जेल दुःख आफै वरिपरि घुमी रहन्छ । खोजेको वस्तु प्राप्ति नहुँदासम्म मन दुःखी भइरहन्छ । मन सुखी बनाउन विषयको चञ्चलतालाई हटाउनु पर्ने हुन्छ । आत्मबोधको लागि इन्द्रियरूपी चञ्चल पदार्थहरूलाई हटाउनु पर्ने हुन्छ । इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि श्रेष्ठ छ, बुद्धि भन्दा ज्ञान श्रेष्ठ छ, ज्ञान भन्दा आत्मा श्रेष्ठ छ, आत्मा भन्दा परमात्मा श्रेष्ठ छ । ज्ञानरूपी दीपक प्रज्वलित गरेर आत्मा र परमात्मासम्म प्राप्त गर्न सक्नु बुद्धिमानी हुन्छ । अव्यक्त पारमात्माबाट ज्ञानको उदय भएको हो, ज्ञानबाट बुद्धि र बुद्धिबाट मन प्रकट भएकाले प्रकट भएकालाई नियन्त्रणमा राख्नु जरूरी छ । मनले विषयलाई देख्छ अनि मन विषयतिर आकर्षित हुन्छ । विभिन्न इन्द्रियहरू यसका सहारा बन्न पुग्छन् । विविध विषय, पदार्थप्रतिको रागमा आत्मबोध हुन बाधा परिरहेको हुन्छ । विषय एवम् पदार्थ प्रतिको मोहलाई त्याग्नाले अमृतत्व प्राप्त हुन सक्छ । सकाम कार्य गरून्जेल व्यक्ति जन्म मृत्युको द्वारमा नै रहन्छ । राग रहित अवस्था वैराग हो । सुख, दुःख कर्मको फल बाँकी रहुन्जेल अभय पद प्राप्त हुन सक्तैन । इन्द्रिय, विषयहरू प्रति ग्रहण नगर्दा यस प्रति राग त घट्छ तर आसक्ति चाहिँ कायमै रहन्छ । आसक्ति पनि छुट्नको लागि परब्रम्हको आत्मबोध हुनु जरूरी छ । आत्माको सन्निकटता परमात्मासँगको साक्षात्कारबाट आसक्तिको धागो चुडिन्छ । मन निरहंकारी बन्दै आत्मामा जोडिन पुग्छ ब्रह्मत्व भनेको त्यही हो । अब परब्रह्मको चिन्तन हुन थाले पछि स्पर्श, श्रवण, रसना, दर्शन, प्राण सबैको संकल्प कम भएर रहित बन्न पुग्छन्, विशुद्ध बुद्धिको प्रयोग हुन थाल्छ । अर्थात विषयहरू मनमा लय हुन थाल्छन्, मन गएर बुद्धिमा विलिन हुन पुग्छ, बुद्धि गएर ज्ञानमा समावेश हुन्छ, ज्ञान गएर आत्मा अनि आत्मा गएर परमात्मामा विलय हुन्छ । इन्द्रियले मनलाई जानेको हुँदैन, मनले बुद्धिलाई जानेको हुँदैन बुद्धिले अव्यक्त आत्मालाई जानेको हुँदैन । तर अव्यक्त आत्माले क्रमशः यी सबैलाई जानेको हुन्छ । वर्षाकालीन खहरे, खोल्सा, नदीहरू गएर समुद्रमा विलय भए झैं यी सबै तत्व गएर आत्मामा मिलन हुन्छन् ।

दुःखको चिन्तन, दुःखको चिन्तन गर्नाले दुःख बढ्छ । सुखको चिन्तन गर्नाले सुख बढ्छ । मानसिक दुःखलाई विचारले र शारीरिक दुःखलाई व्याधि चिकित्साले घटाउन सकिन्छ । विज्ञानको सामर्थ्य भनेको यही हो । आधिको रोग अभावको रोग मानसिक रोग हो । यौवन, रूप, शरीर, धन, आरोग्य, प्रिय मित्रसँगको समागम यी सबै कुरा चिरस्थायी होइनन् ।

विचारशील व्यक्तिले यी साधनहरूलाई साध्यको रूपमा प्रयोग गर्छ । मनुष्य जीवनमा सुखको अपेक्षा दुःख बढी छ । सुख चाहिँ क्षणभरको रूप र क्षणिक हाँसो समान मात्र छ । विषय प्रतिको रागले आत्मबोध प्रतिको अनुराग घटाउँछ । आर्जनमा दुःख छ, आर्जन वस्तुलाई संरक्षण गर्न दुःख छ । ध्यान योग र भक्ति मार्गबाट पदार्थ र पवर्ग प्रतिको चिन्तालाई घटाउनु नै आत्मबोध हुनु हो । मनको एकाग्रता नभएसम्म यो अवस्थामा पुग्न सकिन्न । मन ध्यानस्थ भएपछि नै निर्गुण परमात्मा तत्वको बोध हुन सजिलो हुन्छ । शास्त्राभ्यासबाट चित्त शुद्ध र शान्त पार्न सकिन्छ । विषय, कामनाबाट सकिन्न । बलेको आगोमा घिउ थपेर आगोको ज्वाला शान्त हुँदैन । परब्रह्म भित्रमात्रै होइन बाहिर पनि छ । बाहिर विशालतम् संसारभरि र भित्र सुक्ष्मतम भरि । समान भावले हेर्ने दृष्टिकोण विकास नभएसम्म ईश्वर कतै देखिँदैन भित्र न बाहिर नै । धर्मले श्रेय वृद्धि हुन्छ भने पापले अकल्याण ।

पृथ्वीभन्दा ठुलो जल छ, अर्थात माटो भन्दा धेरै पानी छ । जलभन्दा ठुलो तेज छ । जललाई पनि सुकाउने तेज नै हो, तेज भन्दा ठुलो वायू छ । वायू भन्दा ठुलो आकाश छ, आकाश भन्दा पनि ठुलो मन छ, मन भन्दा ठुलो बुद्धि छ । बुद्धि भन्दा बलवान काल छ, काल चाहिँ भगवानको अधीन छ । भगवान सर्वव्यापी छ । जसबाट जीव र जगतको लय र प्रलय हुन्छ । भगवानले सदा गरेर पनि कर्ता पक्षको अभिमान छैन । भगवानको आदि, मध्य र अन्त्य अवस्था पहिल्याउन सकिन्न । आदि, मध्य र अन्त्य नभएको अविनाशी अजय परमेश्वर हो । कालको अधीनबाट बच्न चाहने जीवले अव्यय परम पुरूष भगवानमा लीन हुने सार्थक प्रयत्न गर्नुपर्ने हुन्छ । संसारका रमाइला कुराहरू प्राप्त गर्ने प्रयास हुन्जेल परब्रह्म प्राप्त नहुन सक्छ । निर्विषय परमात्मा पाउन चाहनेले साना तिना र मरमिताका विषयवस्तुहरू प्रति मन लगाउनु हुँदैन । ध्यानद्वारा सुक्ष्म मनले आत्म तत्वको पहिचान गर्नु कल्याणकारी उपाय हो । ज्ञानद्वारा बुद्धि निर्मल पार्ने, बुद्धिद्वारा मनलाई शोधन गर्ने, मनले इन्द्रियलाई सोधन गर्ने गर्न सकेमा अव्यय परमात्मा बोध हुन थाल्छ । वास्तवमा परमात्मा नित्य, शुद्ध, सत्, चित र आनन्दमय हुनुहुन्छ जसले सबैको उत्पत्ति र लय प्रलय गराइरहेको हुन्छ ।

मानिस स्वयंमा ईश्वरको अनुग्रह हो भन्दै "तिमीहरू सबै दिव्यात्मा रूप हो, तिमीहरू जान्न चाहन्छौं के तिमीहरूलाई पनि स्वामीको शक्ति प्राप्त हुन सक्छ ? अवश्य सक्छ,

मेरो अनुकरण गर, तिमीलाई पनि सबै क्षमता सुलभ हुनेछ । यो शक्ति तिमीभित्र मौजुद छ । फरक यति छ कि तिमीलाई यो थाहा छैन" सत्य साई बाबाको भनाइ हो । उनको यो स्वचिन्तन र स्वाध्यायबाट यो थाहा हुन सक्छ भने वैदिक चिन्तनको थलो नेपाली भूमिमा जन्म प्राप्ति मात्रै पनि हाम्रा लागि गौरवको विषय हो ।

भक्तिबाट आफूलाई चिनेर परलोक सुधार्न सकिन्छ विवेक चुडामणिको भनाइ हो यो । संगत अनुसार नै व्यक्ति वा वस्तुमा परिवर्तन आउछ भतृहरिको कथन हो यो । घर परिवार आपसी सद्भाव र प्रेम, शुद्धता र विश्वास, वृद्धलाई श्रद्धा र किशोरलाई सम्मान भएको ठाउँ धेरै राम्रो हुन्छ महात्मा गौतम बुद्धको भनाइ हो यो । संसारमा जति मानिस छन् ती कसैको पनि औंठाको छाप एक अर्कासँग नमिले झैं बानी व्यहोरा पनि मिल्दैन तथापि हामी एक अर्काका परिपूरक भएर समाजलाई स्वस्थ बनाउनु पर्छ सबैको हित हुने कार्यमा लाग्नु पर्छ कारण सबै प्राणी मरणशील छन् । रोगी मानिसका लागि प्रेमपूर्वक व्यवहार र एउटा मिठो बोलीवचन पनि सय डाक्टर भन्दा ठुलो हुन्छ । ब्रह्म चैतन्यको भनाइ हो यो । यी उक्तिहरूलाई आत्मसात् गर्दा हरेक समय आफ्नो शरीर स्वस्थ राख्नु पर्ने मान्यता देखिन्छ । समाज र ईश्वर दुवैप्रति प्रेम राख्न शरीर राम्रो हुनुपर्ने निरोगी हुनुपर्ने हुन्छ । हाम्रो शरीरमा लाग्ने धेरै रोगहरू आफ्नै कारणले लाग्ने गर्छन्, बाह्य कारण त छँदैछन् ।

हिजो आज मधुमेह रोग सबैको साझा विषय भइसकेको छ । रोगीहरूलाई निरपेक्ष वा सापेक्ष रूपमा इन्सुलिनको कमी हुन्छ । यसले गर्दा रगतमा ग्लुकोजको मात्रा आवश्यकभन्दा बढी हुन जान्छ । इन्सुलिनले कार्बोहाइड्रेड, फ्याट, प्रोटिन, पानी तथा लवणहरूको जैविक क्रियामा प्रभावित पार्छ । लामो समयसम्म इन्सुलिनको कमी हुँदा शरीरका कोषहरूको भौतिक स्वरूप तथा कार्यमा परिवर्तन आउँछन् । यसका असरहरू अपरिवर्तनीय हुन्छन् र मुख्यतया रक्तनली, स्नायु, आँखा मृगौला, मुटु मस्तिष्कमा यिनका लक्षण देखा पर्छन् । यो रोगको खराब असरहरू देखा पर्न साधारणतया आठ वर्ष जति लाग्छ । पक्तिकार स्वयं यसको प्रभावमा छ र उसले धेरै चिकित्सकको सल्लाह लिएको छ । खान पानमा त धेरै सजगता अपनाउनु नै पर्छ ।

नबुझ्दा मानव आफैं राक्षस हो, बुझ्दा ऊ बुद्धिमान हो, मानवले मानव माथि हतियार उठाउँदा ऊ मूर्ख हो, जनावर हो, पापी हो । धर्म कर्म गर्दा धार्मिक हो धार्मिक भनेर जोगी नै हुनु पर्ने होइन, गेरू नै लाउनु पर्ने पनि होइन, मन्दिर नै बस्नु पर्ने होइन,

शरीर स्वयं मन्दिर हो हाडहरूका सुन्दर खम्बा मांस पिण्डका दिवार नसा नदीका तरल तरंग मन्दिर आफैं अपार महाकवि देवकोटाको भनाइ हो यो । भोगी मात्र हुँदा मानिस पशु तुल्य हुन्छ, न्यस भनेको कर्मप्रतिको निष्ठा हो, सुकर्मको परिणाम राम्रो हुन्छ, शुभ कर्म प्रतिको निष्ठा हुनु नै सन्यासी हो, तपस्वी हो, ज्ञानी हो, ऋषि हो । हामी ऋषि मुनिका सन्तान आज प्रायशः शिशिमुनि भएका छौं, हामीसँग ऋषिमन छैन । ऋषि मन त आकाशभन्दा ठुलो समुद्रभन्दा फराकिलो हुन्छ, हामी बरू निर्दयी हौं, दया छैन, दया नहुँदा भगवानको याद हुन्न । आफ्नो याद नगर्नेलाई विना काम याद गरिरहने फुर्सद पनि ईश्वरलाई कहाँ हुन्छ र ? जो सँग चिनजानै छैन ऊसँग ईश्वरले किन हातेमालो गर्ने ? मानिस पहिले सन्तोषी हुनुपर्छ । विज्ञानले असन्तोषी हुनु भने पनि विनाश धेरै निम्त्याएको छ । विज्ञानको दुरूपयोग गर्दा मानिस हिंस्रक बन्छ । अहिंस्रक हुन विवेकी हुन विज्ञान र ज्ञानको सदुपयोग गर्नु पर्छ । दुष्ट बुद्धिले परोपकारी होइन्न, बलत्कारी, अत्याचारी, दुराचारी, भ्रष्ट र पतितको औषधी छैन । मुखमा राम हातमा काम हुनु पर्छ, मुखमा राम बगलीमा छुरा होइन । इमान्दार व्यक्तिलाई कुनै कानून नै चाहिँदैन । हामी कानून एकै पटक एक डोको बनाउँछौं, अनि त्यो यामानको भारी राख्न भगवान चाहिन्छ, देखावटी कानून भन्दा नैतिक कानून प्रभावकारी हुन्छ, यसैले असल समाजको निर्माण गर्छ । अहिले हाम्रो सिलेवसमा नैतिक समाज निर्माणको च्याप्टर कहाँ छ ? लसुनको बीऊ रोपेर आँप फलेन भनेर चिन्ता गर्न मिल्छ ? पृथ्वीका सबै प्राणीहरूको मालिक मानिस हो ऊ नै निर्दयी भएपछि के बाँकी रहन्छ त ईश्वरको प्रतिनिधि पनि त हो ऊ । आँखा, कान, नाक, जिभ्रो र छाला जस्ता पाँच इन्द्रियका क्रियाहरूलाई नियन्त्रित र एकीकृत गर्ने छैठौं इन्द्रिय मन हो ।

मनले शुभ संकल्प, सदाचार, सत्विचार, कल्याणकारी चिन्तन लिई ईर्ष्या, क्रोध, आवेग, तनाव, वैमनस्यताबाट टाढा रहेमा मानिसले सर्वत्र विजय प्राप्त गर्न सक्छ । "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" गीताको वचन हो यो अर्थात कर्म गर फलाशी नहोऊ आफ्नो शरीरलाई दुर्वल र रोगी बनाएर सधैं गनगन गर्नु अनि दयाको भिक्षा माग्नु जस्तो ठुलो पाप अर्को छैन बाल गंगाधरको भनाइ हो यो । तिमी मलाई आफ्नो संगत भन, म तिमीलाई तिमी के हो भनी बताउनेछु सत्य साइबाबाकै भनाइलाई कोट्याउदा यो स्पष्ट हुन्छ। लोभले धर्म र प्रतिष्ठा दुवै नष्ट गर्दछ महाभारतको भनाइ हो यो । अनुभव

विनाको कोरा शाब्दिक ज्ञान अन्धो हुन्छ, अनुभव नै साँचो गुरू हो विवेकानन्दको भनाइ हो यो, धर्मको काम नै जगतको प्रतिष्ठा बढाउनु हो ऋग्वेदले भनेको छ । जसले आफ्नो कुटुम्ब दरिद्र दिन तथा रोगीप्रति माया दर्शाउछ, त्यसका सन्तान बढ्छन् र धेरैले कल्याणको अनुभव गर्दछन् । विदुर नीतिले स्पस्ट्याएको छ ।

ठुला सहरहरूमा धूर्त, ठग र वेश्यालय बढ्नेछन्, गरिबहरू धनीमानीबाट लुटिनेछन् । महात्मा गान्धीले भनेका छन् । भोजनको प्रभाव मस्तिष्कमा पर्छ त्यसैले सात्विक भोजन गर्नुपर्छ प्लेटोले उहिल्यै भनेका थिए । आहार शुद्ध भएपछि मन शुद्ध हुन्छ, मन शुद्ध भएपछि स्मृति शुद्ध हुन्छ छान्दग्योपनिषदले त्यो भन्दा पहिले भनेको थियो । भोजन र निद्रा मानिसलाई अनिवार्य छ । खाना रूचेसम्म र रातमा निद्रा परेसम्म मानिस स्वस्थ हुन्छ । भोजन र विश्राम अनि निद्राको असन्तुलनले मानिस स्वस्थ हुन सत्तैन । अड्कली ठिक्क खाने चाहिने जति श्रम गर्ने, मात्रा मिलाएर सुत्ने, बेलुका चाँडो सुत्ने, बिहान पनि चाँडो उठ्ने त्यो वास्तविक योगी हो महाभारतको निचोड हो यो । परोपकार नै पुण्य हो । परपीडन पाप हो भन्ने वेद व्यासको उक्तिदेखि मर्नु पोरि जन्मनु हो भन्ने शुक्रराज शास्त्रीको भनाइ सम्म र आत्मा एउटा चेतनतत्व हो, जसले रहनका लागि आश्रय लिन्छ र एउटा शरीरबाट अर्को शरीरमा जान्छ । भौतिक शरीर आत्मालाई धारण गर्न विवश हुन्छ भन्ने गेटेको भनाइ, मायाले नछोएको चैतन्य नै ईश्वर हो भन्ने वेदान्त वाक्यले हामीलाई सदैव पूर्वीय चिन्तनमा चरितार्थ गराउँछ । त्यतिमात्रै होइन, मानिसले आफ्नो कृति बचाई राख्न सदैव प्रयत्नशील रहनुपर्छ भन्ने नेपाली उखान परम्परा समेत पुष्टि हुन जान्छ ।

कुरा गरेको भरमा कोही मानिस ठुलो हुन सत्तैन वाल्मीकी रामायणको उक्तिदेखि खराब मानिसलाई सुधार्ने मुख्य औषधी दया र प्रेम हो भन्ने गान्धीको विचार सम्म, श्रद्धा विश्वास र उत्साहको साथ काम गरे अवश्य सफल भइन्छ भन्ने साइबाबाको भनाइसम्म हामीले आत्मसात् गर्न सके अनि तिमी आफूलाई इमान्दार बनाऊ पक्कै पनि संसारमा एउटा खराब मानिस कम हुन्छ मन्ने थोमस कारलायको भनाइ सम्म हामीले मनन गर्न सके असल समाज निर्माणमा कठीनाइ देखिन्न ।

"पापीलाई घृणा नगर तर पापलाई हटाउन प्रयत्नरत रहँ" भन्ने महात्मा गान्धीको जीवन शैली सम्मका विधि र व्यवहार हामी र हाम्रै परिवेशमा

पाइए पनि भौतिकताको क्षणिक सुखमा लोभिएर जीवन र जगतलाई बिर्सने उच्च र आफूलाई घरानिया भनाउने व्यक्तिहरू पनि हामी कहाँ कम छैनन् । इमान्दार र बौद्धिक व्यक्तित्वहरूलाई समेटेर देशव्यापी रूपमा सैद्धान्तिक र व्यवहारिक रूपमा चरित्र निर्माणको वहस जरूरी छ । अहिले सबैतिर धरापै धराप खडा भएको मुलुकको विकास निर्माण उन्नति र प्रगति पनि अल्मलिएको छ । लोभ र स्वार्थको फोहोरी खेलबाट बाहिर नआएसम्म नेपाल र नेपालीको प्रगति शून्य नै हुन्छ र भविष्य पनि अन्धकार नै । यस्ता विषयमा दिईने प्रशिक्षण अनुशिक्षणहरूले समाज सुधारको कार्य पनि गर्नेछ । ♦♦

कविता

पल्लवी

✍ **सरिता पौडेल गुरागाई**

यी कोपिला हुन् पुष्पका
अंकुर हुन यी बीजका
म बन्छु यिनको बाटिका
लत्रिन दिन्नँ लतिका ।

पल्लवीभैँ सधैं सधैं
लहराउन यी लतिका
हराभरा प्रत्येक दिन
देखिई रहोस् यो बाटिका ।

यी मोती हुन् सागरका
तारा हुन् यी नभका
यी मूल हुन् जलका
निसाना हुन् यी सुरका ।

म सङ्गी बनी यिनको
सदाचार सिकाउछु
आभा छरी यिनमा
रवि तुल्य गराउछु ।

निर्मल प्रीति यिनमा
अखण्ड म बर्साउछु
चञ्चल बालापनमा
हरपल म रमाउछु ।

यिनमा भेटिए
पतन म गराउँछु
विनम्र भई यिनलाई
पुरूषार्थ सिकाउछु ।

लघुकथा

बालकपन



✍ शेखर अर्याल 'शेतिक'

पहाडको खोचमा आड्दाको घर थियो । चारैतिरबाट हरियालीले घेरेको, अगाडि हिमालका चुचुरा देखिने । वर्षाको समय, मुसलधारे पानी पऱ्यो । आड्दा मामाघरबाट फर्किदा नजिकैको घरलाई नदीले ढाकेको देख्यो । मिड्मा टोलाएर बसेकी थिई ।

बारीमा मानिस जम्मा थिए । खोलानाला धमिला, क्रन्दन आवाज, यस्तो दृश्यले आड्दाको मन भारी भयो । "खै मिड्माको घर ? खै उसका पाठापाठी ? खै परिवारका सदस्य ? कहाँ पुगे उसका रहर ?" यस्तै प्रश्न उब्जे उसमा ।

आड्दाले सोध्यो "बाबा के मिड्मालाई बालग्रह लागेको हो ?"

"होइन बाबु, यो त प्रकृतिको खेल हो । जहाँ कहीं आउन सक्छ ।"

"के प्रकृतिले बालबच्चालाई हेर्दैन ?" बाबाको मन भारी भयो । "हेर्छ, तर मिड्माको अवस्था कारूणिक बन्यो ।" उनका आँखा रसाए । सञ्चारले मिड्माको बारेमा प्रचारप्रसार गऱ्यो तर खोचमा बत्ती बलेन । उसका दुईचार हप्ता यसरी नै बिते । "मिड्मा अब तिमी मसँगै स्कुल जाने है ?" आड्दाले भन्यो ।

"नगए के गर्नु आड्दा, मेरो यस्तै हालत भो । ती रहर त्यो बालकपन आखिर .... यस्तै त हो ।" उनको गला अवरूद्ध भो । "त्यसो नभन, तिमीलाई यहाँ रहन मन नलागे पर्सि बाल दिवसमा मैले यो कुरा उठाउने छु ।" यस प्रश्नले मिड्माको रङ फेरियो । आड्दा र मिड्मा विद्यालय पुगे । कार्यक्रम सुरू भयो । बालबालिकाका अधिकारका विषय उठे । बालबालिकाका केही गुनासा भए बताउन आग्रह गरियो ।

आड्दा मञ्चमा गए । हातमा माइक समाउदै "उपस्थित सम्पूर्णमा नमस्कार, बालबालिकाका कुरा उठ्दा खुसी लाग्यो । म एउटा प्रश्न राख्न चाहन्छु, गाउँमा आएको बाढीपहिरोले मिड्मालाई एक्लो बनायो । के तपाईंको संस्थाले सहयोग गर्न सक्छ ? सक्छ भने जवाफ दिनुहोला ।" उनी आँखा पुछ्दै मञ्चबाट विदा भए । एक भलाद्मीले माइक समाए । सबैलाई सम्बोधन गर्दै "हाम्रो बालमन्दिर, बालघर यस्तै

सहयोगका लागि स्थापना भएको हो ।" उनको अनुहारमा चमक आयो । गाडी चल्यो, आड्दालाई मिड्माले हात हल्लाइन् । उनको मन उही बालकपनमा रूमलिएको थियो ।♦

कविता

यो अमूल्य जीवन

✍ **इन्द्रकुमार श्रेष्ठ**

वर्षौं वर्षका खोज, अनुसन्धान र चिन्तनले पत्ता लाएका
दिमागको अति तीक्ष्ण आँखाले फेला पारेका
पढ्न बाँकी नै राखेर ज्ञानका धेरै पुस्तकहरू
अरूको निन्दा र चर्चा गर्दै
सित्तैमा बिताउँदै छु यो अमूल्य जीवन ।

धेरैले सदुपयोग गर्दै आएका
फिर्ता नआउने यो प्यारो समय
मानवता, सेवा र परोपकारका
गाउन छाडेर कर्तव्यको लय
बुझ्न बाँकी नै राखेर धेरै कुराहरू
पद, स्वार्थ र पैसामा खुम्च्याउँदै
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

प्रकृतिको लीला र यसको सुन्दरता
उसको निःस्वार्थ गुण र लोभ लाग्दो उदारता
अवलोकन गर्न, पढ्न र बुझ्न बाँकी राख्दै
सधैं सधैं क्षणिक स्वाद, भ्रम र रङमा लोभिदै
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

भुलिरहें,
लोभ, पाप र मोहमा
जलिरहें,
रीस, ईर्ष्या र असन्तुष्टिमा
ढाँटिरहे स्वार्थका लागि पल पलमा
उमेर बढेसँगै बिग्रिरहेको छु दिनदिन
सित्तैंमा बिताउँदै छु यो अमूल्य जीवन ।

नेपालका प्रथम वैज्ञानिकः गेहेन्द्र शमशेर

✍ **राजेशमान के.सी.**

गेहेन्द्र शमशेरको जन्म वि.सं. १९२८ सालको पौष महिनामा भारतको पुरानो राजधानी कोलकोतामा भएको थियो जहाँ उनका पिता वीर शमशेरलाई नेपाली प्रतिनिधिको रूपमा कार्य गर्न खटाइएको थियो । उनको प्रारम्भिक शिक्षा निजी अंग्रेजी शिक्षक राखी घरमा नै व्यवस्था गरिएको थियो । पछि राणा शासनकालमा निर्मित नेपालकै प्रथम आधुनिक विद्यालय मानिने दरबार हाई स्कूलमा उनलाई औपचारिक शिक्षाको लागि भर्ना गरिएको थियो । त्यसो त उनको शैक्षिक उपाधिबारे हालसम्म कुनै पनि आधिकारिक जानकारी उपलब्ध हुन सकेको छैन । तैपनि गेहेन्द्र शमशेर नेपाली आविष्कारक, हातहतियारका प्रमुख डिजाइनर एवम् तत्कालीन शाही नेपाली सेनामा जर्नेल समेत बन्न पुगेका थिए । गेहेन्द्र शमशेरलाई नेपालकै प्रथम वैज्ञानिकको रूपमा पनि मान्ने गरिएको छ ।

वैज्ञानिक गेहेन्द्र शमशेर वीर शमशेरका जेष्ठ सुपुत्र थिए । वीर शमशेर राणा शासनका तेस्रो प्रधानमन्त्री थिए । वि.सं. १९४२ सालमा रणदिप सिंह कुँवरको हत्या भएपछि वीर शमशेर राणा शासनको तेस्रो प्रधानमन्त्री बन्न पुगेका थिए । गेहेन्द्र शमशेर बाल्यकालदेखि नै विभिन्न यान्त्रिक सामान र हातहतियार निर्माणमा रूची राख्ने गर्दथे । उनको यही अभिरूचीका कारण पिता वीर शमशेरले पनि आफू प्रधानमन्त्री हुँदा छोरा गेहेन्द्रलाई १४ वर्षको किशोरावस्थामै तत्कालीन शाही नेपाली सेनाको हातहतियार विभाग हेर्ने प्रमुखको जिम्मा दिएका थिए । जसले गर्दा गेहेन्द्र शमशेर हातहतियार र गोलीगट्ठा निर्माणमा निकै उत्प्रेरित पनि हुन पुगेका थिए ।

तर त्यस बखत विदेशी मुलुकबाट हातहतियार तथा गोलीगट्ठा आयात गर्न पाइँदैन थियो । त्यसैले वैज्ञानिक गेहेन्द्रले स्थानीय रूपमै

उपलब्ध कच्चा सामग्री प्रयोग गरेर विभिन्न हातहतियारहरू निर्माण थालनी गरेका थिए । यसको लागि उनले बेलायती मोडलको हातहतियार निर्माण कारखाना काठमाडौंको जमलस्थित आफ्नै निवास सेतो दरबार अनि सुन्दरीजल, बालाजु र भोजपुरको मेगचन भन्ने ठाउँमा समेत स्थापना गरेका थिए । त्यति मात्र नभई वैज्ञानिक गेहेन्द्र शमशेरले तत्कालीन शाही नेपाली सेनाको आधुनिकीकरणमा समेत ठुलो योगदान पुऱ्याएको इतिहासकारहरू बताउँछन् ।

प्रधानमन्त्री वीर शमशेरको निधनपछि देव शमशेर चौथो राणा प्रधानमन्त्रीको रूपमा सत्ताशीन हुन पुगे । त्यसो त देव शमशेर र गेहेन्द्र शमशेरबीच पनि त्यतिखेर निकै राम्रो र घनिष्ठ सम्बन्ध रहेको थियो । त्यसैले दरबारमा गेहेन्द्रको निकै राम्रो पोजिशन पनि थियो । त्यसैले उनलाई तत्कालीन प्रहरी सेवाको जासुसी प्रमुख अर्थात स्पाई चिफको रूपमा समेत नियुक्त गरिएको थियो । पछि प्रधानमन्त्री देव शमशेरकै सल्लाह र आग्रहमा उनी जापानमा हातहतियार निर्माण सम्बन्धी विभिन्न प्रविधि सिक्नको लागि भनी जापान पनि गएका थिए । पछि वि.सं. १९५६ को अन्त्य तिर आएर गेहेन्द्र शमशेरले संयुक्त राज्य अमेरिकाको डेटोंइटस्थित फोर्ड मोटर कम्पनीबाट मोटर कार मगाई उक्त मोटरकारको सबै पार्ट पुर्जाहरू खोलेर त्यसको वृहत अध्ययन गरी आफै मोटर कार निर्माणमा समेत जुटेका थिए । वैज्ञानिक गेहेन्द्र शमशेरका प्रमुख आविष्कार तथा उपलब्धिहरू संक्षिप्त रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

पानी मुनी बत्ती

जतिखेर नेपालमा बिजुलीको प्रचलन ठ्याम्मै थिएन, त्यतिखेर गेहेन्द्र शमशेरले पानी मुनी बत्ती बाल्ने प्रविधिको विकास गरे । तेल इन्जिनको प्रयोगद्वारा DC डाईनामो चलाएर त्यसबाट उत्पन्न विजुलीलाई जम्मा गरी अर्थात् ब्याट्री चार्ज गरी त्यसबाट लाइन जोडी उनले बिजुली बत्ती बाले । यो बत्ती पानीमुनी पनि बाल्न सकिन्थ्यो । आजको जस्तो जलविद्युत शक्तिको अभाव भएको त्यस समयमा डाईनामो चलाएर भए पनि यसरी बिजुली बत्ती बाल्नुलाई इतिहासकारहरूले ठुलै उपलब्धि मानेका छन् । स्मरण रहोस् नेपालको पहिलो फर्पिङ्ग जलविद्युत आयोजना निर्माणको थालनी पनि उनले नै गरेको मानिन्छ ।

धान कुट्ने कल

काठमाडौंको जमलस्थित त्रिभुवन विश्वविद्यालयको पुरानो परीक्षा नियन्त्रण कार्यालय रहेको भवन र त्यस वरपर फैलिएको दरबारलाई त्यतिखेर सेतो दरबार भनिन्थ्यो । जुन दरबार उनलाई

आफ्ना पिता वीर शमशेरले पैत्रिक सम्पत्तिको रूपमा प्रदान गरेका थिए । त्यसै सेतो दरबारको कम्पाउण्डभित्र गेहेन्द्र शमशेरले यस्तो कलको स्थापना गरेका थिए जुन कलले धान कुट्ने, पीठो पिस्ने, तोरी पेल्ने आदि गर्दथ्यो । यस कलका निम्ती उनले सात वटा ब्रोईलर इन्जिन समेत जडान गरेका थिए ।

छाला प्रशोधन कारखाना

वैज्ञानिक गेहेन्द्र शमशेरले काठमाडौंको बालाजुमा छाला प्रशोधन कारखाना पनि स्थापना गरेका थिए । यसबाट देशभित्रै काँचो छालालाई प्रशोधन गर्न सम्भव भएको थियो । यस कारखानाले नेपालको औद्योगिक विकासमा समेत निकै महत्वपूर्ण थालनी गरेको मानिएको छ ।

हावा मिल

इनारको पानीलाई तानी बाहिर ल्याउने यो मिल हावाको गतिले पंखालाई घुमाएको आधारमा चल्दथ्यो । त्यसै बहेर खेर जाने हावालाई मानव जातिको सेवामा लगाउन उनले प्रयोग गरी सफलता प्राप्त गरेका थिए । उनको यो प्रविधिलाई त्यतिखेर सेतो दरबारको कम्पाउण्डभित्र ईनारको पानी बाहिर ल्याई बगैंचामा सिंचन गर्न समेत प्रयोग गर्ने गरिएको थियो ।

गेहेन्द्र राईफल

गेहेन्द्र शमशेरका वैज्ञानिक उपलब्धिहरू ज्यादा जसो तोप, बन्दुक, राईफल आदि हात हतियारको निर्माण र नयाँ प्रयोगहरूमा नै केन्द्रित रहेको थियो । त्यतिखेर सरकारी सेनाको उपयोगका लागि पनि ती हतियारहरू प्रयोग हुने गर्दथे । यी हतियारहरूमध्ये एकथरी राईफललाई गेहेन्द्र शमशेरले आफ्नै नामबाट गेहेन्द्र राईफल भनी नामाकरण पनि गरेका थिए । यो राईफलमा दुई नाले कार्टिज्स समावेश गरिएको थियो । त्यतिखेर सैनिकहरूको अभ्यासको निमित्त समेत यी राईफलहरू वितरण गरिएका थिए ।

गे-गन

गेहेन्द्र शमशेरले एकथरी यस्तो तोप बनाएका थिए जुन तोपलाई बसी बसीकन पनि प्रहार गर्न सकिन्थ्यो । यसलाई उनले आफ्नै नामको शुरूको अक्षर गे बाट 'गे-गन' भनी राखेका थिए । यसको प्रमुख विशेषता के थियो भने प्रहार गर्दा यो पछाडि सर्दैनथ्यो । जब कि अरू तोपहरूमा गोली प्रहार भई छुटेर गएपछि गन जोडले पछाडि सर्ने गर्दथ्यो । तर यो गे-गन चलाउँदा चलाउने मान्छेलाई गोली लाग्न नपावस् भनी यसमा अगाडि पट्टी मान्छेको टाउको छेकिने गरी धातुको पाता समेत जडान गरिएको थियो । साथै यस गनको अर्को महत्वपूर्ण विशेषता के पनि थियो भने यसलाई केही डिग्री

घुमाएर पनि प्रहार गर्न सकिन्थ्यो । यस हिसाबले यो गन आजको चौतर्फी प्रहार गर्न सक्ने आधुनिक ट्याङ्करकै एउटा प्रारम्भिक स्वरूप थियो भनेर कतिपय इतिहासकारहरूले टिप्पणी पनि गरेका छन् ।

वीर-गन

वि.सं. १९५३ मा गेहेन्द्र शमशेरले अर्को दुई नाले तोप पनि बनाए । यसलाई उनले आफ्नो पिता वीर शमशेरको नामसँग जोडेर 'वीर-गन' भन्ने नाम दिएका थिए । यसका दुवै नालहरूबाट क्रमशः गोली चलाउन सकिन्थ्यो । यो पनि केही डिग्री घुमाएर प्रहार गर्न सकिने गरी बनाईएको थियो ।

धीर-गन र चार नाले तोप

आफ्नो बाजे धीर शमशेरको नाममा गेहेन्द्र शमशेरले विकास गरेको यो तोपको बारेमा इतिहासकारहरूले पर्याप्त जानकारी प्राप्त गर्न सकेका छैनन् । तर पनि त्यस समयमा यो गन पनि गेहेन्द्र शमशेरको महत्वपूर्ण वैज्ञानिक उपलब्धिकै रूपमा रहेको मानिएको छ । यस्तै उपलब्धिको रूपमा रहेको अर्को एकथरी तोपको बारेमा पनि कमै मात्र जानकारी प्राप्त छन् । तर एउटा उपलब्ध जानकारी अनुसार यो तोपमा जम्मा चार वटा नालहरू थिए ।

मेशीन-गन, गोली, गोला र कार्टीज्स

गेहेन्द्र शमशेरले मेशीन गन पनि बनाएका थिए र उनले विभिन्न खाले गोली, गोला र कार्टिज्स (Cartiges) हरूको पनि निर्माण गरेका थिए ।

फोटोग्राफी

गेहेन्द्र शमशेर बहुआयामिक प्रतिभा भएका व्यक्ति थिए । संगीत, खेलकूद, चित्र कलादेखि लिएर फोटोग्राफीमा समेत रूची भएका र तालिम लिएका उनले त्यतिखेरको नेपालका निम्ती नयाँ प्रविधिकै रूपमा रहेको फोटोग्राफीको क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका थिए । यस क्रममा उनले फोटोग्राफीका निम्ती प्रयोग हुने रसायनहरू आफ्नै खर्चमा विदेशबाट मगाएका थिए । यसरी फोटोग्राफीको प्रयोग र विकास गरी उनले थुप्रै फोटोहरू बनाउने काम पनि गरेका थिए ।

यस्ता बहुप्रतिभाशाली नेपाली वैज्ञानिक गेहेन्द्र शमशेरको अन्ततः वि.सं. १९६३ मा ३५ वर्षको अल्प उमेरमै अत्यन्त रहस्यमय ढङ्गले मृत्यु भयो । उनको मृत्युको कारणबारे वास्तविक रहस्य खुल्न नसके पनि प्रधानमन्त्री चन्द्र शमशेरले उनको राजनैतिक र सैन्य प्रभावबाट आशंकित भएर उनको षड्यन्त्रपूर्वक हत्या गराएको हुन सक्ने केही इतिहासकारहरूले उल्लेख गरेका छन् । ♦♦♦

कथा

ऊ र उसको कथा

✍ शशी श्रेष्ठ

नाम चलेको साहित्यकार ऊ, उसका किताब पढेर पाठकहरू चरम आनन्दमा हराउँछन्। ख्याल ठट्टा, हाँसो रोदन, यौन धोका सबैको मिश्रण उसका किताबभित्र पाइन्छ।

सानैदेखि मेहेनती उसले आफ्नो बुबाको दुःख सङ्घर्ष राम्रोसँग बुझेको देखेको थियो। रातदिन केही नभनी उसका बुबाले कल खट्खट् पारेर आफ्नो घरमा सुख सयल रूपी सङ्गीतको ध्वनि गुन्जाइरहन्थे । बिचरा उसका बा जीर्ण शरीर लिएर मीठा गीतहरू गुन गुनाउँदै लुगा सिलाइरहन्थे । बुबाको गीत र मेसिनको एकनासको खट्खट् आवाजसँगै ऊ के के सम्झेर लेखिरहन्थ्यो। बुबाले, "पढ् है छोरा, पढिनस् भने मेरो जस्तै जीवनभर सियोमा धागो हालेर बस्नुपर्छ" भनेको सम्झेर ऊ डराउँथ्यो। आफू धेरै पढेर ठुलो मान्छे बनेको ऊ सपना देख्थ्यो, रातभरिको सपना ऊ बिहानै उठेर कापीमा उतार्थ्यो र आफ्नो बुबालाई सुनाउँथ्यो, कहिले कविताको रूपमा त कहिले कथाको रूपमा।

त्यसै गर्दा गर्दै उसको लेखन यात्रा अगाडि बढिरह्यो। ऊ विभिन्न प्रतियोगिताहरूमा भाग लिन्थ्यो र जित्थ्यो पनि। एक पटक पुरस्कार जितेर घर आउँदा बुबाले मेसिनमा खुट्टा टक्क अड्याएर आफ्नो गर्वले फुलेको छाती इन्चिटेपले नापेको देखेर ऊ मुसुक्क मुस्कुरायो । त्यतिबेला नै उसले आफ्नी आमालाई आँखाभरि सम्झियो। आमासँगै सम्झनामा बगेर त्यो ठुलो कुम्भीको रूख पनि सँगै आयो । ऊ दुःखी भयो एक दिन आफ्नी प्यारी आमा बस्तुलाई घाँस झार्न कुम्भीको रूख चढ्दा हाँगो भाँचिएर कान्लै कान्ला धेरै तल खसेकी थिइन्। बाटो हिँड्ने बटुवाले देखेर उनलाई नजिकैको हेल्थ पोष्ट कुदाए। उपचार पछि उनी घर त आइन् तर आमा दिनदिनै सुक्तै गइन्, उनका शरीरभरि चोट थिए ।

एक दिन आमाले "मेरा छेउमा आइज न टुल्के" भनिन्। खासमा उसको नाम बुबाले टलकजंग राखिदिएका थिए तर आमा मायाले बोलाउँदा उसलाई टुल्के भन्ने गर्थिन्। ऊ आमाका छेउमा दौडँदै गयो। "तेरो कापीमा मेरो एउटा हाँसेको फोटो बनाइदे न छोरा" भनिन्। ऊ सानै थियो जसोतसो बनाएर आमालाई देखायो। आमा आफ्नो फोटो हेरेर हाँसिरहिन्। त्यो फोटो नै आमाको अन्तिम फोटो भयो, भोलिपल्ट आमा उठिनन्। यसरी कुम्भीको रूखले आमालाई लग्यो। बिचरा ऊ स्कुल जाँदा आउँदा बाटोमा पर्ने त्यो रूखमा एकछिन ठिङ्ग उभिएर वरिपरि आमा खोज्थ्यो। आफ्ना साथीका आमा सम्झिन्थ्यो र बुबा हेर्दै मन बुझाउँथ्यो।

टलकजंग कुरा बुझ्ने भएपछि उसको पढाइ पनि राम्रो हुँदै गयो, ऊ जिल्लाभरिको नामी साहित्यकार भइसकेको थियो। एकदिन बुबा पनि खाना खाइसकेर एकैछिन आराम गर्न ढल्केका निदाको निदाइ भए । अब घरमा ऊ मात्र एक्लो रह्यो। यसरी उसको बाल्यकाल खुसी खोज्दा खोज्दै दुःखसँग बित्यो। उसले आफ्नै जस्तै धेरै दुःखका कथाहरू पढिसकेको थियो। उसले ती दुःखका कहाली लाग्दा रात र दिनहरूमा सदगुरूका किताबहरू पढेर जीवन जिउने कला सिक्यो।

उसलाई आमा बा नभएको घरमा बस्न मन लागेन। ऊ कलेज पढ्न काठमाडौं आयो, सङ्घर्ष गऱ्यो। तर आफ्नो लेख्ने कर्म भने छोडेन। उसले कथा कविता सुनाउँदा मान्छेहरू उसको अनुहार हेरिरहन्थे, त्यस्तो मन्त्रमुग्ध बनाउन सक्ने कला थियो ऊसँग। उसका लेखहरू पत्रिकामा आउँथे। वर्षभरिमा दुई तीन वटा किताब लेखेर निकाल्थ्यो । ऊ परिश्रम गर्दा गर्दै धेरै छिटो उचाईमा पुग्यो ।

उसले घरजम गऱ्यो, सन्तान भए। सुन्दर सुविधायुक्त घर पनि बनायो। अब किताब लेखेर पैसा कमाएपछि उसले आफ्नै एउटा छापाखाना खोल्ने सोच बनायो। किनकी ऊ आफू पनि किताब लेख्न सक्षम थियो । नेपालका ठुलाठुला नाम चलेका साहित्यकारहरू उसलाई आफ्नो किताब छापिदिन अनुरोध गर्थे। ऊ पालैपालो पान्डुलिपि पढ्दै प्रतिक्रिया र भुलसुधार गराउँदै किताब निकाल्थ्यो र बिक्री वितरण गर्थ्यो। यो एउटा उसको ठुलो खुबी थियो। अरू पब्लिसर जस्तो किताबको पैसा सुरूमै उठाएर ती किताबहरू

यसै ग्यारेजमा मिल्काउने काम ऊ गर्दैनथ्यो।

ऊ असल थियो, निडर थियो। उसले सरकारी कर्जा लिएर आफ्नो पब्लिकेसन ठुलो बनायो। सँगसँगै उसले नेपालभरि आफ्नो प्रेसमा छापिएका किताबहरू सप्लाई गर्न थाल्यो। करोडौंको लगानी गरेको आफ्नो व्यवसाय हेर्दा ऊ सुखको अनुभूति नगरी बितेका आफ्ना आमा बा सम्झिन्थ्यो र दुःखी हुन्थ्यो।

उसको अक्षरको खेती राम्रो चलेको थियो। छोराछोरीलाई पनि नाम चलेकै स्कुलमा पढाएको थियो। श्रीमतीले घर व्यवहार चलाउँदै बाँकी समय श्रीमानलाई काममा सघाउँथिन्। त्यसैबेला सरकारले लगाएको पुस्तकमा करको विरोध गर्दै उसले दुई-चार वटा नै लेख लेख्यो। सबै छापाखानाहरू मिलेर सरकारको विरोधमा आन्दोलन गरे। केही शिप चलेन ।

अहँ पुस्तकको कर हटेन। किताब किनेर पढ्नेको संख्या कम भएको देशमा महङ्गा किताब किन्नु र अध्ययन गर्नु सबै नेपालीमा सम्भव छैन। यो छ/सात महिनादेखिको देशको अवस्थाले उसको व्यवसाय सबै बन्द भयो। ऊ एकाएक खस्कदै गयो। घर बनाउँदाको ऋण, व्यवसाय बढाउँदाको लोन, घरखर्च, किस्तामा किनेको गाडी, आजकल ऊ यो सबै छोडेर गाउँ सम्झन्छ। कुनै ऋण बिनाको बुबाको लुगा सिउने मेसिन सम्झन्छ तर अब सम्झनु मात्र त हो। न त ऊ परिवार लगेर गाउँमा बस्न सक्छ न त काठमाडौंमा रमाउन सक्छ ।

आजकल ऊ मनोपरामर्श कहाँ धाइरहन्छ सायद उसलाई कुनै डरलाग्दो ऋणको रोग लागेको छ । ऊ एक्लै एक्लै बसिरहन्छ, आफ्नो परिवारलाई पनि नचिनेको जस्तो गर्छ । किताबका अक्षरहरूसँग गफ गर्छ, लेख्छ र जोड जोडले चिच्याई चिच्याई भित्ताहरूलाई सुनाउँछ । ऊ प्रत्येक दिन बिहानै उठ्छ र भ्यालबाट टाउको निकालेर बाटोमा हिंड्ने मानिसहरूलाई कविता सुनाउँछ,

ए सरकार!
बाफ बनेका शब्दहरू,
बरफ बनेका कथाहरू
उड्नु र पग्लनु अघि नै
तिमीले सुम्सुम्याउने छौ।
तिमीलाई अक्षरको भोक जागेकै दिन
मेरा सबै सपनाहरू पूरा हुनेछन्।

♦♦♦

प्रलोभनको परिणाम

✍ प्र.नि.भोजराज पाण्डेय

नेपालको लाइफ लाइन सडकको रूपमा रही काठमाडौं नाकासँग जोडिएको धादिङ जिल्लामा पर्ने पृथ्वी राजमार्ग सडक खण्डमा विशेष गरी धेरै भार बोकेका मालबाहक गाडीहरूको अत्यधिक चापको कारणले गर्दा सवारी दुर्घटना लगायतका घटनाहरूमा बढोत्तरी समेत भएको छ । २०७६ सालको साउन महिनामा तराईबाट काठमाडौं आउदै गरेको बस त्रिशुली नदीमा खस्दा करिब २ दर्जन यात्रुहरूको मृत्यु भए पश्चात खासै ठुलो प्रकृतीको सवारी दुर्घटना भई धनजनको क्षति भने भएको छैन । तथापी राजमार्ग ईलाकामा सवारीको अत्यधिक चाप, लामो दुरीबाट चलाउँदै आएका सवारी साधनहरू ठाउँ ठाउँमा बिग्रनु, साँघुरा तथा डर लाग्दा घुम्तीहरू र दुई पाङ्ग्रे सवारी साधनहरू व्यापक मात्रामा चल्ने गरेको कारण पनि सवारी दुर्घटनाको अलवा अन्य प्रकृतीका चोरी, लुटपाट लगायतका सामाजिक अपराधहरू समेत त्यत्तिकै मात्रामा घट्ने गरेको देखिन्छ ।

राजमार्ग छेउछाउका घरहरूमा पार्किङ गरेर राखेका सवारी साधनहरूबाट टायर, डिजेल, पेट्रोल, ब्याट्री लगायतका सामानहरू दैनिक रूपमा चोरी हुने गरेको गुनासो सहितको निवेदन बोकेर आउनेहरूको संख्या बढ्दै गईरहेको कारण ५६ कि.मी. पृथ्वी राजमार्गको जिम्मेवारी रहेको ईलाका प्रहरी कार्यालय गजुरीमा कार्यरत हामी प्रहरी अधिकृत लगायतका प्रहरी कर्मचारीहरूको लागि टाउको दुखाईको विषय बनेको थियो ।

दैनिक रूपमा हुने चोरी लगायतका कार्य नियन्त्रणको लागि राजमार्गमा दैनिक रूपमा गरिने पैदल तथा गाडी मोबाइल गस्तीबाट पनि प्रभावकारी रूपमा यो कार्य नियन्त्रण हुन नसकेकोले स्थानीय निकायहरूसँग समन्वय गरी राजमार्गको गजुरी, मलेखु, घाटबेशी र आदमघाट लगायतका

घटना हुन सक्ने सम्भावित स्थानहरूमा सिसिटिभि क्यामेरा जडान गरी चोरी अपराध नियन्त्रणमा प्रविधिको समेत प्रयोग गरी कार्य अगाडि बढाइएको थियो । तथापी सिसि क्यामेरा नभएको स्थानहरूको सडक किनारामा पार्किङ गरेका गाडीहरूबाट सामानहरू चोरी हुने क्रम रोकिएको भने थिएन ।

२०७७ साल कार्तिक ७ गते घाटबेशी स्थित सडक छेउमा पार्किङ गरेको ट्रिपरबाट पछाडिको डिक्स सहितको २ वटा टायर र गाडीमा प्रयोग भएको १५० एम्पियरको ब्याट्री थान २ चोरी भएको भनि निवेदन पर्न आएकोले तत्काल गजुरी गाउँपालिका वडा नं. ५ को वडा कार्यालयमा जडान गरेको सि.सि.टि.भी. फुटेज हेर्दा अघिल्लो दिन राती अं. ०१:५५ बजेको समयमा पृथ्वी लोकमार्गमा कलेजी रातो रंगको धर्का भएको पिपलको रूख छेउमा अल्फाबेट एकिन नदेखिएको ६१०६ नम्बर रहेको बस रोकी २ जना मानिस बसबाट झरी बाटो क्रस गरेर सडक छेउमा पार्किङ गरी राखेको ट्रिपरको ढोका खोली ट्रिपरबाट २ वटा ब्याट्री र २ वटा टायर चोरी गरी उक्त बसमा राखी काठमाडौं तर्फ गएको सि.सि.टि.भी. फुटेजबाट स्पष्ट देखियो ।

त्यसपछि मंसिर ९ गतेको बिहान माथि उल्लेखित हुलिया भएको बा २ ख ६१०६ नम्बरको बस पहिला रोकिएकै स्थानमा रोकिएको भनि ईलाका प्रहरी कार्यालय गजुरीमा खबर प्राप्त हुन आएको हुँदा तत्काल प्रहरी टोली उक्त स्थानमा खटिई गएकोमा प्रहरी टोली घटनास्थलमा नपुग्दै उक्त बस आदमघाट तर्फ भगाई लगेको हुँदा त्यस भन्दा अगाडि रहेका प्रहरी ईकाईहरूलाई सो नम्बरको बसलाई चालक सहित तत्कालै नियन्त्रणमा लिनु भन्ने ईलाका प्रहरी कार्यालयका प्रमुख र मैले समेत आदेश गरेकोमा अस्थाई प्रहरी पोष्ट सिम्लेबाट राजमार्गमा खटिएको प्रहरी टोलीले चालक जिल्ला उदयपुर, कटारी न.पा.वडा नं. ६ गोल्पा बस्ने वर्ष २० को सद्दाम राईन सहित बसलाई नियन्त्रणमा लिई साइड लगाउने क्रममा सो बसमा रहेका अन्य २ जना भागी फरार भएको भनि रिपोर्ट गरेको हुँदा भागेका मानिसहरूलाई तदारूकताका साथ खोजतलास गर्नु भनि आदेश दिई बस र चालकलाई ईलाका प्रहरी कार्यलयमा ल्याई बस चालकलाई म्याद थप लगायतको कानूनी प्रक्रिया पुरा गरी जिल्ला सरकारी वकिल समक्ष निजको बयान गराउने कार्य गरियो । बयानको क्रममा निजले खुलाए अनुसार म लगायत उक्त बसको धनि ट्रिपर रोकेको

ठाउमा गई ट्रिपरको क्याबिनको ढोका भित्रबाट खोली ट्रिपरमा भएको १५० एम्पियरको २ थान ब्याट्री निकाली दुवै जना मिली ट्रिपरको पछाडिको १/१ वटा डिक्स खोली बसमा ल्याई लोड गरि काठमाडौं लिई गएको हो । उक्त सामान लगेर बस रविन घले र गोरेले नै लगी बिक्री गरी मलाई रू.१०,०००/- दिएका थिए । निजहरूले चोरी गरेको सामान के कहाँ लगि बिक्रि गरेका हुन ? मलाई जानकारी गराएनन् । त्यसपछि हामीले आफ्नो रूटमा नै बस चलाउने गरेकोमा मिति २०७७/०८/०८ गते म, रबिन घले र गोरे भन्ने निजको भान्जा र एकिन नाम नखुलेको रातेसमेत भई पुन धादिङ जाने र बाटोमा रोकेको गाडीहरूको ब्याट्री टायरहरू चोरी गर्ने भनि सल्लाह गरी म, रविन घले, निजको गोरे भन्ने भान्जा र राते समेत राती काठमाडौंबाट पृथ्वी राजमार्ग हुँदै धादिङ आएको हो । मंसिर ९ गते बिहान पृथ्वी राजमार्गको गजुरी गा.पा. वडा नं. ५ घाटबेशीमा पुगी गाडी रोकी राखेको अवस्थामा जाहेरवाला देवेन्द्र प्रसाद शर्मा आई मलाई सोधखोज गर्न लागेकोले पहिला पनि सोही स्थानमा चोरी गरेको हुँदा चोरी गरेको कारण पक्राउ परिएला भन्ने डरले मैले गाडी चलाई सो स्थानबाट भागेकोमा जिल्ला धादिङ थाक्रे गा.पा.वडा नं. २ सिम्ले पुग्दा प्रहरीले मेरो गाडी रोकी साईड लगाउन भनेकोले मैले गाडी साईड लगाएर रोक्ने वित्तिकै रबिन घले निजको भान्जा र राते भन्ने व्यक्ति गाडीमा ओट लगाउछु भनी ओर्लीई बसको पछाडि गएको अवस्थामा उतैबाट भागेको हुँदा प्रहरीले मलाई मात्र नियन्त्रणमा लिएको हो भनी बयान दिए पछि अनुसन्धान कार्यलाई निष्कर्ष सहित अगाडी बढाउन सो घटनामा संलग्न अन्य प्रतिवादीहरूलाई पक्राउ गर्नु जरूरी भयो ।

त्यसपछि निजहरूको वतन एकिन गर्ने क्रममा हाल सबै जना काठमाडौं स्वयम्भुमा बसोबास गर्ने भन्ने खुल्न आएकोले काठमाडौं स्थित महानगरीय प्रहरी परिसरसँग समन्वय गरी मेरो कमाण्डमा ४ जनाको प्रहरी टोली निज प्रतिवादीहरूले प्रयोग गर्ने मोबाइल नम्बरहरूको ट्र्याकिङ गर्दै पछ्याउँदै जाने क्रममा जिल्ला धादिङ, सिद्दलेक गा.पा.वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं नागार्जुन न.पा.वडा नं.३ पाँचधारा बस्ने मान बहादुर घलेको छोरा वर्ष २९ को रबिन घले र जिल्ला धादिङ गजुरी गा.पा.वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं नागार्जुन न.पा.वडा नं. ३ पाँचधारा बस्ने वर्ष २३ को खैरे भन्ने कमल घलेलाई जिल्ला

काठमाडौं नागार्जुन न.पा.वडा नं. ३ पाँचधारामा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरी कार्यालयमा दाखिला गरियो । निजहरू मध्ये बस धनी रविन बुढाथोकीले कार्तिक ७ गते साँझ बस चालक सबिन कुमार बुढाथोकी घरमा नभएको कारण म, टल्के भन्ने सद्दाम राईन, मेरो भान्जा नाता पर्ने जिल्ला धादिङ, गजुरी गा.पा.वडा नं. ६ बस्ने गोरे र खैरे भन्ने कमल घले र अर्को अन्य गाडीमा सहचालक काम गर्ने एकिन नाम, थर, थाहा नभएको राते भन्ने भाई समेत भई आज राती धादिङ जिल्लाको पृथ्वी लोकमार्ग हुँदै धादिङ जाने र सडक किनारामा रोकेको गाडीहरूबाट ब्याट्री, टायर र डिजल समेत चोरी गर्नु पर्छ, राम्रो कमाई हुन्छ भनी सल्लाह भई टल्के भन्ने सद्दाम राईले गाडी चलाउने, म, भान्जा कमल घले र राते भाई समेत गरि ४ जना बा २ ख ६१०६ नं. को बस लिई टल्के भन्ने सद्दाम राईले बस चलाई सडक किनारामा रोकेको गाडीहरू हेर्दै आउने क्रममा ८ गते ०१:५५ बजे गजुरी गा.पा.वडा नं. ५ घाटवेशी भन्ने स्थान नजिक पृथ्वी लोकमार्गको उत्तर किनारा एकान्तमा बा २ ख १३५२ नं. को ट्रिपर रोकी राखेको देखी सोही ट्रिपरको ब्याट्री टायरसमेत चोरी गर्नु पर्छ भनी गाडी केही अगाडि लगि घुमाई ल्याई घाटबेशी स्थित ट्रिपर भएको साइडको पारी पट्टी पिपल चौतारो अगाडि साइड लगाई बस रोकी म र गोरे र खैरे भन्ने कमल घले बसबाट ओर्ली ट्रिपर रोकेको ठाउँमा गई गोरे र खैरे भन्ने कमल घलेले ट्रिपरको क्याबिनको ढोका भित्रबाट खोली ट्रिपरमा भएको १५० एम्पियरको २ थान ब्याट्री निकाली दुवै जना मिली ट्रिपरको पछाडिको १/१ वटा डिक्स खोली ब्याट्री सडकको वारी पट्टी ल्याई पिपलको रूख नजिकबाट र टायरहरू घाटबेशी मोडको घुम्तीबाट बसमा लोड गरी काठमाडौं लिई गएको हो । उक्त सामान लगेर एउटा ब्याट्री हाल बरामद भएको बसमा नै जडान गरेको र अर्को ब्याट्री र टायर २ थान, राते, गोरे र खैरे भन्ने कमल घलेले लगी बिक्री गरी मलाई रू.४,०००/- दिएका थिए ।

त्यसपछी हामीले आफ्नो रूटमा नै बस चलाउने गरेकोमा मंसिर ८ गते समेत टल्के भन्ने सद्दाम राईन, म र गोरे र खैरे भन्ने कमल घले र राते भाई बिच पुन धादिङ जाने र बाटोमा रोकेको गाडीहरूको ब्याट्री तथा टायरहरू चोरी गर्नु पर्छ भनि सल्लाह गरी राती काठमाडौंबाट पृथ्वी लोकमार्ग हुँदै धादिङ आएको हो । ९ गते बिहान अं. ०५:३० बजे धादिङ जिल्ला गजुरी गा.पा.वडा नं. ५ घाटबेशीमा पुगी गाडी रोकी राखेको

अवस्थामा जाहेरवाला देवेन्द्र प्रसाद शर्मा आई मलाई सोधखोज गर्न लागेकोले सद्दाम राईले गाडी चलाई सो स्थानबाट भागेको हो भन्ने बयान गरेको साथै अर्का प्रतिवादी गोरे, खैरे भन्ने कमल घलेले समेत रबिन घलेकै भनाईलाई मिल्ने गरी नै बयान गरेको देखिएको हुँदा अनुसन्धानको सिलसिलामा मिशिल संलग्न कागजातहरू निवेदन, निवेदनसाथ पेश भएको CCTV फुटेज, घटनास्थल मुचुल्का, खानतलासी बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, पक्राउ प्रतिवादीहरूको बयान कागज, सुस्मिता राईन माभीले गरी दिएको घटना विवरण कागज, सनाखत कागजहरू, अशोक कोईराला तथा दिपेन्द्र साह र सुशिल दुवाडीले अनुसन्धानको क्रममा गरी दिएको घटना विवरण कागज समेतको आधार प्रमाणहरूबाट पक्राउ प्रतिवादीहरू सद्दाम राईन, मैते भन्ने रबिन घले, गोरे, खैरे भन्ने कमल घले तथा हाल फरार रहेका राते भन्ने व्यक्ति समेतले काठमाडौंबाट प्रतिवादी मैते भन्ने रबिन घलेले संचालन गरेको वारदातमा प्रयोग भएको बा २ ख ६१०६ नं.को बस सहित र प्रतिवादी मैते भन्ने रबिन घले र गोरे, खैरे भन्ने कमल घले मिति २०७७/०८/१७ गते पक्राउ परी आएको चोरी सम्बन्धी कसूर वारदात स्थापित भयो ।

निज प्रतिवादीहरू रबिन घले, टल्के भन्ने सद्दाम राईन, गोरे, खैरे भन्ने कमल घले र राते भन्ने व्यक्ति समेतले गरेको उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २० को दफा २४१ को उपदफा १ विपरित दफा २४४ को उपदफा २ को (घ) बमोजिमको कसूरमा दफा २४४ को उपदफा ३ को (ख) बमोजिम कारबाही र सजाय गरी सोही ऐनको दफा २४७ नं. बमोजिम चोरी भएको २ थान ब्याट्रीको हालको मूल्य अनुसार हुने मूल्य रू. ४४,०००/-र डिक्स दहितको टायर थान २ को हालको मूल्य अनुसार हुने रू.९५,०००/- समेत हुन आउने बिगो वापतको जम्मा रकम रू.१,३९,०००/-समेत प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई बरामद भई आएको डाका चोरी कसूरमा प्रयोग भएको दशीको बा २ ख ६१०६ नं. को बस समेत कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० को परिच्छेद ३ दफा ११ को उपदफा (१) बमोजिम जफत हुन र प्रतिवादी मैते भन्ने रबिन घले उपर लालु प्रसाद यादवको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रबिन घले समेत सम्मानित धादिङ जिल्ला अदालतको मि.न. ०७२-CR-०२१५ को साधारण चोरी मुद्दामा

दोम्रो पटक पटके कायम गरी फैसला हुँदा ३ महिना कैद र रू. ४,५१८/- जरिवाना भई फैसला भएको मिसिल संलग्न फैसलाको प्रतिलिपीबाट देखिएको र निज प्रतिवादीले उक्त कैद तथा जरिवाना भुक्तानी नगरेको सम्मानित अदालतबाट जारी गरेको लगत अभिलेखबाट देखिएकोले निज प्रतिवादी मैते भन्ने रबिन घलेबाट उक्त कैद जरिवाना समेत असुल गरी पक्राउ गर्ने प्रतिवेदक प्रहरीले पाउने प्रोत्साहन रकम समेत दिलाई पाउन मागदाबी लिई निज प्रतिवादी मैते भन्ने रबिन घलेलाई प्रस्तुत मुद्धामा ऐ. ऐनको दफा ४४ को उपदफा (१) बमोजिम पटके समेत कायम गरी र अर्का प्रतिवादी सद्धाम राइन उपर समेत मिति २०७४। ।११ गते महानगरीय प्रहरी वृत्त कालिमाटी काटमाडौंमा मुद्धा नं ३४१ मा चोरी शिर्षकमा मुद्धा चलेको जिल्ला प्रहरी कार्यालय धादिङको सि.आर.एस शाखाको सि.नं. ३६२९ को संचारबाट देखिन आएको हुँदा उक्त मुद्धामा के सजाय भयो भन्ने सम्बन्धमा सम्बन्धित कार्यालय बाट फैसला प्रतिलिपि प्राप्त नभएकोले प्राप्त भए पश्चात पठाउने गरी निज प्रतिवादी सद्दाम राईलाई समेत पटके कायम गरी कारबाही सजाय हुन समेत माग दाबी लिदै खानतलासी बरामदी मुचुल्कामा उल्लेखित बरामदी दशी, सक्कल नक्कल मिसिल कागजातहरू र पक्राउ प्रतिवादीहरू रबिन घले, टल्के भन्ने सद्दाम राईन र गोरे, खैरे भन्ने कमल घलेलाई समेत अनुसन्धान प्रतिवेदन साथ जिल्ला सरकारी वकिल कार्यालय धादिङमा पेश गरेकोमा जिल्ला सरकारी वकिल कार्यालयबाट पनि सोही दाबी सहितको अभियोग साथ सम्मानित धादिङ जिल्ला अदालतमा पेश भएकोमा पौष २ गते सम्मानित धादिङ जिल्ला अदालतबाट निज प्रतिवादीहरूलाई पूर्पक्षको लागि कारागार कार्यालय धादिङ पठाईएको छ ।

यस घटनाका प्रतिवादीहरू कारागारमा गए पश्चात पनि छिटफुट रूपमा चोरीका घटनाहरू नभएका त होइनन् तर तारन्तार जस्तो अपराध भने पछिल्ला दिनहरूमा हुन छोडेको छ । यसलाई निष्कर्षमा पुऱ्याई प्रतिवादीहरूलाई कानूनी दायरामा ल्याउन प्रविधिको ठुलो सहयोग तथा स्थानीय बासिन्दाहरूले बिना बर्दीको नागरिकले अपराध नियन्त्रण गर्ने सवालमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ । सबैको सहयोगले नै घटनामा संलग्न सबै जसो प्रतिवादीहरू कानूनको कठघरामा आउन बाध्य भएका हुन । ♦♦♦

लघुकथा

बिल

✍ श्रीराम राई

बुबाले भन्नुभयो, 'आमा, बिरामी भइन् । यहाँ उपचार हुँदैन रे । ठाउँमै लैजानुपर्छ रे । के गर्नु होला अब ?'

कान्छा छोराले भन्यो, 'खोई, छ महिना भयो कोरोनाले गर्दा कोठामा थुनिएको । काम गर्न पाएको छैन । यताउति गर्दै गर्नुस् । पछि मिलाउँला ।' जेठाको जवाफ आयो, 'लुकेर काम गर्दै थिएँ । अचानक कोरोना फैलियो । बिरालाले खेदेको मुसाजस्तै भएको छु । म भाइलाई भन्छु । भाइले नपठाए कसैबाट ऋण सहयोग लिनुस् । पछि हेरौँला ।'

बुबाले छोरीलाई अस्पतालको छेउमा बोलाएर भारी मन फुकाउँदै भन्नुभयो, 'छोरी अब के गर्ने होला ?'

छोरीले यताउतिबाट बल्लतल्ल खर्च जुटाइन् । हेली चार्टड गरेर आमालाई उडाइन् र कोरोनाको पर्वाह नगरी आमाको उपचार गराइन् ।

केही समयपछि दाजुभाइ घर फर्किए । उपचारमा भएको खर्चलाई लिएर दाजुभाइका बिचमा विवाद भयो । छोरीले आँखाको आँसु पुछ्दै भनिन्, 'सक्ने भए म पूरै खर्च बेहोर्थें । शत्रुलाई रमिता देखाउनु हुँदैन । उपचारमा लागेको खर्च चार भाग लगाऊँ । दुई भाग म बेहोर्छु, बाँकी एक एक भाग तपाईहरूले मिलाउनू !'

कान्छाले भन्यो, 'कति धेरै खर्च, बिल त होलान् नि ?'

जेठाले भन्यो, 'त्यही त, गाउँमै हुने उपचार । बाठो भएर कुदाइस् । अहिले हामीलाई यत्रो टेन्सन ।' बुबाले बिल देखाउँदै भन्नुभयो, 'साँढे पाँच लाख जति खर्च भएको थियो तर यहाँ पाँच लाखको मात्रै बिल भेटियो ।'

जेठी बुहारीले शङ्काउँदै भनिन्, 'यी सबै कीर्ते बिल हुन् । नत्र किन देखिएन बाँकी बिल !' कान्छी बुहारीले भनिन्, 'जे गर्नुपर्छ मैयाँले गर्छिन् । उनैले खर्च गरेकी हुन् ।' आमाले नरम हुँदै भन्नुभयो, 'के गर्नु म ज्यादै हुस्सु छु । बाबु नानी हो, सबै कुराको बिल कहाँ राख्न सकिन्छ र ! तिमीहरूलाई हुर्काउन, बढाउन, पढाउन लागेको खर्चको बिल पनि त मसँग छैन नि ।'

धर्मपुत्र धर्मपुत्री सम्बन्धी कानूनी व्यवस्था

✍ प्र.ना.नि.सरस्वती बुढाथोकी

परिचय

कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई कानूनको रित पुऱ्याई आफ्नो छोरा वा छोरीको रूपमा स्वीकार गरेर राखेको व्यक्ति नै धर्मपुत्र वा धर्मपुत्री हो । धर्मपुत्र वा धर्मपुत्री भनेको प्राकृतिक बाबु वा आमासँगको सम्बन्ध अन्त्य भई कृत्रिम बाबु वा आमासँगको सम्बन्धमा जोडिएको व्यक्ति हो । धर्मपुत्र वा धर्मपुत्रीको रूपमा रहने नाबालकको धर्मपुत्र वा धर्मपुत्री राख्ने परिवारमा प्राकृतिक जन्म नभई कानूनी रूपमा जन्म हुन्छ । यसरी धर्मपुत्र वा धर्मपुत्रीको रूपमा बस्ने व्यक्तिले आफूलाई जन्माउने आमाबुबाको हक तथा अंशमा दाबी गर्न पाउँदैन भने उसको सम्पूर्ण दाबी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिमा सर्दछ ।

कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा कानूनको रित पुऱ्याई धर्मपुत्र वा धर्मपुत्रीको लिखत सहित सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्दछ । अदालतले त्यस्तो लिखत जाँचबुझ गर्दा निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न दिन उपयुक्त देखेमा मात्र धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिन्छ । धर्मपुत्र वा धर्मपुत्री बस्ने बालबालिकाको सर्वोत्तम हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नु पर्दछ । धर्मपुत्र वा धर्मपुत्रीको हक, अधिकार, दायित्व र जिम्मेवारी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरी सरह हुन्छ ।

कुनै व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि निजको छोरा वा छोरी जन्मिए पनि त्यस्ता धर्मपुत्र वा धर्मपुत्रीको हैसियतमा कुनै असर पर्दैन, छोरा वा छोरीकै जस्तो हैसियत हुन्छ । मुलुकी देवानी संहिता, २०७४ मा धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी कानूनी व्यवस्था निम्नानुसार रहेको छ :

धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने :

(क) विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पत्ति,

(ख)पैंतालीस वर्ष उमेर पूरा भएकी

अविवाहिता, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला,

(ग)पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरूष ।

धर्मपुत्र वा धर्मपुत्री राख्न नसक्नेः

(क) होस ठेगानमा नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ग)नाबालकलाई पालनपोषण, स्वास्थ्य, शिक्षा, खेलकुद, मनोरञ्जन तथा हेरचाहको व्यवस्था गर्न सक्ने आर्थिक हैसियत नभएको ।

धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन दिन नहुने :

(क) चौध वर्ष उमेर पूरा गरेको,

(ख) एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको,

(ग) एक पटक धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिइएको, (तर कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा यो व्यवस्था लागू हुने छैन ।)

(घ) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति भन्दा माथिल्लो नाताको,

(ङ) गैरनेपाली नागरिक ।

धर्मपुत्र वा धर्मपुत्री हुने र राख्नेको उमेरको फरक :

धर्मपुत्र वा धर्मपुत्री हुने र धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको उमेर कम्तीमा पच्चीस वर्ष फरक हुनु पर्नेछ । तर तीन पुस्ताभित्रको नाताको व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्दा उमेरको बन्देज लाग्ने छैन ।

धर्मपुत्र वा धर्मपुत्री राख्दा सहमति लिनु पर्ने :

(१) कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिकाका बाबु र आमा दुवै जीवित भए दुवै जनाको र बाबु र आमामध्ये कुनै एक मात्र जीवित भए जीवित बाबु वा आमाको लिखित सहमति लिनु पर्नेछ ।

(२) पति र पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भई वा न्यायिक पृथकीकरण भएको कारणबाट बाबु र आमा अलग भएकोमा त्यसरी सम्बन्ध अन्त्य हुँदा वा न्यायिक पृथकीकरण हुँदा भएको सहमति बमोजिम त्यस्तो बाबु वा आमासँग बसेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिका बाबु वा आमामध्ये जोसँग निज बसेको छ सोही बाबु वा आमाको सहमति लिनुपर्नेछ ।

(३) बाबु आमा पत्ता नलागेको, जीवित नभएको वा बाबु आमा जीवित भए पनि बाबु वा आमाले अर्को विवाह गरी त्यस्तो बालबालिकालाई अन्य कुनै

व्यक्ति वा संस्थाले पालनपोषण वा हेरविचार गरेको रहेछ भने यसरी पालनपोषण वा हेरविचार गर्ने व्यक्ति वा संस्थाको लिखित सहमति लिई त्यस्ता बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिनेछ ।

(४) दश वर्ष नाघेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा निजको समेत लिखित सहमति लिनु पर्नेछ ।

(५) दश वर्ष नाघेका बालबालिकाले लिखित सहमति लिँदा बालबालिकाको आफ्नो बाबु आमा वा मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने संरक्षक वा माथवरको रोहवरमा गर्नु पर्नेछ ।

(६) सहमति लिनु अघि धर्मपुत्र वा धर्मपुत्री दिने व्यक्ति, संरक्षक वा माथवर तथा बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको अर्थ, कानूनी हैसियत र त्यसको परिणाम समेतको विषयमा जानकारी गराउनु पर्नेछ ।

(७) सहमति लिँदा कुनै किसिमको आर्थिक प्रलोभनमा पार्नु हुँदैन र त्यस्तो सहमति स्वेच्छाले दिएको हुनु पर्नेछ ।

धर्मपुत्र वा धर्मपुत्री राख्दाको कार्यविधि :

(१) कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा कानूनको रित पुऱ्याई धर्मपुत्र वा धर्मपुत्रीको लिखत सहित सम्बन्धित अदालतमा निवेदन दिनु पर्नेछ ।

(२) धर्मपुत्र वा धर्मपुत्रीको लिखत जाँचबुझ गर्दा निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न दिन हुने देखेमा सम्बन्धित अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिई त्यस्तो लिखत प्रमाणीकरण गर्नु पर्नेछ ।

(३) जाँचबुझ गर्दा निवेदकलाई धर्मपुत्र वा धर्मपुत्री राख्न दिन नहुने देखेमा अदालतले सोही बमोजिमको आदेश गरी निवेदकलाई त्यसको जानकारी दिनु पर्नेछ ।

धर्मपुत्र वा धर्मपुत्रीको थर :

धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ । तर, धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिले चाहेमा निजलाई जन्माउने बाबु आमाको थर समेत प्रयोग गर्न सक्नेछ । यदि धर्मपुत्र वा धर्मपुत्री बदर भएमा निजको थर निजलाई जन्माउने बाबु वा आमाको हुनेछ ।

धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको दायित्व :

(क) धर्मपुत्र वा धर्मपुत्रीलाई छोरा वा छोरी सरह आफ्नो इज्जत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा उचित शिक्षाको व्यवस्था गर्ने,

(ख) धर्मपुत्र वा धर्मपुत्रीको हक र हितको संरक्षण गर्ने ।

(ग) मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने । यदि धर्मपुत्र वा धर्मपुत्री

राख्ने व्यक्तिले दायित्व पूरा नगरेमा धर्मपुत्र वा धर्मपुत्रीले आफ्नो अंश छुट्याई भिन्न हुन सक्नेछ ।

धर्मपुत्र वा धर्मपुत्रीको दायित्व

(क) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिलाई आफ्नो बाबु आमा सरह इज्जत तथा क्षमता अनुसार पालनपोषण, स्वास्थ्य तथा हेरचाहको व्यवस्था गर्ने,

(ख) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको सम्पत्तिको संरक्षण, हेरविचार तथा उचित व्यवस्थापन गर्ने,

(ग) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको हक र हितको संरक्षण गर्ने ।

धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सक्ने :

(१) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले आफ्नो दायित्व पूरा नगरेमा कुनै धर्मपुत्र वा धर्मपुत्रीले धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सक्नेछ । तर त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले अंश लिइसकेको भए बदर गराउन सक्ने छैन ।

(२) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले देहायका कुनै अवस्थामा धर्मपुत्र वा धर्मपुत्री बदर गराउन सक्नेछः

(क) धर्मपुत्र वा धर्मपुत्रीले दायित्व पूरा नगरेमा,

(ख) धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई घरबाट निकाला गरेमा वा पटक पटक शारीरिक वा मानसिक यातना दिएमा,

(ग) धर्मपुत्र वा धर्मपुत्रीले आफ्नो सम्पत्तिको दुरूपयोग गरेमा,

(घ) आफ्नो मञ्जुरी नलिई तीन वर्ष वा सोभन्दा बढी समयसम्म आफूलाई छाडी धर्मपुत्र वा धर्मपुत्री अलग बसेमा ।

यदि कुनै व्यक्तिले कानूनमा व्यवस्था भए विपरित कसैलाई धर्मपुत्री धर्मपुत्री राखेमा त्यस्तो धर्मपुत्री धर्मपुत्र स्वतः बदर हुन्छ ।

धर्मपुत्र वा धर्मपुत्रीको अन्त्य :

(१) धर्मपुत्र वा धर्मपुत्री बदर भएमा धर्मपुत्र वा धर्मपुत्री राख्ने र धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिको सम्बन्ध अन्त्य भएको मानिनेछ ।

(२) धर्मपुत्र वा धर्मपुत्री राख्ने र धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिको सम्बन्ध अन्त्य भएमा धर्मपुत्र वा धर्मपुत्रीको हैसियतले निजमा रहेको हक, अधिकार तथा दायित्व समेत अन्त्य हुनेछ । तर धर्मपुत्र वा धर्मपुत्री कायम रहेको अवधिसम्म भोगिसकेको सुविधा, हासिल वा उपयोग गरिसकेको अधिकार र निर्वाह गरिसकेको दायित्वमा कुनै असर पर्ने छैन ।

त्यसैगरी कुनै सगोलका पति वा पत्नीले धर्मपुत्र वा धर्मपुत्री राख्दा एक अर्काको मञ्जुरी लिनु पर्दछ । कुनै पति वा पत्नीले न्यायिक पृथकीकरण गरी बसेको अवस्थामा धर्मपुत्र वा धर्मपुत्री राखेकोमा पछि पति पत्नी दुवै सगोलमा बसेमा त्यसरी बस्नुभन्दा अघि राखेको धर्मपुत्र वा धर्मपुत्री दुवै दम्पत्तिले राखेको मान्नुपर्छ ।

धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले आफूलाई जन्माउने बाबुआमाको अंशमा दाबी गर्न पाउने छैन । तर, धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा निजले बाबु आमाको अंशमा दाबी गर्न पाउनेछ । धर्मपुत्र वा धर्मपुत्री हुँदाका बखत निजले अंश लिइसकेको भए निजले त्यस्तो सम्पत्ति समेत लिन पाउनेछ । धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्रीलाई समय समयमा निजको जन्म दिने बाबु आमालाई भेटघाट तथा पत्राचार गर्ने सुविधा पनि दिनु पर्दछ ।

अन्त्यमा, धर्मपुत्र वा धर्मपुत्री राख्नुको उद्धेश्य कुनै पनि व्यक्ति सन्तान बिना बेसहारा नहोस् भन्ने हो भने अर्कोतिर बेसहारा नाबालकको पनि उचित हेरचाह र संरक्षण होस् भन्ने हो ।

सन्दर्भ सामग्री :

♦ मुलुकी देवानी (संहिता), २०७४, परिच्छेद ८, धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी ।

लघुकथा

योग्यता

✍ लीलाराज दाहाल

एउटा नव स्थापित कार्यालयको लागि केही कर्मचारी अपुग भएकाले भर्ना गर्ने निर्णय गरी योग्य व्यक्तिहरूबाट दरखास्त आह्वान गरियो । केही प्रशासनिक पद र केही कम्प्युटर अपरेटर पदका लागि निवेदन मागिएको थियो ।

लक्ष्मणले पनि बेरोजगारीको दलदलबाट बाहिर निस्कन कम्प्युटर अपरेटर पदमा आवेदन गरे । उनी कम्प्युटर विज्ञानमा स्नातक थिए । कम्प्युटर जानेका अरू केही युवायुवतीहरूले पनि सोही पदमा आवेदन गरेका थिए । परीक्षाको किसिम प्रयोगात्मक र अन्तर्वार्ता भनिएको थियो । परीक्षामा त जीवनमा कहिल्यै कम्प्युटर नछोएका उम्मेदवार पनि सामेल भएका थिए । परीक्षाको नतिजा पनि सार्वजनिक भयो ।

लक्ष्मण लगायत कम्प्युटरका जानकारहरूको नाम निस्किएको थिएन । कहिल्यै कम्प्युटर नछोएका, नजानेकाहरू पो कम्प्युटर अपरेटरको पदमा उत्तीर्ण भएका थिए । उनीहरूले हाकिमको कोठामा पुगेर असन्तुष्टी जनाए, हामी कसरी अयोग्य भयौं हाकिम साहेव ? हाम्रा प्रमाणपत्रहरूको ठुलो उपहास भयो तपाईंबाट ।

अव उनमा लक्ष्मण र यस्ता कयौं योग्य लक्ष्मणहरूको चित्त बुझाउन सक्ने तागत बाँकी थिएन । लाचारीको चश्मा लगाएर कार्यालय प्रमुखले भने, तपाईंहरूको लागि माथिबाट फोन आएन । म के गरूँ ?

खोप्रेलीबाको मृत्यु

✍ यशु श्रेष्ठ

चेपाङ गाउँका सबै मानिस साँझ परेपछि जम्मा हुने घर भनेकै खोप्रेलीबाको घर हो । खोप्रेलीबा यस गाउँका सबैभन्दा जेठो मानिस हुन् । उनी झन्डै पाँच बिसका भए । चढ्दो उमेरमा बाघ र भालुसँग गरेको लडाईको वर्णन सुन्दा कसले जिब्रो काट्दैन र? सबै श्रोताहरू छक्क पर्छन् । गाउँभरिका अहिले भएका पहिलो पुस्ता क-कसका सन्तान हुने उनलाई कण्ठस्थ छ । आफ्ना हजुरबा हजुरआमासँगको बिहे कसरी भएको रहेछ भन्ने कुरा नाति नातिनाहरूले खोप्रालीबाकै मुखबाट थाहा पाउने गर्छन् । पाका अधबैंसेभन्दा बढी ससाना बालबालिका खोप्रेलीबाको घरमा जम्मा हुन्छन् । खोप्रेलीबाका हँसिला कथा सुनेर उनीहरू झन् मख्ख पर्छन् ।

झन्डै एक महिना भयो खोप्रलीबा बिरामी भएको । आफ्ना गाउँका मात्र नभई छिमेकी गाउँका धामी, झाँक्री, जान्ने, पान्डे, फाल सबैले लाए शक्ति गरे । तर उनको रोग खुट्टिएन । भालेको पूजा, दोबाटो मन्छ्याइ, झाँक्रीको फलाको, केहीले पनि उनको रोग निको पार्न सकेन । आज बिहान सिङ्गो गाउँलाई टुहुरो पारेर खोप्रेलीबा सदाका लागि बिदा भए, बिते ।

उनको मृत्युमा को पो रोएन र ? बुढापाकाहरूले आफ्नो बा सम्झेर रोए । जवान पुस्ताले ज्ञानको खानी सम्झेर आखाँ रसिला पारे । केटाकेटीहरूले रमाइला कथा भन्ने प्यारा हजुरबा नरहेकोमा आँसु खसाले । त्यसैले सिङ्गो गाउँ नै शोकमग्न भयो । तर रोएर मात्र नहुने रहेछ । जे गरे पनि मरेको मान्छे जिउँदो त हुँदैन नै । त्यसैले 'उमेर पुगेका थिए गए' भन्दै केही बेरमा सबैले आ-आफ्नो चित्त बुझाए । त्यसपछि उनको आन्तिम संस्कार सम्पन्न गर्ने तिर सबै लागे ।

खोप्रेलीबाको लासलाई आँगनमा राखियो, बाँसले बाँधियो । गाउँका हुने खाने महिला पुरूषहरूले लासमाथि सुन, चाँदी पैसा चढाई उनको अन्तिम सम्मान

गरे । त्यसपछि लास उठाइयो। मलामीको लामो लर्को गाउँबाट उभोको डाँडोतिर लाग्यो । सबैभन्दा अघि खोप्रेलीबाका दुई भाइ छोरा रणबहादुर र पूर्णबहादुर थिए । सबैभन्दा अन्त्यमा धनलाङ्गी काका थिए। मलामीहरू डाँडामा पुगे र ढुङ्गामाथि लास बिसाए । २/४ जान लाठेहरू खन्न थाले । उनीहरूले भन्डै एक मान्छे गहिरो खाडल खने । त्यसपछि खाडलको चारैतिर फल्याक अड्याए । मलामीहरूले फल्याकको बिचमा उत्तानो पारेर लासलाई सर्लक्क सुताए । यसपछि फाले लासको बिचमा पर्ने गरी एउटा लामो लौरो घुसारे र त्यसलाई ठोके । अन्त्यमा त्यो लौरो निकाले । त्यही लासलाई छोएको लौरो अर्थात 'सेंसर' फालेले आफैले बोके । त्यसपछि मलामीले खाल्डामा माटो खन्याएर लास पुरे । केही बेर आराम गरे । कसैले चुरोट, बिँडी सल्काए । केहीले खोप्रेलीबासँगको आफ्ना कुराहरू दोहोऱ्याए । उनका राम्रा पक्षको बखान गरे । 'यस्तै हो जीवन । को अजम्बरी छ र ? जन्मेपछि त एकदिन मर्नै परिहाल्छ ।' यही निष्कर्षका साथ मलामीहरूको लर्को घरतिर लाग्यो । यति बेला भने धनलाङ्गी काका सबैभन्दा अगाडि थिए । रण हादुर र पूर्ण बहादुर सबैभन्दा पछाडि थिए । यसरी खोप्रेलीबा अब सम्झनामा मात्र बाँकी रहेका छन्, उनको निकटतामा पाएका सबै-सबैका मनमा । यसैलाई उनको जीवनको सार्थकता भन्न सकिन्छ कि ?

मुक्तक

✍ टीकाराम उदासी

थाहा छैन यहाँ कति हल्ला सत्य हुन्छ
थाहा छैन यहाँ कति हल्ला असत्य हुन्छ
तर यो भने सबैलाई थाहा छ सायद
सधैं यो देशमा हल्लाकै आधिपत्य हुन्छ

।।१।।

मन दुखेको बेला जुनसुकै रहर, बिरानो हुन्छ
तन दुखेको बेला जुनसुकै प्रहर, बिरानो हुन्छ
जब टाढिन्छन् बिना कारण आपैंदेखि आफन्तहरू
सुन्दर गाउँ होस् वा उज्यालो सहर, बिरानो हुन्छ

।।२।।

हरसाल भित्तेपात्रो फेरिन्छ, समय फेरिदैन
गीतमा पनि शब्द फेरिन्छ, लय फेरिदैन
कस्तो नाटक देखाइन्छ यो देशमा सधैंभरि
जहाँ पात्र भने फेरिन्छ, अभिनय फेरिदैन

।।३।।

विकासमा महिला समूहको योगदान

✍ सुर्दशन अधिकारी

ग्रामीण मात्र नभई सहरी ईलाकामा समेत छरिएर रहेका स-साना रकमलाई संकलन गरी ठुलो पुँजी बनाउने कार्यमा महिला समूह सक्रिय छन् । आज हरेक समूहका नाममा स्थापित संस्थाले गर्ने कार्यलाई सहकारीका नामले पनि बढी चिनिने गरिन्छ । आमा महिला लगायतका अनेकौ नाममा खुलेका हजारौंका संख्यामा रहेका वैधानिक संस्थाबाट हाम्रो समाजमा आर्थिक क्रियाकलाप सुचारू भएको छ । महिला नेतृत्वको विकास पुँजीको सदुपयोग मात्र नगरी अनि सानो रकमलाई ठुलो पुँजीको रूपमा विकास गर्दै विविध व्यवसाय सञ्चालन गरेका छन् । यस्तो कार्यले रोजगारी नेतृत्व विकास बचत गर्ने बानीको विकास आपसमा सहकार्य सहयोग गर्दै सम्बृद्ध बन्ने बाटोमा लागेका महिला वास्तवमा आर्थिक क्षेत्रको उत्थानमा महत्वपूर्ण हुन् ।

उद्यमशीलताको विकास चानचुने काम होइन । त्यसकै लागि राज्यले करोडौ खर्च समेत गर्ने गरेकै छ । सीप विकासका लागि ग्रामीण क्षेत्र प्राथमिकतामा राखिने भएकाले पनि ग्रामीण क्षेत्रमा महिला विकासका अनेकौ सरकारी तथा गैरसरकारी कार्यालयबाट कार्यक्रम सञ्चालन गरिएका हुन्छन् । आफ्नो वरपर भएका स्थानीय तहभित्रका साधन र स्रोतको परिचालन गर्दै अनेकौ सरकारी तथा गैरसरकारी कार्यालयबाट कार्यक्रम सञ्चालन गरिएका हुन्छन् । आफ्नो वरपर भएका स्थानीय तहभित्रका साधन स्रोतको परिचालन गर्दै अनेकौ व्यवसाय सञ्चालनमा आएका छन् । व्यवसायले अन्तत नाफा प्राप्त गरी आर्थिक रूपले सवल बन्ने प्रक्रियाको आधार निर्माण गर्छ । तितौरा, आलु चिप्स, सेनेटरी प्याड, दालमोठ मैनबत्ती साबुन बनाउने लगायत सयौं प्रकारका सीपमूलक व्यवसायले महिला सशक्तिकरणमा पनि टेवा पुराएको हुन्छ ।

वास्तवमा घरायसी काम गरेर पनि समय निकाल्दै मासिक बैठक ब्याज तथा साँवा फिर्ता संकलन गरी व्यवस्थित

र उत्पादनमुखी कार्यमा लगाउने कार्य आफैमा चुनौतिपूर्ण हुदैछ । पुरूष प्रधान समाजमा महिला घर बाहिर निस्किएर आ-आफ्ना व्यवसायमा संलग्न र सक्रिय रहदै जीविकोपार्जनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हर हिसाबले सकरात्मक र आर्थिक विकासका लागि ज्यादै प्रशंसायोग्य कार्य पनि हो । आफूलाई केही रकम आवश्यक पर्दा तत्कालै लिन पाइने घरमा आवश्यक पर्ने दैनिकी खर्चको जोहो हुन्छ । बालबालिकाले पढ्न लेख्नका लागि कापी कलम किताब आदिको प्रयोगमा समूहको नियमानुसार लिई त्यसलाई दुई वटा मात्र उन्नत जातका पाठी खरिद गरेर पाल्दा एक वर्षमा एक डेढ लाख बनाउने महिलाहरू असंख्य भेटिन्छन् । कृषि र व्यवसाय एउटै सिक्काका दुई पाटा हुन भन्ने बुझेर पनि हामी त्यसलाई स्वीकार गरिरहेका छैनौ । यी तीन वटा पक्ष हरेक उत्पादन गर्ने संस्थाहरूले ख्याल गरेका हुन्छन् । समाजको विशेषता नै परिवर्तनशीलता भएकाले अपेक्षा पनि बदलिन्छन् । समाजमा नवीन परिवेशको सिर्जना हुन्छ । मानवले पनि परिवेश अनुकुलका आवश्यकता पुरा गर्न चाहन्छन् ।

हाम्रो समाजमा रहेका आर्थिक अवस्थाको नियन्त्रण नियमित र निर्देशित गर्नका लागि पनि आर्थिक संस्था गठन गरिएका हुन्छन् । प्रत्येक आर्थिक संस्थामा निश्चित पद्धति सिद्धान्त व्यवहार र आदर्शहरू रहन्छन् । यसैबाट समाजमा आर्थिक व्यवहार हुने गर्छन । आय आर्जनको लागि काम गर्ने संस्था पनि औपचारिक र अनौपचापरिक हुन्छन् । सामान्यतया अनौपचारिक संस्था भन्नाले घर परिवारमा गरिने कार्यलाई बुझिन्छ । जहाँ कार्य गरेबापत ज्याला वा पारिश्रमिक पाइदैन । औपचारिक भन्नाले बैंक तथा वित्तिय संस्था सरकारी तथा गैरसरकारी कार्यहरू पर्छन् । यस्ता संस्थामा काम गरेपछि निश्चित रकम बोनस सञ्चयकोष जस्ता विविध शिर्षकमा सुविधा र पारिश्रमिक पाइन्छ ।

सरल ढंगले बुझ्ने हो भने पनि सामूहिक कार्य आफैमा प्रभावकारी र हरेकले जिम्मेवारी बोध गर्ने हुन्छ । त्यसैले साझेदारी व्यवसाय फुटाउने गरेका दृष्टान्तहरू पर्याप्त पाइन्छन् । राज्यले पनि विभिन्न क्षेत्र साझेदारी कार्यक्रम मार्फत कार्यहरू गरेका छन् । वन र वातावरण संरक्षणमा संघ र केन्द्र प्रदेश र स्थानीय तहमा कार्य हुने गरेका छन् । हामी हाल चौधौ योजना समाप्त गरी पन्ध्रौ योजनाका उत्तरार्धतिर लम्किरहेका छौ । योजनाका साथ गरिने कार्य प्रभावकारी नतिजामूखी र निश्चित समय मात्र चल्ने हुन्छन् ।

संयुक्त राष्ट्र संघको महासभाबाट सर्वसम्मत रूपमा सन् १९३० सम्म हासिल गरिसक्ने प्रतिबद्धता गरिएका दिगो विकासका लक्ष्यहरू पनि निर्धारण गरिएका छन् ।

वर्तमान समयमा प्रादेशिक र स्थानिय तहसम्म विकास व्यवस्थापनको क्षमता बढाउदै सबै तहमा जवाफदेही स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्नु महत्वपूर्ण रणनीतिको रूपमा रहेको छ । यसलाई कार्यान्वयन गर्न सकियो भने आर्थिक वृद्धिदर हुन गई समग्रमा गरिबी निवारण गर्न सहयोग पुग्छ । महिलाहरूबाट सञ्चालित सबै संस्थामा स्थानिय देखि संघ संस्थाले उत्प्रेरणा जगाउने कार्य गर्नुपर्छ । सामाजिक न्याय सहितको लोक कल्याणकारी राज्य भनेर परिचित हाम्रो देशमा गरिबीको निवारणमा क्रमिक रूपले पर्याप्त काम गर्नुपर्ने देखिन्छ । जुन कामका लागि स्थानिय स्तरमा महिला सहभागिता महिला शक्तिकरण र महिला नेतृत्वका साथ आर्थिक सबलता हासिल गर्नुपर्छ । जसका लागि हक अधिकार समाज संस्कृति मूल्य मान्यता र परिवेश सबै तत्वलाई गम्भिरतापूर्वक मनन गरी आय आर्जन रोजगारी र पुँजी संकलनमा जोड दिनुपर्छ ।

महिला तथा बालबालिका मन्त्रालय मार्फत कार्यक्रम सञ्चालन भएको पनि दुई दशक बितिसक्यो । अझै पनि समाजमा महिला भनेका दोस्रो दर्जाको नागरिक हुन भन्ने सोच प्रभावकारी नै छ। शिक्षित सीपयुक्त र दक्ष जनशक्तिको रूपमा वित्तिय संस्था विश्व विद्यालयलगायत निजी क्षेत्रका अधिकांश कार्यालयमा महिलाहरूको उपस्थिति वृद्धि भएको देखिन्छ । मूलत आरक्षण र समावेशीताको सिद्धान्तलाई अंगिकार गरेपछि महिलाको सहभागिता विकासका क्षेत्र देखि अन्य स्वास्थ्य शिक्षा वित्तिय संस्थाहरूमा बढेर गएको देखिन्छ । मानवलाई सर्वप्रथम आर्थिक रूपमा सबल बनाउनुपर्ने हुन्छ ।

आर्थिक रूपले सक्षम भएपछि मात्र अन्य क्षेत्रमा जाने मार्ग सुगम बन्ने रहेछ । त्यसैले आर्थिक पक्ष बलियो बनाउनका लागि छरिएर रहेका नगदलाई संकलन गरी उत्पादनका क्षेत्रमा आफ्नै समाजमा रहेका सीपको उपयोगबाट आय आर्जन गर्न सकिएकाले नै सहकारी फष्टाउदै गएको हो । आर्थिक हिसाबमा मजबुत भए पछि शिक्षा स्वास्थ्य सञ्चार पोषण लगायतका सबै क्षेत्रमा सहज पहुँच पुग्छ । सामान्य कार्यका लागि पनि ठुलो रकम खर्चनु पर्ने अवस्था छ । एक जना श्रमिकको ज्याला हजार देखि पन्ध्र सयसम्मलाई न्यूनतम भन्नुपर्ने भएको छ । घर निर्माण प्लम्बिङ वायरिङ

पेन्टिङ लगायतका कार्यमा पनि पर्याप्त आर्जन गर्न सकिन्छ ।

अल्पकालिन सीपबाट व्यक्ति दक्ष बनेर आफ्नै समुदायमा सहजै रोजगारी प्राप्त गर्न सकिन्छ । सामान्यता एक दिन धान चुट्ने कामका लागि प्रतिव्यक्ति हजार देखि पन्ध्र सय भन्ने गरिन्छ । त्यसमा खाजा चिया समेत जोडिन्छ । यसरी हेर्दा कम्तीमा दुई हजार श्रम गरेबापत लिने अवस्था हाल रहेको छ । कृषिमा अल्पकालिन रोजगारी मात्रै प्राप्त हुने भएकाले पनि अवसरको लाभ लिने गरिन्छ । अर्थव्यवस्था अथवा आर्थिक अवस्थाले हाम्रो समाजको सामाजिक सांस्कृतिक सम्बन्धमा समेत परिवर्तन ल्याउछ । चर्चित समाजशास्त्री तथा दार्शनिक कार्ल मार्क्सले पनि आर्थिक पक्षलाई सामाजिक क्रियाको केन्द्रबिन्दु मानेका छन्।

हाम्रो समाजमा आर्थिक संस्थाहरू अनेकौ छन् । हरेक संस्थाका आ-आफ्नै उद्धेश्य र कार्य हुने नै भयो । आर्थिक संस्थाहरूले मुलभूत रूपमा तिन वटा पक्षलाई महत्व दिएका हुन्छन् । प्रथम भनेको के कस्ता वस्तु तथा सेवाको कुन मात्रामा उत्पादन गर्ने भन्ने विषय हो । दोस्रो समाजमा रहेका प्राकृतिक स्रोत र साधनलाई के कसरी अपेक्षित वस्तु तथा सेवाको उत्पादनमा लगाउन सकिन्छ भन्ने र तेस्रो कसका लागि वस्तु तथा सेवाको उत्पादन गर्ने भन्ने हो ।

महिला समूह वा संगठन मिलेर गर्न सकिने विविध क्षेत्रहरू छन् । रोजगारी सिर्जना शिक्षा स्वास्थ्य सरसफाई खानेपानी फोहर व्यवस्थापन कृषिजन्य उत्पादन त्यसको बजारीकरण भण्डारण प्रशोधन लगायतका धेरै कार्यहरू पर्छन् । यी सबैबाट रोजगारी प्राप्त भई आय आर्जनका साथै वातावरणको संरक्षण नेतृत्वको विकास स्वास्थ्य जीवनयापन शिक्षित व्यक्तित्व जस्ता मानवका चौतर्फी विकासमा टेवा अवश्य नै पुग्छ । सीप विकासबाट स्वरोजगार बन्दै व्यस्त जीवन व्यतित अनि आफ्ना साथीलाई समेत उत्प्रेरित गरी थप रोजगारी र आय आर्जनका कार्य सहजै गर्न सकिन्छ ।

स्वेटर बुन्ने कपडा सिलाउने घर सजावटका सामग्री बनाउने कागजका चित्रकलामा रंग भर्ने थाङका पौभा मिथिला लगायतका अनेकौ कलाका माध्यमले रोजगारी बनेर मनग्गे आम्दानी गर्न टाढा जान र ठुलो लगानीको खाँचो पर्दैन । काम गर्ने जाँगर र सीप मात्र हुनुपर्छ। घर घरमा रोजगारी स्वयं सिर्जना गर्न सकिन्छ । अर्काको भरमा परेर अनेकौ प्रक्रिया र दुर्वचन सहनुभन्दा स्वरोजगार बन्नु उत्तम देखिन्छ । ♦♦♦

यात्रा संस्मरण

दार्शनिक कन्फ्युसियस मेमोरियल सेरेमोनीमा सहभागि हुन पाउँदाको क्षण

✍ मौनता थापा

एघार दिने चिन भ्रमणको सिलसिलामा मित्रराष्ट्र चीन आइपुगेको २०७५ कात्तिक ११ गते पाँचौं दिन भइसकेको थियो । आज चीनको जेनिङ्ग सिटिमा अवस्थित प्रसिद्ध दार्शनिक कन्फ्युसियस दरबार भ्रमण गर्ने कार्यक्रम तय भएको थियो । त्यसै दिन कन्फ्युसियस मेमोरियल सेरेमोनीको आयोजना समेत भएकोले यस्तो एतिहासिक कार्यक्रममा सहभागी हुन पाउँदा हामी निकै खुशी भएका थियौं ।

हाम्रो सहयोगका लागि खटिएका मिस्टर लिरे रबिन र परराष्ट्रका उपडाइरेक्टर मिस्टर रूहान बिहानै ७:३० बजे हामीलाई लिन आउनुभयो । उहाँहरू दुवै जना हामी नेपालबाट आउँदा विमानस्थलमा स्वागत गर्ने, होटलमा खाने बस्ने व्यवस्थापन गर्ने, पाँच दिने जेनिङ बसाइँका सबै कार्यक्रममा ल्याउने लैजाने व्यवस्था मिलाउने कामका लागि चीनको जेनिङ्ग सिटी नगरपालिकाले हाम्रो सहयोगका लागि खटाइएका प्रतिनिधि हुनुहुँदो रहेछ । उहाँहरूले हाम्रा लागि अति आत्मीयताकासाथ गरेको सेवा र सहयोगले निकै खुसी तुल्यायो ।

आज पनि उहाँहरूको सहयोगमा हाम्रो टोली कार्यक्रमस्थल कन्फ्युसियस दरबारमा पुग्यो । टोलीमा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी, म स्वयम्, वरिष्ठ साहित्यकार रामबाबु सुवेदी, डाक्टर सागर र टोखा नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष नरोत्तम राना गरी पाँच जना थियौं । कार्यक्रममा सहभागी हुनको लागि जेनिङ्ग सिटी नगरपालिकाले मेयर साहेबलाई कालो कोट र मेरो लागि कलेजी रङको कोटको व्यवस्था गरेको रहेछ । नेपाली पोसाक माथि आ-आफ्ना कोट लगाएर उपस्थिति जनाउन

पाउँदा निकै गर्वानुभूति भयो ।

बिहान करिब ९ बजे दरबारको प्राङ्गणमा पुग्यौं । हजारौं व्यक्तिहरू आ-आफ्नो नम्बरअनुसार लाइनबद्ध रहेर दरबारतर्फ पैदल जाँदै गर्दाको दृश्य निकै नै हृदयस्पर्सी थियो । बाटोमा सुन्दर गलैंचा बिच्छाइएको थियो । दायाँबायाँ धेरै मानिसहरूले मिठो सङ्गीतको धुन बजाउँदै अतिथि सत्कार गरिरहेका थिए । त्यहाँको परम्परा अनुसारको बाजागाजा र झाँकी प्रर्दशन भइरहेको थियो । विभिन्न देशबाट आएका र देशभित्रका विभिन्न अहोदाका पदाधिकारीहरू, विद्यार्थी, युवायुवती, सैनिकहरू आ-आफ्नो पोशाकमा सजिएर सडकको दायाँबायाँ बसेर स्वागत गरिरहेका थिए । यस्तो देख्दा लाग्थ्यो मानवले मानवलाई गर्ने स्वागत सत्कार र आदरभावको कुनै सीमा छ र !

लाइनमा बिस्तारै अगाडि बढ्दै जाँदा देखियो, दरबारको एक ढोकादेखि अर्को ढोकासम्मको दूरी करिब ५० मिटरको रहेछ । ती ठुलाठुला ढोकाहरू अत्यन्तै कलात्मक र आकर्षक देखिन्थे । जब हामी अगाडि बढ्दै जान्थ्यौं ठुलो मन्त्र ध्वनि उच्चारण भए जस्तै गुञ्जनकासाथ ढोका खुल्थ्यो । मेरो जीवनको पहिलो अनुभव त्यो दृश्य साँच्ची नै कौतूहलपूर्ण थियो । करिब ७/८ वटा ढोका पार गरेर गइसकेपछि दरबारको झनै कलात्मक मुख्य ढोकाभित्र ठुलो सङ्गीत ध्वनिकासाथ प्रवेश गरियो । त्यहाँको भव्य दृश्यले नढाँटी भन्दा अक्क न बक्क पो बनायो ।

दरबार निकै ठुलो, कलात्मक र भव्य थियो । ढोकाहरू पार गरिसकेपछि धेरै व्यक्तिहरू ठुलाठुला फूलका गुच्छा बोकेर बसेको देखियो । उनीहरूले कालो कोट लगाउने विशिष्ट व्यक्तिहरूलाई दरबारको प्राङ्गणमा सलामी दिए । सलामी पाउने विशिष्ट व्यक्तिमा काठमाडौं टोखा नगरपालिकाका मेयर साहेब पनि पर्नुभयो । धेरै देशबाट आएका पाहुनामध्ये यसरी सलामी पाउने व्यक्तिहरू भने थोरै मात्र थिए । कन्फ्युसियस जस्तो प्रसिद्ध दार्शनिकको दरबारमा सलामी पाउनु गर्वको कुरा हो भन्ने महसुस हुँदा मन रमाइलो भयो । म यो क्षण, यो स्थान, यतिका वरिष्ठ व्यक्तित्वहरूसँग कलेजी रङको कोट र नेपाली पोसाकमा सजिएर सहभागी हुन पाउँदा आफूलाई भाग्यमानी महसुस गरें ।

कार्यक्रममा सहभागी हुने क्रममा हामी कन्फ्युसियसको पुरानो दरबारतिर लाग्यौं । कन्फ्युसियसले त्यस समय आफ्ना किताबहरू लुकाउन प्रयोग गरेको पर्खालभित्रको खोपा अवलोकन गरियो । तत्कालीन राजाहरूले उनको क्रियाकलाप र

व्यवहारलाई मन पराउँदैनथे रे ! त्यसैले आफ्ना क्रान्तिकारी किताबहरूसँगै आफूलाई सरकारले पक्राउ गर्छ भन्ने डरले पर्खालभित्र खोपा बनाएर लुकाएर राख्ने गरेका रहेछन् भन्ने बुझ्न पाइयो । पुरानो दरबारको ठुलो कम्पाउण्डभित्र रहेका अन्य दरबार, बगैंचा, इनार र कन्फ्युसियसको मृत्युपछि गाडिएका चिहानहरू क्रमशः हेर्ने अवसर पनि पाइयो। कन्फ्युसियसका दिवंगत छोरा र नातीसम्मका चिहानहरू देख्ने मौका पायौं ।

आजभन्दा करिब २५०० वर्ष अगाडि चीनमा सामाजिक सुधार ल्याउनको लागि समाज, व्यक्ति र राष्ट्र सम्मुन्नत गराउन मानिसले आफ्नो आचरण, व्यवहार र व्यवस्थामा के कस्ता सुधारहरू ल्याउनुपर्छ भनेर जनतालाई प्रशिक्षित गर्दै देशमा सामाजिक क्रान्ति गरेका कन्फ्युसियस विश्व प्रसिद्ध दार्शनिक हुन् । उनी आफ्नो जीवनकालभरि गरिब, दुःखी भएर गरिब जनताहरूको पक्षमा लागेर सामाजिक क्रान्ति सफल पारेका रहेछन् । उनको मृत्युपश्चात उनका नातीले बाजेको कृतिलाई सन्सारभरि फिँजाएर आफ्ना पुस्तालाई राजकीय सम्मान प्राप्त भएको कुरा चिनियाँ सहयोगी मित्र रबिन लिरे र रूवानले हामीलाई जानकारी गराउनुभयो । नातीको पालाका राजाले कन्फ्युसियसको पुस्तालाई राजकीय सम्मानकासाथ ठुलो एरियाभित्र सुख सुविधा सम्पन्न दरबार प्रदान गरेका रहेछन् । रबिन भन्दै थिए, 'कन्फ्युसियसले धेरै दुःख र सङ्घर्ष गरेर हाम्रा लागि सुखी व्यवस्था ल्याइदिएका छन् । हामी कन्फ्युसियसप्रति आभारी छौं ।'

चिनियाँ सहयोगीका भावविभोर मुहार सहितको यो कुराले म पनि भावविभोर बनें । कन्फ्युसियसप्रति मनमा श्रद्धा उम्लियो । मनमनै श्रद्धाका फूल अर्पण गरें । विश्वमा महान विचारक, दार्शनिक, विद्वानका ज्ञानको विशेष महत्व हुने गर्दछ । उनीहरूलाई विश्वले चिन्छ । उनीहरूको ज्ञानले विश्वजगत र मानवीय जीवन परिवर्तनका लागि ठुलो सहयोग पुऱ्याएको हुन्छ । नेपालकै गौतम बुद्ध विश्व प्रसिद्ध छन् । यस्ता महान दार्शनिकमध्ये कन्फ्युसियस पनि एक हुन् । कन्फ्युसियसको भनाइ रहेछ, 'त्यो काम रोज जुन तिमीलाई हृदयदेखि नै मन पर्दछ, त्यसपछि तिमीलाई जिन्दगीभर एक दिन पनि काम गर्नुपर्ने छैन ।' आहा कति राम्रो कुरा जुन मेरो जीवनमा लागू पनि भएको छ । मैले अहिलेसम्म जति पनि काम गरेको छु ती सबै मन पराएर मात्रै गरेको छु ।

यस्ता महान दार्शनिक

कन्फ्युसियसको बारेमा म अनभिज्ञ नै थिएँ । अहिले चीनमा आएर कन्फ्युसियसको बारेमा नजिकबाट यतिका धेरै कुरा जानकारी पाइरहँदा मैले आफूलाई भाग्यमानी ठानिरहें। यहाँ आउने मौका जुराइदिनु हुने हाम्रा वरिष्ठ साहित्यकार रामबाबु सुवेदीप्रति आभारी छु । विशेष त भगवानलाई धन्यवाद दिन चाहन्छु । साथै सोही दिन साहित्यकार रामबाबु सुवेदीले कन्फ्युसियस सम्बन्धि मिठा शब्द समेटिएको गीत रचना गर्नुभयो । कर्णप्रिय स्वरमा सुनाउनु पनि भयो। कन्फ्युसियसको दरबार, मेमोरियल सेरेमोनिका झलकका साथै उक्त गीतका शब्दहरू मैले अहिले पनि सम्झिरहेको छु,

'हे कन्फ्युसियस ! तिमीलाई भेट्न आएँ म हानिँदै,
क्युफुलाई प्युन हाँसेर जिउँन बेगले तानिँदै .....।' ♦

कविता

तिम्रो मुटु दुखेन र ?

✍ उद्धव प्रसाद प्याकुरेल

बचेरा गुडँमा च्याँ च्याँ, आमा खोजी कराउँछन्
बेसहारा भयौं भन्दै, रूँदै काम्दै डराउँछन्
आमाको ममता खोस्दा, तिम्रो धर्म सुकेन र
चरीले आँसु पोख्दा, तिम्रो मुटु दुखेन र ?

मेघ उठी अकाशैमा, पानी पर्दा कठैबरी
हावा हुरी चली आयो, बस्लान् ती कसोगरी
बचेराको बिलौनामा, गुलेली त्यो रूकेन र
चरीले आँसु पोख्दा, तिम्रो मुटु दुखेन र ?

भोकै छटपटाए ती, चारा खोज्न न सक्दछन्
आँ आँ मुख गरी खोजे, खानेकुरा न भेट्दछन्
बचेराको छ चित्कार, त्यो हृदय टुटेन र
चरीले आँसु पोख्दा, तिम्रो मुटु दुखेन र ?

त्यो मट्याङ्ग्रा गई बर्ज्यो, चरीका आँसु बर्बर
देह टुट्यो कठै चरी, बचेरा च्यार्र धर्धर
मनुष्य जन्म कस्तो यो, दया माया चुकेन र
चरीले आँसु पोख्दा, तिम्रो मुटु दुखेन र ?

बचेरा ती चरीका भैं, तिम्रा सन्तान छैन र
साहारा जति त्यो माया, के तिम्रो चाहिँ हैन र
मान्छे दानी दया खानी, शिर उँधो झुकेन र
चरीले आँसु पोख्दा, तिम्रो मुटु दुखेन र ?

कथा

भगेलीको देउता

✍ प्र.स.नि मनिष अर्याल

अब त पानी पनि निल्न गाह्रो हुन्छ होला माइजु, बिन्ति छ अब रून बन्द गर्नुहोस्, हेर्नुस् दैवको लिला हो, न तपाईंको केही चल्छ न हाम्रो नै यो बाबुको आयु नै यति नै रहेछ त हाम्रो के लाग्छ ? यसको लागि संसारको ढोका खुल्नै नपाईकन बन्द हुन लेखेको रहेछ त हामीले बिस्मात गरेर मात्रै के काम र भनेको ? निकै भावविह्वल ल त्यो माहोलमा सायद मैले भन्न सक्ने त्यही त थियो ।

यो दिन यसरी त्यहाँको माहोल त्यति उराठ लाग्दो भईरहँदा मलाई त्यहीं दिनको सम्झना आयो जुन दिन माइजु पहिलो पटक हाम्रो मामाघरमा बुहारीको रूपमा भित्रिनु भएको थियो । म भर्खर चार वर्षको थिए । छुट्टि भयो कि म मामाघर पुगिहाल्थे कि त ममिलाई कर गर्थे कि त ड्याडिलाई मेरो जिद्धिपनाको अगाडि उहाँहरूको केही लाग्दैन थियो र मलाई मामाघर तर्फको बस चढाइ हाल्नु हुन्थ्यो । सधैं संयोग मिल्ने कुरा त के हुन्थ्यो तर बसमा मामाघर नजिकै पुग्ने कोही न कोही भेटिएकै हुन्थ्यो । हुन पनि चावहिलबाट सुन्दरीजल सम्म पुग्न पर्ने मामाघर वरपरको छरछिमेकका मामाहरू सबै जना जागीरे नै हुनुन्थ्यो । अफिसबाट घर जाने क्रममा कोही न कोही त भेटिएकै हुन्थ्यो । फेरि म काखमा निकै ज्ञानी भएर बस्ने अनि नपिराउने बच्चामा पर्थे सायद । यही कारणले गर्दा पनि होला, जसले पनि राधिकाको छोरा भनेपछि निकै नै माया गर्ने । मोटो मोटो अनि पुक्क पुक्क गाला सबैले कति राम्रो बच्चा भन्थे रे। गाडीबाट झर्ने बित्तिकै म कसैसँग नबोलिकन मामाघरको लागि कुदिहाल्थे। मामा पसलबाटै म आएको देख्ने बित्तिकै कुदेर मलाई लिन आउनु हुन्थ्यो । घरमै किराना पसल भएकाले मामाले मलाई जुन मन लाग्छ त्यो चकलेट पहिला खान भन्नु हुन्थ्यो र म पनि सधैं डेरी मिल्क चक्लेट पहिला लिएर खादैं ममिले झोलामा हालिदिनु भएको पापा लिएर कुद्दै

हजुरबा हजुरआमाको मा पुगिहाल्थ्ये । खै खै मेरो नातीले के लेराएछ भन्दै मेरो हजुर बुबाले मलाई बोकी हाल्नु हुन्थ्यो । ल फेरी नाती आज पनि आउने बित्तिकै हजुरबाले नै पहिला बोक्नु भयो, अब नाती बोकेर चिया पसल त जानी होलान् नि बुढा भन्दै हजुरआमा कराइ हाल्नुहुन्थ्यो । हुन पनि म हजुरबुबाले मलाई चिया पसलमै टन्न खाने कुराहरू खुवाएर सबैलाई हेर, मेरो नातीले कति मिठो गीत गाउँछ भन्दै गाउन लगाउनु हुन्थ्यो । म पनि त्यो बेलामा चलेको गीत "जाई फुलको बासना नबोले नि हासीं राख न" भन्ने गीत गाएर सबैलाई मन्त्र मुग्ध बनाउथे, अनि हजुरबाले सधैं मलाई आफ्नो गालाको छेस्को दाह्री दलिदिनु हुन्थ्यो र म रिसाई हाल्थे । यो नाती पनि अचम्मको छ, मैले दाह्री दलिदियो की मलाई घुरेर हेर्छ भन्दै सुम्सुम्याउनु हुन्थ्यो । बेलुकी कतिखेर बासँग म चिया पसलबाट फर्किन्छु र मलाई काखमा राखौला भनेर हजुरआमा कुरेर बस्नु भएको हुन्थ्यो । "आ फेरि निदाएछ आज पनि नातीसँग खेल्नै पाइएन, यो बुढाले गरेर, जा न त छोरीको मा एक महिना बस्नि गरी मज्जाले नाती खेलाएर बस भइगो त, हजुरबाले सधैं नै यहि भन्नु हुन्थयो । मिल्ने भए त जान्थ्ये तर छोरालाई भात पकाएर कसले खुवाउँछ नि ? आमा र बाले यो वाक्य नबोलेको कहिले नि हुन्न थियो। छोराको बिहे गर्दिन पऱ्यो भनेको मान्नु छैन लाठे छोरा खाली पसल चलाएर मात्रै बस्ने भो घरजम गर्छु नि भन्दैन त के गर्नु । बुहारी ल्याई दिन पाए नि मेरो बोझ त कम हुन्थ्यो आमा सधैं यहि नै भन्नु हुन्थ्यो । बिहान हुने बित्तिकै मामा मलाई म सुतेको ठाउँमा लिन आइहाल्नु हुन्थ्यो र म आमाले बनाइदिनु भएको चिया र बिस्कुट खाएर पसलमा दगुर्दै जान्थे। मामा भन्दा म पहिला भन्दै, जाने बित्तिकै पसलबाट ममीलाई फोन थिच्थे अनि ल बाबु अब भोलि देखि चाहीं स्कुल लाग्छ बेलुका मामासँग आउ है भनेर फोन राखिदिनु हुन्थ्यो ममीले । मामाले मलाई पसलमा बस्दा जतिनै चक्लेट खाए पनि केही भन्नु हुन्थेन, दातँ बिग्रिन्छ धेरै चक्लेट नदे है नातीलाई भन्दै हजुरआमाले मामालाई भनिरहनु हुन्थ्यो । भोलिबाट स्कुल लाग्छ रे भान्जालाई आजै ल्याइदिनु भनेर दिदिले भनेकी छे, म बेलुका दिदिको मै जान्छु अनि बिहान पसल खोल्न आइपुग्छु है आमा भनेर मामाले भन्दा हजुरआमाले मलाई काखमा बोकेर घर लानु हुन्थ्यो र झोला भरी टन्नै खानेकुरा हालेर पठाउनु हुन्थ्यो । नातीलाई बाको बढी माया लाग्छ कि

आमाको भनेर सोध्दा म जो नजिक छ उसकै भन्ने गर्थे र बा आमा निकै नै हाँस्ने गर्नु हुन्थ्यो । हुन पनि छोरीको छोरा झोलीको देउता भन्ने चलन थियो । लामो बिदा भएपछि धेरै बस्ने गरी आऊ है नाती भनेर आमाले भन्दा म पनि गहभरी आँसु राखेर तोते लवजमा हुन्छ भन्थे । म मामासँग घर फर्किन लाग्दा आमा सधैं नै रूनु हुन्थ्यो । बा चाहीं मामाको मोटरसाइकल सम्म मलाई छोड्न आउनु हुन्थ्यो । बिस्तारै मामाको बिहेको कुरा चल्यो मामाघर गएको बेलामा आमाले मलाई धेरै केटीहरूको फोटो देखाउँदै कुन राम्री कुन राम्री भन्दै सोध्नु हुन्थो । मैले नबुझिकन अन्दाजमा छानेको फोटोनै आमालाई पनि मन परेको रहेछ । मैले छानेको तस्बिरको माइजु धादिङको हुनुहुँदो रहेछ ।

विवाह पक्का भयो, अब हामी जन्त जान पर्ने भयो । ल अब भने भान्जालाई माया गर्ने माइजु आउने भइन्, झोलीको देउताले छानेको नराम्रो चाहीं हुन्नन है, ठुलो हजुरबाले त्यसो भनि रहँदा म चाहीं आफूलाई भगवानै रहेछु कि क्या हो भन्ने लागेर म आफूलाई चार हात खुट्टा भएको सम्झन्थे । मामाघर आए पछि म घर पनि भुल्थे । घरबाट ममीले फोन गर्दा समेत को बोल्या भनेर चिन्दा पनि चिन्दिनथे। मेरो बाबा ममी दुवै जना डाक्टर भएर नि होला घरमा पनि म एकसाथ बाबा ममिसँगै बस्न पाएको हुन्थिन र त मेरो लागि मामाघर निकै प्यारो भएको हुनसक्छ । म घरमै निदाइरहेको थिए, ममीले मलाई बोकेर गाडीमा हाल्नु भयो । बाबाको आफ्नै कार भएकोले बाबा आफैं पनि चलाउनु हुन्थ्यो । अनि केही खान दियौ कि त्यसै ल्याएको बाबुलाई बाबाले ममीलाई प्रश्न गर्नुभयो । हैन दुध तताएर ल्याको छु हजुर गाडी चलाइस्यो, म बाटोमा जादाँ जादैं खान दिन्छु, हैन बरू ढिला होस् पहिला खुवाउ, अनि मात्रै जाउला बाबा ममीलाई कराउदैं हुनुन्थ्यो । हामी मामाघर नै पो जादैं रहेछौ। मामाघर पुगेपछि थाहा भयो त्यसदिन मामाको बिहेको जन्ति जाने तयारी हुदैं रहेछ, ममीले मलाई मामाघर आइपुग्नै लाग्दा ढाकाको दौरा सुरू वाल लगाइदिनु भयो। मामाको र मेरो ड्रेस त उस्तै रहेछ सायद म बाबा ममिसँगै मामाघर गएको त्यो नै पहिलो दिन होला । बेहुला त मेरो नातीलाई देखियो आहा भन्दै हजुरबाले गाडीबाट म झर्ने बित्तिकै मलाई काखी च्याप्नु भयो ।

त्यसपछि मामाको काखमा बसेर हामी धादिङ तिर लाग्यौ । सबैको नजर त्यो सानो बच्चो जसले बेहुलाले जस्तै लुगा लगाएको छ उसमा पऱ्यो।

सानो मान्छे चिटिक्क कपडा सायद सबैलाई म निकै मन पऱ्यो । मामा यज्ञमा बस्दा पनि म मामाकै काखमा गएर बसे । माइजुले पनि मलाई लिनु भयो काखमा । पहिलो भेटमै म माइजुको प्रिय पात्र बन्न पुगेछु । अद्वेत मामा माइजुलाई पुजा गर्नपर्छ मामासँग बेल्का बस्ने नि हस्, ममीले मलाई मामाको काखबाट निकाल्नु भयो । हामी नाच्दै नाच्दै बिहेपछि घर फर्कियौ ।

बिस्तारै दिनहरू बित्तै गए । म पनि चार वर्ष पूरा भएर पाचँ वर्षको भए । मेरो जन्म दिन मनाउन हजुर आमा, हजुरबाबा, मामा माइजु सबै जना हाम्रो घरमा आउनु भएको थियो । बाबाले र ममीले अफिसबाट साथीहरू नि बोलाउनु भएको थियो । जन्म दिनकै दिन म परीक्षामा प्रथम भएको थिए, सायद त्यो कुराले नि झन उल्लास बनायो । इन्जिनियर मामा माइजुको भान्जा, डाक्टर बाबा ममीको छोरा पढाइमा नराम्रो हुने कुरै भएन नि हजुरबाले जुङ्गा बटार्दै भन्नु भयो । पेशाले इन्जिनियर भए पनि मामाले घरको सबै काम गर्नुहुन्थ्यो । माइजुलाई नि सघाउनु हुन्थ्यो । माइजु पनि दुई जिउकी भईसक्नु भएको थियो । बर्थडेको केक माईजुलाई बढी देउ है, माइजुले के पाउने हो भन त ? आमाले यसो भनेर सोधी रहँदा म सधैं भाई पाउनु हुन्छ भन्थे । सायद पुरानो जमानाको भएर होला हजुरआमा र हजुरबालाई छोराबाट नि नातीनै चाहिएको थियो । छोरी ज्वाईनै डाक्टर छन्, त्यही नि पेटमा के छ भन्दैनन् भनेर भनि रहँदा बाबाले, किन हतार गरिस्या बुबा ? अब केही दिनमा त आइहाल्छ नि भन्नुहुन्थ्यो ।

माइजुको डेलिभरी टाईम नजिकिनै लाग्दा म गर्मी बिदामा मामाघर गएर बस्थे, माइजु दुई जिउकी भए पनि खाली जतिखेर नि मसँगै खेलिरहनु हुन्थ्यो । हिँड्नै नसके पनि मसँग पसल जानु भई मलाई खानेकुराहरू किनिदिनु हुन्थ्यो । म कहिले काहीं त्यसै रोए भने उहाँ पनि मसँगै रूनु हुन्थ्यो । सायद मैले मेरो आफ्नै ममीबाट भन्दा बढी माया माइजुबाट पाएको थिए । म उहाँसँगै सुत्ने, सँगै उठ्ने गर्थे । म माइजु सँगै हुदाँ माइजुले खाली भन्नु हुन्थ्यो, मेरो कोखबाट छोराछोरी जे जन्मिए पनि भान्जा जस्तै जन्मिए हुने भनेर ।

त्यसदिन मलाई बिहान आमाले उठाउन आउनु भयो, म अचम्ममा परे। माइजुसँगै सुतेको थिए । आमा मात्रै हुनुहुन्छ घरमा त । त्यस दिन माइजुलाई ब्यथा लागेको भएर हजुरबा र मामाले बेलुकै अस्पताल लैजानु भएको रहेछ ।

आमाले मलाई उठाएर दुध र बिस्कुट खान दिनुभयो । मैले माइजु खोई भनेर सोध्दा, आमाले माइजुलाई अस्पताल लगेको छ भन्नु भयो । मेरो बाबा ममी डाक्टर हो माइजुलाई छिट्टो घर पठाइस्यो भन्दै, म फोन भएको तिर कुदे । आमाले रोक्नु भयो । उहाँको गहभरी आँसु थियो । मलाई आमाले यसरी च्याप्नु भयो मानौ आमाको लागि म नै एउटै साहारा बचेको छु । खासमा त्यो दिन माइजुको पेटबाट जन्मेको बच्चाले यो संसारको हावामा श्वास लिन सकेको रहेनछ । संसार भित्रिन नपाइकन मरिसकेको रहेछ । कुरा बुझेर भन्दा पनि हजुरआमा रोएको देखेर म पनि रून थाले । सबै कर्म सकाएर संसार सिद्धिएको जस्तो मुहार लिएर मेरो मामा मेरी माइजुलाई जसोतसो सम्झाउदै ल्याउदै हुनुन्थ्यो। सिङ्गो पृथ्विनै त्यो दिन आधा लागेको थियो । सिसा टुक्रे जसरी मामा घरको खुसी टुक्रियो । मलाई अझै याद छ त्यसरी भाव बिहोल हुदाँ पनि घर आएको केही क्षणमै माइजुले मलाई काखी च्याप्दै सोध्नु भयो भान्जालाई भोक लाग्यो कि ? सबै बुझे जसरी मैले माइजुलाई बोतलको पानी दिंदै भने माइजु पानी लिनुहोस् । सायद मेरी माइजु जस्तो सबै महिला चित्त बुझाउन सक्ने भए संसारमा दुःखले लामो समय व्यतित गर्नै सक्थेन होला। आफ्नो आधा अंग काटिएको दिन पनि माइजुले देखाएको हिम्मत र सहानुभूतिले मामा घरमा मेरी माइजु लक्ष्मी नै हुन भन्ने प्रतित गरायो । ♦♦♦

गजल

✍ **युगीन रेग्मी**

रित्तै आयो एक दिन फेरि रित्तै जान्छ मान्छे
दिर्घजीवी आफूलाई सधैं किन ठान्छ मान्छे

यो तेरो यो मेरो भनी जति भागबण्डा गरे पनि
आफूसँगै धन सम्पत्ति भन को लान्छ मान्छे ?

अरूले चोट दिंदा आफ्नो मुटु दुख्नेले पनि
जानीजानी अरूलाई किन बाण हान्छ मान्छे ?

भोक, प्यास, छट्पटीको आफूमा अनुभव हुँदाहुँदै
कुकुरले भै किन एक्लै फेरि खान्छ मान्छे ?

काम गर्दा आफ्ना हात खुट्टा नचल्नेहरूले पनि
चल्नेहरूका हात खुट्टा पनि किन तान्छ मान्छे ?

लघुकथा

सम्बन्ध

✍ **टिकाराम दुलाल**

म बलेको कोइलो समेत मुखमा लुकाउन रूचाउछु, तर उनी उडेको भिल्को समेत माइत पुऱ्याउछिन् ।

सायद मेरो पनि उनको जस्तै माया गर्ने भाइ भईदिएको भए भाइलाई पिडामा छु म भनेर सुनाउथे होला । तर मेरा दाजुभाइ दुवै भएता पनि अंशमा लडाइ गर्दै आमाको नाक कानको गहना पनि बुबाले बेचिसक्नु भयो होला भनेर पिर गर्ने गर्दछन् । मेरो छेउमा ठुलो कान्छो भनेर आमा आउदा पनि कतै मिठो मिठो खाने कुरा कि त पैसा लुकाएर दिनु भयो की भनेर छड्के आँखाले हेरिरहन्छ मेरो भाई । अनि म कसरी सुनाऊ मनका कुरा, सायदै म छोरी भएर जन्मिएको भए मेरो गनगन सहने नजिकको मान्छे पाउने थिए । एक छिन रिसाए पनि फेरि मन फर्किए पछि, मलाई माया गर्ने मान्छे त पाउने थिए । कुनै गुनासो भए बाबाआमा तिमीहरूले पठाएको घरमा म खुसी छैन भनेर आँसु त देखाउन पाउने थिँए । आफूलाई धेरै तिरबाट सुरक्षित भएको आभाष त लिन पाउने थिए तर म छोरो मान्छे हुँ साउनका भेलहरू आए पनि मैले माछा मार्नेले माछा पाउने आशमा दुवाली थुने भै मेरै अन्तस्करणमा कुनै बेला मेरो पनि दिन आउने छ भन्दै भिनो आश लिएर सदासदाको लागि मेरा दुःख र आँसुका दुवालीहरू थुनेर राख्नु पर्नेछ । मझेरीमा पल्टेर यस्तै विचारका शब्दहरू ठेलमठेल गरेर मनमा मडारिदै म सुस्ताउदै थिए । यतिकैमा कोकिल स्वरमा स्पन्दन भंग हुने गरी आवाज सुने, "बाबा" छोरीले बोलाकी रैछिन् । हातले छेउमा डाके र सोधे, मेरी गुडियालाई के भयो ? न्याउलीले गीत गाए भै, जति सुनौ अझै सुनौ सुनौ लाग्ने भर्खर दुई वर्ष पुगेकी छोरीले जिज्ञासु पाराले बोलीन्, "बाबा ऊ पारी डाडाँबाट आकाश छुन सकिन्छ हो ?"

थाहा छ मलाई आकाश र धर्तीको समागम हुने कुनै बिन्दु छैन भनेर तर छोरीलाई तथ्य र कारण सबै चाहिन्छ । उसको मन नभरिउन्जेल प्रश्न माथी प्रश्न गरेर हैरान पार्छिन् । मलाई थाहा छ त्यो क्षितिज र मान्छेका सम्बन्ध सबै उस्तै

उस्तै हुन भनेर । बाहिरका मान्छेले टाढाबाट हेर्दा क्षितिज पनि आकाश धर्ती जोडिए झैं देखिन्छ । त्यस्तै गरी हाम्रा सम्बन्धहरू पनि खुसी र लोभ लाग्दो देखिन्छ तर न त क्षितिजमा यथार्थ छ न त मान्छेको सम्बन्धमा । फेरि आवाज सुने "बाबा भनिसो न !" मलाई झक्झकाउदै रैछिन् छोरी । त्यो डाँडा र आकाश जोडिए जस्तो देखिएको मात्र हो छोरी, त्यस्तो देखिने ठाउँलाई क्षितिज भनिन्छ । आकाश छुन सकिदैन भनेर उत्तर दिंदा पनि छोरीको जिज्ञासा मेटिएन । छोरीलाई सम्झाउन मैले सकिन् ।

क्षितिज र आमा उस्तै हुन्, हेर्दा आकाश जमिन जोडिए जस्तै देखिनेलाई क्षितिज भनिन्छ । हेर्दा हाँसिरहेको खुसी देखाउने खुसी दर्साउने मान्छेलाई आमा भनिन्छ । छोरी सानै छिन कसरी बुझाउ मैले, जति क्षितिज खोज्दै जाऊ उति अर्को क्षितिज देखा पर्नेछ । त्यस्तै घरका सबै कुरा आमालाई थाहा भएर पनि थाहा नपाई दिएको नाटक गर्नु हुन्छ । उनलाई थाहा छ जमिनको भाग बण्डामा म पर्दिन भनेर तर पनि जेठो कान्छो, ठुलो कान्छो सबैलाई बराबर माया दिनु हुन्छ । आमाले पनि मेरो छोरीले क्षितिज खोजे झैं हामी सन्तानमा र सम्बन्धमा मायाको बोक्रेनै भए पनि सही क्षितिज खोज्दै हुनुहुन्छ । थाहा छ जति माया म छोरीको गर्छु त्यसको लाखौं गुणा माया मलाई मेरो आमाले गर्नु हुन्छ । तर पनि म श्रीमतीको रिस आमालाई पोख्छु । यो संसारमा कोही पनि खुसी छैनन् तर खुसीको क्षितिज सिर्जना गरेर बाँचिरहेका छन् तर मैले क्षितिजको परिभाषा छोरीलाई बुझाउन सकिन अनि भने छोरी तिमी सानै छौ पछि बुझ्ने छौ ।

रिसाएर हेर रिसाइ दिन्छ, हाँसेर हेर हाँसी दिन्छ, नौटङ्की गर उसै गर्छ। त्यो ऐनासँग जे गर्छौ उस्तै परावर्तन गराई दिन्छ । सम्बन्ध पनि यस्तै हो जति बुझ्न खोज्छौ उति बिग्रन्छ तर जति थाहा पाएका नराम्रा कुरा लुकाई दिन्छौ र राम्रा कुराको प्रशंसा गर्छौ उतिनै सम्बन्ध मौलाउछ । मेरो सुनाउने कोही नभएर के भो सबैको गुनासो सुनी दिने म छु । तातो पानीले घर डङ्दैन, दुम्सिलाई जस्तो धुवाँ लगाएर मान्छेलाई कुरा लगाएर बाहिर निकाल्न सकिदैन । यस्तै सोच्दै थिए। आवाज आयो "ए बुढा चिया खान आऊ चिया मसला हालेर पकाको छु । आमाबुबा, दाइभाइ छोरी सबैलाई दिई सके तिमी भने मझेरीमा पल्टेर बसेका छौ" । बुढीले चिया खान भान्सामा बोलाई, आखिर रिसाउदा पो महाकालीको रूप लिन्छे त, बुढीलाई मेरो माया त लाग्छ नि यहि ल्याएर दिन पनि त सक्थि तर सबै यतै हुनुहुन्छ भनेर मलाई भित्रै बोलाई केही त खाट्टि कुरो छ भन्दै मनमा कुरा खेलाउदै किचन तिर लागे म पनि ।♦

बालकथा

सफासुग्घर

✍ अरुण खत्री 'नदी'

सुगम र महेश एउटै स्कुलमा एउटै कक्षामा पढ्दथे । उनीहरूको घर धेरै टाढा थिएन । सुगमको घरबाट महेशको घरमा बिस्तारै हिँडेर जाँदा पाँच मिनेटमा पुग्न सकिन्थ्यो । सुगमलाई आफ्नो घरको वरिपरी सफा सुग्घर गर्न मन लाग्थ्यो । आफूले लगाएको लुगा फोहर भयो भने सफा लुगा लगाउने गर्दथ्यो । कहिलेकाहीँ उसले लगाएको लुगा आमाले धुन भ्याउनु भएन भने आफैँले लुगा धुने गर्दथ्यो । उसलाई आफ्नो घरको अगाडि आँगनमा गमलामा फूल रोप्न पनि ठुलो इच्छा लाग्थ्यो । फूलका बिरूवाहरू बाहिरबाट ल्याएर गमलामा माटो राखी फूल आफै रोपेर घरको आगनमा सजाउने गर्दथ्यो ।

महेशलाई भने सफा हुन मन लाग्दैनथ्यो । उसलाई कहिलेकाहीँ नुहाउन पनि अल्छी लाग्थ्यो । कहिले त महिनामा एक पटक कहिले महिनामा दुई पटक सम्म नुहाउने गर्दथ्यो । धोएर राखेको लुगा लगाउन पनि महेशलाई गाह्रो लाग्दथ्यो । एउटै स्कुलमा एउटै कक्षामा उनीहरू पढ्ने हुँदा प्रायजसो सँगै कुराकानी गरेर स्कुल जान्थे र सँगै स्कुलमा छुट्टी भएपछि घर फर्कने गर्दथे ।

सुगमलाई आफ्नो घरको वरिपरी कसैले चुरोट खाएर फालेको चुरोटको ठुटा, खैनीको खोल, चकलेटको बोक्रा देख्यो भने टिपेर फाल्न मन लाग्थ्यो र आफैले भुइँमा देखेको फोहर टिपेर फोहरको डस्टबिनमा राख्ने गर्दथ्यो । नगरपालिकाबाट फोहरको गाडी उसको घर अगाडि लिन आएको थाहा पाएपछि आफैले लगेर फोहर फाल्ने गर्दथ्यो । घरमा आमालाई आफैले कुचोले फोहर बढारेर सघाउने पनि गर्दथ्यो ।

एक दिन महेशले सुगमलाई उसको घरमा बोलायो । आफूसँग पढ्ने साथीले बोलाएपछि सुगम महेशको घरमा पुग्यो । महेशको घरको बाहिर आँगनमा फोहर देखेर सुगम छक्क पऱ्यो। महेशले घरमा त कुचो पनि लगाउने गर्दैन कि उसले मनमनै भन्ठान्यो । महेशलाई तिम्रो घरमा कुचोले बढार्दैन कि भनेर सोधु कि नसोधु होला भनेर एक छिन

अलमलियो । एकछिन पछि सुगमले महेशलाई कुराकानी चालिरहँदा "महेश तिम्रो घरमा कुचोले कसले बढार्ने गर्छ नि" भनी प्रश्न गऱ्यो । "मेरो घरमा आमाले बढार्ने गर्नु हुन्छ सुगम" महेशले भन्यो । आज तिम्रो आमाले बढार्न बिर्सनु भएको हो कि, तिम्रो घरको बाहिर फोहर छ नि सुगमले भन्यो । "मेरो आमाले सधैं बढार्ने गर्नु हुँदैन । कहिलेकाहीं मात्रै बढार्ने गर्नुहुन्छ" महेशले भन्यो । "तिम्रो आमाले किन सधैं बढार्ने गर्नु हुँदैन महेश" सुगमले भन्यो । "खै किन बढार्नु हुँदैन मेरो आमाले मलाई थाहा छैन" महेशले भन्यो ।

"तिम्रो आमाले कुचो लगाउन नभ्याउनु भएको दिनमा तिमीले बढारेर आमालाई सघाई दिए पनि हुन्छ नि । तिमीले स्कुलमा पढ्न जाँदा लगाउने लुगा पनि धेरैजसो फोहर देख्छु मैले" सुगमले भन्यो । आफ्नो छोरा र छोराको साथी बीच कुराकानी चलिरहँदा महेशको आमाले चिया र बिस्कुट लिएर आइपुगिन् । महेशले आमासँग "आमा तपाईंले किन हाम्रो घरमा कुचोले सधैं बढार्ने गर्नु हुँदैन" भनेर सोध्यो । "सधैं किन बढार्नु पऱ्यो र छोरा घरमा फोहर भएको दिनमा मात्रै बढार्ने गरे भइहाल्छ नि" महेशको आमाले भन्नुभयो । "मेरो साथी सुगमले त उसको घरमा सधैं बढार्ने गर्छ । उसले त उसको आमाले बढार्न भ्याउनु भएन भने आफूले बढारेर आमालाई सघाउने गर्छ रे" भन्यो । महेशले "आजैदेखि म कुचोले बढार्न सुरू गर्छु तिम्रै अगाडि" भनेर आमासँग कुचो मागेर आफैले सुगमकै अगाडि बढार्न थाल्यो । घरको आगनमा भएका फोहरहरू सबै बढारेर एउटा प्लाष्टिकको थैलोमा राख्यो । सुगमले "फोहर राख्ने एउटा डस्टबिन पनि आजै किन महेश" भन्यो । "अहिले तिमीलाई मैले तिमी घर फर्कने बेलामा पसलसम्म पुऱ्याउन जाँदा किनेर ल्याउछु नि त" महेशले भन्यो । सुगम महेशको घरमा करिब दुई घण्टा जति बसेर "तिमी पनि एक दिन मिलाएर मेरो घरमा आउ है महेश" भन्यो । "हुन्छ म अहिले तिमीलाई बाहिरसम्म पुऱ्याउन पनि जान्छु र एउटा फोहर राख्ने डस्टबिन पनि किनेर ल्याउछु" भनेर सँगै निस्के ।

सुगमको सुझावलाई राम्रै मानेर महेशले हप्तामा दुई/तीन दिन नुहाउने र आफूले लगाउने लुगा फोहर भयो भने पनि धोएर राखेको लुगा फेर्ने गर्न थाल्यो । उसलाई घरको वरिपरी दिनहुँ सफा गर्न मन लाग्न थाल्यो। एकदिन स्कुलमा बिदा हुँदा आज म सुगमको घर गएर आउछु है आमासँग भनेर महेश सुगमको घर गयो । सुगमको घरमा पुग्नासाथ घरको

अगाडि आँगनमा गमलामा फूलहरू रोपेर फूलेको र फोहर कत्ति पनि नभएको हुँदा साह्रै खुसी मान्यो । मेरो साथी सुगमलाई फूलको पनि ठुलो सोख रहेछ फोहर भनेको पटक्कै मन पर्दो रहेनछ मनमनै भन्ठान्यो महेशले । सुगमसँग कुराकानी चल्दै गर्दा "तिम्रो घरमा त कति सफा रहेछ नि सुगम फूल पनि कति राम्रा रहेछन् कस्तो मिठो बास्ना आएको फूलको म पनि तिमीले जस्तै गमला किनेर फूल रोप्छु अबदेखि सुगम" महेशले भन्यो । "हामी फोहरी कहिल्यै हुनुहुँदैन नि महेश । हामी फोहरी भयौं भने घरको वरिपरी फोहरै फोहर गर्यौं भने हामीलाई रोग पनि लाग्छ नि" सुगमले भन्यो । "हो सुगम हामीलाई स्वास्थ्य पढाउने सरले हामी सधैं सफासुग्घर बन्ने गर्नुपर्छ भनेर पढाउनु भएको पनि थियो नि" महेशले भन्यो ।

♦♦

कविता

मैले म बन्नु छ

✍ **उमेश अवस्थी**

मलाई यो जीवनसँग कुनै गुनासो छैन्
किनकी जीवन नपाएर मरेका पनि
धेरै छन यहाँ
र मलाई जीवन पाएर पनि
लास बन्नु छैन, म त एउटा आत्मा हुँ ।।

मलाई कुनै संसार जित्नु छैन
किनकी संसार जीतेर पनि
आफुसँग हार्नेहरू धेरै छन यहाँ
मैले त बस ! एउटा नौलो बिम्ब
यो समाजमा छोड्नु छ ।।

म भित्रको, एउटा भावनालाई जन्माउनु छ
र एक मुक्त आत्माको शरीर बनाउनु छ
बस ! मेरो जीवनको आनन्दी यहीं हो
मैले कसैलाई जित्नु छैन
मात्र आफुलाई जित्नु छ
किनकी, अरूलाई जित्नका लागि
मैले अरू जस्तै बन्नु पर्छ ।।

म अरू जस्तो बन्नु छैन
यसैले म, म नै बन्न चाहन्छु
मैले म भित्रको भावनाको
एक शरीरलाई, म बनाउनु छ
मैले अरू केही गर्नु छैन
म त एक आत्मा हुँ
बस् मैले म बन्नु छ।।

कथा

दोस्रो पटक रोएको दिन

✍ प्र.स.नि बलबहादुर थापा मगर

उसलाई तेस्रो पटक विना लाइसेन्स बाईक चलाएको अवस्थामा भेटेको थिए । पहिलो पटक कोठामै छुटेको छ भनेको थियो । दोस्रो पटक पनि त्यही भनि झुट बोलेको थियो । यस पटक उसको बाईकलाई बिना लाईसेन्स अगाडि बढ्न नदिने जिकिरमा थिए । उसले जबरजस्ती गर्न खोज्यो । मैले बाईकको चाबी लिईदिए । उसले मेरो पेशाप्रति घृणित शब्दहरू बोल्न थाल्यो । सायद म पनि कन्ट्रोलमा रहन सकिन । केही झर्केर बोलिदिए । केहीबेर भनाभन भयो । उसको पछाडि बसेको साथीले भिडियो खिच्न थाल्यो । अतिनै गर्न थालेपछि अवोप्रान्त सवारी डकुमेन्ट सहित सवारी चलाउन अनुरोध गर्दै उनीहरूलाई छोडिदिए ।

भोलिपल्ट त्यही भिडियोका कारण मलाई कारबाहीका लागि स्पष्टिकरण माग गरियो । सत्यतथ्य जाँचबुझकै प्रक्रियामा रहेकोले मलाई डिउटीमा खटाईएन । मलाई स्पष्टिकरण पेश गर्न २४ घण्टे अल्टिमेटम आयो । मैले जे भएको हो ? सबै स्पष्टिकरणमा लेखेर पेश गरे ।

भोलिपल्ट मलाई चेतावनी सहितको सफाई पत्र बुझाईयो । म डिउटी जानको लागि तयार हुँदै थिए । कार्यालय प्रमुखज्यू प्रतिक्षालयमा आगन्तुकहरूसँग कुराकानी गर्दै हुनुहुन्थ्यो । डिउटी लिनको लागि केही समय बाँकी रहेकोले प्रतिक्षालय तिर लागे । मसँग केही दिन अघि वादविवाद गर्ने युवक पनि कार्यालय प्रमुखसँगै थिए । ऊ आउनुको कारण बुझ्न मन लाग्यो । कार्यालय प्रमुखलाई मर्यादाक्रमको अविभादन गर्दै सोही जिज्ञासा राखे ।

उहाँले मेरो जिज्ञाशा मेटाउदै भन्नुभयो, “भाईको लाईसेन्स रहेनछ । तरकारी किनेर फर्किदै गरेकी दिदीलाई ठक्कर दिंदा टाउकोमा गम्भिर चोट लागि मृत्यु भएछ । उहाँसँगै बाईकमा सवार साथी घाईते भई अस्पतालमै

उपचार भईरहेको छ । उहाँलाई कर्तव्य ज्यान केशमा मुद्धा दर्ता हुँदैछ ।"

मन एक्कासी अमिलो भयो । जुन दिन उसको बाईक नियन्त्रणमा लिन खोजेको थिए । त्यही दिन घटना घटेको रहेछ । त्यो दिन मैले उसलाई थप जबरजस्ती गरेरै उसको बाईक अगाडि बढ्न दिनु हुँदैनथ्यो । यति गरेको भए सायद यो घटना हुँदैनथ्यो । आफैप्रति आत्मग्लानी भएर आयो ।

म डिउटी जानै लाग्दा उसले मलिन स्वरमा म तर्फ ईङ्गित गर्दै "सरी सर" भन्ने शब्द बोल्यो । उसको सरी शब्दको प्रतिक्रियामा के भन्ने कुनै शब्द भेटिन । ठुलो गल्ती भईसक्यो । गल्ती क्षमायोग्य त पक्कै छैन । यसमा दोषी म पनि छु । मैले आफ्नो राष्ट्रको जनताको जीउधनको सुरक्षा गर्न सकिन । मन भावुक बनेर आयो । उसको नजिकै गए । टाउको मुसारे । उसको गालामा हात राखे । उसका आँखामा टिलपिलाएका तातो आँसुहरू मेरा हत्केलामा पर्न थाले । ऊ घुक्क घुक्क रून थाल्यो । उसको टाउकोलाई मेरो छातीमा टाँसे । उसङ्गै म पनि रोए ।

श्रीमतीले प्रहरीको जागिरप्रति वितृष्णा जगाउदै दुधे बालक र मलाई छोडेर गएकी थिईन् । त्यो दिन पहिलो पटक बेस्सरी रोएको थिए । आज दोस्रो पटक आत्मग्लानी र पिडाले पनि त्यसरी नै रोए । ♦♦♦

नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स. २०४३ कार्तिक ८ गते नेपाल प्रहरीमा कम्प्युटर प्रणालीको आरम्भ भई कम्प्युटर शाखाको स्थापना भएको थियो ।
- संयुक्त राष्ट्र सङ्घको अनुरोधमा नेपाल प्रहरी शान्ति स्थापना कार्यमा पूर्व युगोस्लाभिया तथा कम्बोडीयामा २०४८ सालदेखि खटिएको थियो ।
- वि.स. २०५० भदौ २५ गते लागूऔषध विरूद्ध पहिलो टोलीको तालिम समापन भएको थियो ।
- वि.स २०५२ असोज महिनादेखि प्रहरी दिवस मनाउने परम्पराको थालनी भएको हो ।
- वि.स २०४६ जेठ १३ गते देखि प्रहरी झण्डामा राष्ट्रिय झण्डा समावेश गरिएको थियो ।
- प्रहरी झण्डाको व्यवस्था २०११ सालमा भई वि.स. २०१२ सालदेखि लागु भएको थियो ।

सङ्कलनःप्र.ना.नि. संगीता कार्की

इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३६ साल अङ्क,२ को **त्रैमासिक पुलिस प्रकाशन**मा प्रकाशित प्रहरी नायव उपरीक्षक कृष्ण भक्त श्रेष्ठद्वारा लिखित **'केरकार'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– *सम्पादक*

अपराध बारेको बास्तबिकता वा जानकारी नपाएको तथ्य कुरा पत्ता लगाउन र त्यस्तो तथ्य सत्य हो होइन निरूपण गर्न सम्बन्धित व्यक्तिसंग कुशलतापूर्वक प्रश्नहरू सोधी आवश्यक उत्तर लिने कामलाई केरकार भनिन्छ ।

अपराध अनुसन्धानमा केरकारको ठूलो महत्व छ । जस्तोसुकै कठिनाई परेतापनि कुशल केरकारकर्ताले सफल केरकारद्वारा अपराध सम्बन्धी तथ्य पत्ता लगाउन सफल हुन्छ । केरकार एउटा जटिल समस्य भएको हुँदा सजिलोसंग सफलता पाउन सकिदैन तसर्थ कुशल केरकारकर्ता बन्न निम्न कुराहरूलाई ध्यान दिई केरकार गर्नु नितान्त आवश्यक छ ।

केरकार गर्ने स्थानः-

केरकार गर्ने स्थान वा कोठामा शान्त वातावरण भएको हुनुपर्दछ । केरकार गर्दा अभियुक्त वा शंकित व्यक्तिको ध्यान केन्द्रित गर्ने जस्तो फोटो, टेलिफोन, क्यालेण्डर सजावट आवाज इत्यादि भएको हुनु हुँदैन ।

केरकार गर्ने समयः-

अपराध हुनेबित्तिकै जुन व्यक्तिहरूको केरकार गर्नु पर्ने हो तुरून्तै केरकार गर्नु पर्दछ । चाँडो केरकार गरेको खण्डमा सम्झना ताजामै सत्य कुरा सबै भन्न सकदछ । ढीलो केरकार गरेमा धेरै कुराहरू सम्झन नसकी छुट्न जाने र मौका पाएको खण्डमा अन्य व्यक्तिहरूले पनि कुरा सिकाई सत्यको बदलामा झूठो बयान दिन सक्दछ । त्यसकारण केरकारकर्ताले राता-रात, भोक-प्यास नभनी तुरुन्त केरकार गर्न सकेमा सत्य कुरा चाँडो न चाँडो पत्ता लगाउँन सकिन्छ ।

राम्रो सम्झना शक्तिः-

केरकारकर्ताले आफ्नोतर्फबाट कुनै पनि प्रश्न गर्नु भन्दा पहिले अभियुक्त वा शंकित व्यक्तिले जे भन्न चाहेको छ भन्न दिई ध्यान दिएर सुन्नु पर्छ ।

सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू

अर्जुन शर्माको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जीवन भन्ने जीवनाथ देवकोटा, मुद्दाः- नक्कली नोट (ने.का.प. २०७६, अंक, ८ निर्णय नं.१०३४०)

अनुसन्धान गर्ने अधिकारीबाट तयार भएका कागजातहरू बाहेक कानूनी प्रक्रिया विपरित तयार भएका कागजातका आधारमा कसैका विरूद्ध अभियोजन गर्नु एक विश्लेषण र व्याख्याको विषय हुन सक्ला तर कानूनभन्दा बाहिर गएर गरिएको कार्यका विरूद्ध छुट्टै कानूनी प्रक्रिया अपनाउन आवश्यक हुन्छ । कुनै राजनीतिक दलसँग आबद्ध संगठन वा समूहले कुनै अपराधको अनुसन्धान गर्ने, कारबाही गर्ने, थुनामा राख्ने जस्ता कार्य गर्ने छुट नेपालको संविधान वा अन्य प्रचलित कानूनले नदिने ।

आन सिंह ठगुन्रूना रिरूद्ध नरेन्द्र सिंह ठगुन्रूना, मुद्दा-कर्तव्य ज्यान (ने.का.प. २०७५, अंक ७, नि.नं.१००५८)

आवेशप्रेरित हत्याको कुरामा तत्काल उठेको रिसको आवेगमा कुनै प्रतिक्रियात्मक कार्य गर्दा मानिसको मृत्यु भएको अवस्था हुन्छ । मृतकले गरेको कुनै कार्यको परिणामस्वरूप अभियुक्त तत्काल आवेगमा आई कसूरजन्य कार्य गर्न पुगेको अवस्था देखिनु आवेशप्रेरित हत्या ठहर हुनका लागि आवश्यक हुन्छ । मृतकले गरेको कार्यबाट आवेशमा आउने अवस्था थियो वा थिएन भन्ने कुरा Reasonable person standard बाट परीक्षण गरिनुपर्दछ । केवल मृतकको व्यवहार वा कार्यका कारणबाट आवेशमा आएर ज्यान लिएको हुँ भनी प्रतिवादीले गरेको जिकिरलाई नै आवेशप्रेरित हत्या भनी मान्ने निर्णायक आधारको रूपमा ग्रहण गर्न नसकिने ।

सङ्कलनःप्र.स.नि. जनक आचार्य

आफ्नी श्रीमती सन्ध्या चिन्तित अवस्थामा रहेको देखेर बाहिरबाट आएका श्रीमान्ले सोधेछन् ।

श्रीमान्ः- के भयो सन्ध्या ? तिमी निकै चिन्तामा छ्यौ जस्तो छ नि ?

श्रीमतीः-छोराले खेलाउँदा खेलाउँदै एक सुका निल्यो ।

श्रीमान्ः-भैगो छाडिदेऊ, चिन्ता नगर । आजकल एक सुकाको के नै आउँछ र ?

♦ ♦ ♦

श्रीमान् :मलाई चिट्ठा पऱ्यो भने तिमी के गर्छौ ?

श्रीमतीः के गर्नु नि आधा पैसा लिएर तिमीलाई छोडेर जान्छु ।

श्रीमान् : हो र ? मलाई चिट्ठामा सय रूपँया परेको छ, यो पचास रूपँया लिएर गई हाल ।

सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी